# नवप्रज्ञापन

पूर्णाङ्क : ११३, साउन–असोज २०८३

(वि.सं. २०५० सालदेखि निरन्तर प्रकाशित)

**सम्पादक/प्रकाशक**
डा. नवराज रिजाल

**अतिथि सम्पादक**
बोधराज पौडेल

**सह-सम्पादक**
प्रमोद पाण्डे

**प्रबन्ध-सम्पादक**
गणेशराज रिजाल

**आवरण**
रामकृष्ण भण्डारी

**लेआउट**
डीएन्डडी कम्प्युटर
सूर्यविनायक, भक्तपुर

**मुद्रण**
एपीएस प्रिन्टिङ प्रेस
अनामनगर, काठमाडौँ

**प्रदेशगत सहयात्री**

कोशी : हेमराज अधिकारी
बाबुराम पोखरेल

मधेस : रामप्रसाद अधिकारी
राजु अधिकारी
इशहाक हुसेन
सुनिलकुमार

बागमती : राममणि दुवाडी
बद्रीप्रसाद ढकाल
वसन्त रिजाल
जनार्दन खनाल
गगनदीप सर्व

गण्डकी : सदानन्द अभागी
मिलन समीर

लुम्बिनी : प्रा.डा. कपिल लामिछाने
डा. घनश्याम परिश्रमी
डा. हरिप्रसाद तिमल्सेना
डा टीकाराम उदासी

कर्णाली : मोतीराज बम

सुदूरपश्चिम : डा. पुष्करराज भट्ट
रमेश पन्त मितबन्धु

मूल्य : १००/-

कार्यालय: स्वाभिमानवस्ती महाकवि देवकोटा मार्ग जीतपुर–सिमरा उपमहानगरपालिका–१६ बारा,
मधेस प्रदेश, सम्पर्क : ९८५११३८६२४ (काठमाडौं), ९८५५०२४९५५ (बारा)
e-mail : nabapragyapan@gmail.com, website: nabapragyapan.com.np

## नवप्रज्ञापन परिवार

**वरिष्ठ सदस्य** : माया ठकुरी-ललितपुर, हृदयनारायण चौधरी-बारा, विश्वराज अधिकारी-पर्सा, वासुदेव अधिकारी-धादिङ, डा. पुष्करराज भट्ट- कैलाली, राजनप्रसाद सिलवाल-धादिङ, शिवकुमार धिताल-धादिङ, बद्रीप्रसाद ढकाल-काठमाडौँ, रविन्द्र रिजाल-बारा, कमल अधिकारी-काभ्रे, गणेशराज रिजाल-बारा, गोकुल पौडेल धादिङ, मोतीराज बम कालिकोट, सुदिपराज रिजाल-बारा, मुना काफ्ले-बारा, प्रतीक्षा रिजाल-बारा, प्रतीत रिजाल-बारा ।

**सदस्य** : गंगा कर्माचार्य पौडेल, विजय मैनाली, पूर्णबहादुर थापा, कृष्ण खड्का, इशहाक हुसेन, कलाधर काफ्ले, डा.हरिदत्त पाण्डेय, डा.छायादत्त न्यौपाने, दुर्गा रिमाल, वीणा पोखरेल, ललिता दोषी, जीवनाथ ढकाल, प्रदीप प्रधान, सौरभकिरण श्रेष्ठ, तेजप्रकाश श्रेष्ठ, यशु श्रेष्ठ, तारा अनुरागी, वासुदेव श्रेष्ठ, छविरमण सिलवाल, अमरकुमार प्रधान, वियोगी बुढाथोकी, भगवती अधिकारी, मञ्जु सेढाइँ, केशव रुपाखेती, भद्रकुमारी घले, विनय अर्याल, दीपबहादुर खत्री, सानुराजा श्रेष्ठ, रमेशकुमार कडेल, श्याम रिमाल, खिमानन्द पोखरेल, सीताराम उप्रेती, अच्यूत रिजाल, रश्मि असफल, राम विनय,. रामकृष्ण काफ्ले, भक्तबहादुर नेपाली, हरिप्रसाद पाण्डेय, नवराज पुडासैनी, वसन्त रिजाल, गोपाल बराल, बाबुराम लम्साल, प्रभात सापकोटा, अनन्तप्रसाद वाग्ले, कार्तिकेय घिमिरे, लक्ष्मी शर्मा, शर्मिला खड्का दाहाल, जनार्दन खनाल,. रामप्रसाद अधिकारी, प्रा. डा ध्रुवकुमार घिमिरे, प्रा.डा. कृष्णप्रसाद घिमिरे, डा.भारद्वाज मित्र, नारायण क्षेत्री, बैकुण्ठ नेपाल, हरिदेव खरेल, जंगबहादुर यादव, युद्ध न्यौपाने, बाबुरामप्रसाद पौडेल, अर्जुन पाण्डे, राममणि पोखरेल, राधेश्याम सिवाकोटी, रामबहादुर पहाडी, रुकु कार्की, ईश्वरराज लोहनी, मनदेवी तण्डुकार, समन श्रेष्ठ, बलराम ढुंगाना, ईशा शाह, भगीरथ मिश्र, पाण्डवराज कार्की, निमायादेवी कायस्थ, रमेशमोहन अधिकारी, विद्याप्रसाद घिमिरे, प्रा.डा. कपिल लामिछाने, विष्णुप्रसाद शर्मा पराजुली, रमेश समर्थन, कलानाथ अधिकारी स्मृतिप्रतिष्ठान, जयन्ती स्पन्दन, घनश्याम अधिकारी. प्रमोद प्रधान, जय छाङ्छा, प्रमोद पाण्डे, अच्यूत शर्मा, समीर पाख्रिन, रञ्जुश्री पराजुली, आरएम डंगोल गोपाल अश्क,.दिनेश गुप्ता, डा.धनप्रसाद सुवेदी, राममणि ढुंगेल, शीतल गिरी, डा.यादेवी ढकाल, डा. सुषमा आचार्य, दीपेन्द्रसिंह थापा ।

# सम्पादकीय

प्रत्येक देश अगाडि बढ्नका लागि त्यस देशका राजादेखि रङ्कसम्मका जनतामा आपसी एकता, मेलमिलाप, भाइचारा, सद्भाव, शान्ति, सुरक्षा, सहिष्णुता, सहभाव र सहकार्य हुनु अति आवश्यक छ। वातावरण सहज भए देश निर्वाध गतिमा अगाडि बढ्न सक्छन् अन्यथा असम्भव जस्तै हुन्छ। सबै काम कुरा सहज होस् र असहज नहोस् भन्नका लागि सर्वसाधारण जनतादेखि राज्यका उच्च तहका व्यक्तिहरू समेत देशप्रति सचेत, सजग, जागरूक र संवेदनशील हुनु जरुरी छ।

कुनै पनि देश त्यस मुलुकमा स्थायी रूपमा बसोबास गरिरहेका नागरिकहरूको साझा घर हो। साझालाई कसरी राम्रो वा सबैको बनाउने र संसार सामु चिनाउने भन्ने विषयमा त्यस देशका सम्पूर्ण नागरिकहरूको महत्त्वपूर्ण उत्तरदायित्व रहन्छ । एउटै सदस्यले पनि आफ्नो समान उत्तरदायित्व बिर्सिदिएको खण्डमा घर घर नभएर खण्डहर हुन्छ । यसर्थ साझा घरलाई साझा उत्तरदायित्वकै रूपमा बुझ्नु अति आवश्यक छ । घरमा तँ र म अनि तेरो र मेरोको भावले प्रवेश पाए निर्मित सम्बन्धमा तिक्तता आउँछ । तिक्तता आखिरमा सम्बन्ध विच्छेदको कारक समेत् बन्न सक्छ । कोही कतै बाट पनि नकारात्मक काम कुरा नहोस् भन्नका लागि आआफ्नो क्षेत्रबाट घरको सुन्दरताका लागि सकेको योगदान गर्नु गराउनु अति आवश्पक छ।

व्यक्ति पिच्छे नभएर परिवारका सदस्यका बिचमा एउटा घर साझा हुन्छ । त्यसमा बसोबास गर्ने व्यक्ति विभिन्न उमेर, विचार, रुचि, सोच, चिन्तन, मनोभाव र अवस्थाका हुन सक्छन् । एका घरमा बस्ने र एका घरकै सदस्य भए पनि सबैका धारणा एउटै हुनुपर्छ भन्न सकिँदैन । अलग अलग हुन सक्छ । तथापि घरघरको साझा नियम हुन्छ । नियम सबैका लागि बराबरी रहन्छ । यसकारण आआफ्ना उत्तरदायित्व सबैले पूरा गर्नुपर्छ । प्राप्त उत्तरदायित्व र जिम्मेवारी पुरा गर्नु घरका प्रत्येक सदस्यहरूको नैतिक कर्तव्य हुन्छ । त्यही नैतिक कर्तव्यले घर परिवार तथा समाज र समुदायका सदस्यहरूलाई एउटा गाँठोमा कस्छ । त्यो गाँठो नैतिक बन्धन हो । नैतिक बन्धन नै सामाजिक बन्धनको अर्को नाम हो। यसले सारा मानिसलाई एकताको सूत्रमा कस्छ।

देश एउटा साझा र सुन्दर परिवार हो। परिवारका प्रत्येक सदस्यका आआफ्ना काम, कर्तव्य र अधिकार हुन्छन् । परिवारका प्रत्येक सदस्यहरूको देशप्रति विशेष उत्तरदायित्व भएझैं देशको पनि आफ्ना नागरिकहरूप्रति विशिष्ट उत्तरदायित्व हुन्छ। सम्बन्धित सबै पक्ष उत्तरदायित्वप्रति जिम्मेवार बनिदिए देश र जनता दुवै निर्वाध गतिमा अगाडि

बढ्न सक्छन् । अगाडि बढ्नु बढाउनुको अर्थ सकारात्मक सपना देखेर पाइला प्रगति पथमा हिँडाउनु हो । यसो हुन सके एकातिर देशले प्रगति गर्न सक्छ त अर्कोतिर जनता सुखी र खुशी बन्न सक्छन् । जनता खुशी र सुखी बन्न सके मात्र देशले सहज बाटो तय गर्न सक्छ । हरेक परिवारमा मातापिताको अत्यन्तै महत्त्वपूर्ण जिम्मेवारी भएझैँ देशमा पनि सरकारको जिम्मेवारी र उत्तरदायित्व त्यस्तै हुन्छ ।

देशभित्र विविध जाति, वर्ग, धर्म र सम्प्रदायका मानिसहरूको बसोबास हुन्छ । ती आआफ्ना विश्वास, आस्था, संस्कार, संस्कृति परम्परा, प्रचलन र रीतिरिवाजमा रम्छन् र रमाउँछन् । यसो गर्न पाउनु उनीहरूको नैसर्गिक अधिकार हो । यो अधिकार माथि कसैले पनि हस्तक्षेप गर्न पाउँदैन । सबैका विश्वासलाई उत्तिकै महत्त्व दिनु आवश्यक छ । विश्वास बाँच्ने आधार हो । विना आधार बाँच्न कठीन हुन्छ । अर्थात् बाँच्नका लागि कुनै न कुनै आधार चाहिन्छ । शून्यमा अडिएर जीवनको सरल बाटो तय गर्न गाह्रो हुन्छ । जनताका सबै विश्वासलाई उत्तिकै महत्त्वदिएर अगाडि बढ्नु राज्यको जिम्मेवारी हुन्छ । यस्ता जिम्मेवारी पूरा गर्ने राज्य यथार्थमा वास्तविक राज्य हुन सक्छन् ।

आज मुलुक र जनता बिच निरन्तर दूरी बढिरहेको अवस्था छ । यसो हुनु किमार्थ राम्रो होइन । देश अनि जनताका बिचमा नङ र मासुको सम्बन्ध हुनु आवश्यक छ । जनता देशका वास्तविक आधर वा मालिक हुन् । यसर्थ राज्य सधैँ जनताको साथमा हुनुपर्छ । उनीहरू साथमा रहे मात्र देशले चाहेको उन्नति प्रगति गर्न सक्छ । विकास सधैँ जनताका लागि हुनुपर्छ । जनता विना गरिएको वा गरिने कुनै पनि विकासको खास अर्थ रहँदैन । जनता साथमा लिएर गरिएको विकास मात्र दिगो हुन सक्छ । तर अहिले देशमा विश्वासको सङ्कट बढिरहेको अवस्था छ । यही कारण मानिस विदेश पलायन भइरहेछन् । जनतामा आशा जगाउनु जिम्मेवार व्यक्ति तथा निकायको पहिलो कर्तव्य हो । जनता नभए विकास कसका लागि ? ज्वलन्त प्रश्न हो । यस प्रश्नप्रति सम्बन्धित निकाय गम्भीर हुनु आवश्यक छ । अनि समयमै जिम्मेवार बने सकारात्मक परिणाम निस्कनेमा कुनै शङ्का छैन ।

आदरणीय पाठक वृन्द ! म ११३ औँ अङ्कको सम्पादकीय लेख्ने क्रमको अन्त्यमा आइपुगेको छु । हामी नेपालीका महत्त्वपूर्ण चाडवाड अत्इन्तै नजिक आइपुगेका छन् । नेपालीहरूमा एक आपसमा मिलेर बस्ने र एक अर्कालाई सम्मान गर्ने लामो परम्परा रहेको भए पनि हिजो आज सामाजिक वातावरण क्रमशः असहिष्णु बनिरहेको छ । यस्तो अवस्थाले कसैलाई लाभ पुऱ्याउँदैन । यसर्थ गम्भीर बनेर परिस्थितिलाई सामान्यीकरण गर्नु आवश्यक छ । हामी बाँच्ने हाम्रै लागि हो, यतातिर ध्यान दिई अवस्थालाई सकारात्मक दिशातिर डोऱ्याउनु अति आवश्यक छ ।



**गोकुलप्रसाद पौडेल**

धादिङ जिल्लाको धुनिबेसी नगरपालिका-२, हात्तीगौँडामा वि.सं. २०३१/०१/०४ मा जन्मनु भएका **गोकुलप्रसाद पौडेल** व्यवसायिक व्यक्तित्व हुनुहुन्छ । काठमाडौँमा बसोबास गर्नुहुने उहाँमा जन्म स्थानप्रति अगाध मायाँ छ र सामाजिक-सांस्कृतिक रूपान्तरणप्रति सचेत हुनुहुन्छ । विगत ३४ वर्षदेखि देशको भाषा, साहित्य र संस्कृतिको उत्थानमा सरिक 'नवप्रज्ञापन' सँग धेरै अघिदेखि परिचित उहाँ यही अङ्कदेखि विशिष्ट सदस्य बन्नु भएको छ । नवप्रज्ञापनले गरिरहेको कर्मलाई सकारात्मक तथा आवश्यक मानेर विशिष्ट सदस्य बन्नु भएकामा यहाँप्रति आभारी छौँ ।

**नवप्रज्ञापन परिवार**



**मोतीराज बम**

कालिकोट जिल्लाको पचालझरना गाउँपालिका-४ मा वि. सं. २०२७/०६/०६ मा जन्मनु भएका **मोतीराज बम** साहित्यकार हुनुहुन्छ । उहाँका म रोएको दिन (२०५८), एक्लै छ गाउँमा देउता (२०६३), एक फूल तीन सुवास (२०७१) र अर्थात् कर्णाली (२०८१) लगायत्का सात कृति प्रकाशित छन् । विगत ३४ वर्षदेखि देशको भाषा, साहित्य र संस्कृतिको उत्थानमा सरिक 'नवप्रज्ञापन' सँग धेरै पहिलेदेखि परिचित बम यही अङ्कबाट विशिष्ट सदस्य बन्नु भएको छ । 'नवप्रज्ञापन'ले गरिरहेको कर्मलाई सकारात्मक तथा आवश्यक मानेर विशिष्ट सदस्य बन्नु भएकामा यहाँप्रति आभारी छौँ ।

**नवप्रज्ञापन परिवार**

**नवप्रज्ञापनले यात्रा प्रारम्भ गरेको ३४ वर्ष लाग्यो ।**
**देश विदेश जहाँ रहनु भएको भए पनि**
**नवप्रज्ञापन पढ्न चाहनुहुन्छ ?**
**हामी तपाईंहरूको**
**सेवामा हाजिर छौं ।**

**वेबसाइट :**
**www.nabapragyapan.com.np**

**पुराना अंकहरू पनि PDF मा उपलब्ध छ ।**

**नवप्रज्ञापन तलका स्थानहरूबाट प्राप्त गर्न सकिन्छ :**

- इशा बुक सेन्टर, शनिश्चरे मोड, विर्तामोड झापा ।
- मोडर्न बुक्स एण्ड स्टेशनरी, हिमालय रोड बिराटनगर ।
- भिगु पुस्तक पसल, बिरगञ्ज पर्सा ।
- श्रेष्ठ पत्रिका पसल कलैया, बारा ।
- भट्टराई स्टेशनरी सेन्टर डुमरवाना, बारा ।
- न्यूरोड पिपलबोट काठमाडौं ।
- प्राज्ञिक बुक्स बागबजार, काठमाडौं ।
- भण्डारी बुक्स एण्ड स्टेशनरी बागबजार, काठमाडौं ।
- विद्यार्थी पुस्तक पसल, स्कुल रोड, हेटौंडा ।
- सिर्जना स्टेशनरी वालिङमोड, स्याङ्जा
- भैरहवा पुस्तक पसल, सिद्धार्थनगर-रुपन्देही ।
- मेधावी बुक कन्सर्न, घोराही दाङ ।
- भेरीबुक्स, बुद्धचोक नेपालगञ्ज बाँके ।
- नेहा पुस्तक पसल, विश्वविद्यालय रोड, कञ्चनपुर

# रचनाक्रम


- प्रा.डा.ऋषिराम शर्मा/९
- कुमारी लामा/१३
- प्रा.डा. गोविन्दराज भट्टराई /१८
- ज्ञानेन्द्र विवश/२२
- डा. तुलसी भट्टराई /२६
- ध्रुव मधिकर्मी/२९
- निर्मोही व्यास/३३
- भीष्म उप्रेती/३६
- माधव काफ्ले/३९
- युवराज नयाँघरे/४३
- डा.विनोद मन्जन/४८
- शम्भुप्रसाद भट्टराई/५३
- श्रीओम श्रेष्ठ 'रोदन'/५५
- श्रीबाबु कार्की/६०
- सनत रेग्मी/६४
- हरिप्रसाद सिलवाल/६७
- हेमराज अधिकारी/७१


## बजारमा नयाँ पुस्तक


- संयोजक प्रतीक्षा रिजाल/७३


## नवप्रज्ञापन कुराकानी


- दुर्गाप्रसाद श्रेष्ठ/७५

# मेरो कल्पनाको राजनेता



**– प्रा.डा.ऋषिराम शर्मा**

असल राजनेताको खोजीमा म यो देशमा विगत ५० वर्षदेखि तड्पिरहेछु र छट्पटाइरहेछु ! म पटकपटकका आन्दोलनमा सहभागी भएको पनि छु र बेलाबेला असल राजनेता भेट्टाएँ भनेर म फुरुङ्ग परिरहेको पनि हुन्छु । तर म हरेकपल्ट आफूलाई खुच्चिङ्ग भइरहेको महसुस गर्छु । म कल्पन्छु, म जन्मँदा नेपालमा प्रथम जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला रहेछन् । जननिर्वाचित र प्रजातान्त्रिक सरकारको उज्यालो मिर्मिरेमा म जन्मेको रहेछु । २०१६ साल मङ्सिर १२ गते म जन्मँदा नेपालमा संवैधानिक राजतन्त्र सहितको प्रजातान्त्रिक सरकार करिब छ महिनाको शिशु रहेछ । म एक वर्ष पुग्न १७ दिन बाँकी रहेकै दिनमा नेपालमा त्यस्तो संवैधानिक राजतन्त्र सहितको शिशु सरकारको अवसान भएको रहेछ । थाङ्नामा खेल्दाखेल्दै त्यतिबेला म निर्दलीय पञ्चायती व्यवस्था र सक्रिय राजतन्त्रको प्रजा भइसकेको रहेछु ।

मेरो प्यारो देश उहिलेदेखि अहिलेसम्म असल राजनेताको तिर्खाले तड्पिरहेछ । मेरो देशको त्यो तड्पन र पीडा शान्त पार्न मैले हरेक दस बाह्र वर्षमा सडकमा बौलाएर आन्दोलनका नाममा आफ्नो पीडा र आक्रोशको हुरी लिएर आएको छु । अथवा यसो भनूँ म एउटा असल र कुशल शासकको भोक मेट्न म असामान्य रूपमा निरन्तर छट्पटाइरहेको छु । हरेक बौलाहटपूर्ण आन्दोलनमा चम्किएका सुन जस्ता राजनेतामा कुशल शासकको सुगन्ध खोजिरहेको छु । म हरेक आन्दोलन क्रान्ति र युद्धका आदर्श नायकहरूमा कुशल शासकको कञ्चन-विम्ब देखिरहेको हुन्छु तर मैले देखेको त्यो कञ्चन विम्ब निरन्तर कर्कलाको पातमा अडिएको मोती त बुँद पो रहेछ । मैले देखेका कुशल राजनेताको त्यो मोती, त्यो शीतविन्दु केवल एक भ्रम रहेछ । मेरो विश्वासको बुँदलाई सानो स्वार्थको बतासले एक्कासि चकनाचुर पारिरहेछ । हरेकपटकका आन्दोलनमा उदीयमान जुन नेताका अनुहारमा देशको व्यथा र वेदना पुछिदिने भाव पटकपटक पढ्थेँ , तर आफैले सत्ताको धुरीमा पुर्याएका ती नेताहरू किन असमयमै स्खलित भएर गए ? म अनुत्तरित छु र अवाक् छु !

मेरो देशले केही राजनेताहरू त जन्माएको त हो तर कुशल शासक जन्माउन भने सकेन । मेरो देशको राजनीतिले प्रत्येक आन्दोलन, क्रान्ति र युद्धमा अनेक नायकहरू जन्मायो, यस देशको माटोले, यस उर्बर धर्तीले किन कुनै एउटा गतिलो शासक उमार्न सकेन ? कि शताब्दीयौं अघि भीम मल्लकी सतीले सरापेकै कारणले यी धर्ती बन्ध्या भएकी हुन् त ? हिजो मैले जुन मेरा स्वप्निल नेताको जादुमयी बोलीमा देशको मुहार फेर्ने गोली देखेँ, जुन आदर्श नेताको जाज्वल्यमान् अनुहारमा देशको काँचुली फेर्ने भाव पढेँ, जुन सर्वोच्च नेताको बुलन्द आवाजमा क्रान्तिको भर्भराउँदो फुलझडी देखेँ, किन ती सबै नेताहरू आज फगत पानीको फोका झैँ अनायास र एकाएक यथास्थितिको दुर्गन्धित पोखरीमा बिलाउँदै गए । जनताको जीवनस्तर उकास्ने नारा दिएर आफन्तको जीवनस्तर उकास्नुमा नै आफ्नो लक्ष्य किन बनाए । तिनीहरूले जपेको "वसुधैव कुटुम्बकम्" भन्ने मन्त्र कसरी "कुटुम्बैव वसुन्धराम्" मा अनुदित भयो ? सहिदको रगतको रोयल्टीरकम किन मेरा आदर्श नेताको कन्तुरमा मात्र खनियो । मलाई समृद्धिको हरियो घाँस देखाएर मेरै गर्धनमा खुकुरी राखी कसरी समृद्धिको कुलो आफ्ना खेतमा मात्र फर्काइयो ? जनताको स्वार्थ निजी स्वार्थमा फगत किन अनुवाद भयो ? यहाँ आन्दोलनले जन्माएका शक्तिशाली सुकिला नेताहरू एकाएक कसरी र किन निर्वस्त्र हुँदै गए ? हरेक आन्दोलनको लगाम समातेर शिखरमा पुगेका अग्राखजस्ता राजनेता कुशल शासकत्वको अग्निपरीक्षामा किन राख भए ?

मेरो देशमा जनआन्दोलन र सशस्त्र युद्धको ध्वंसात्मक परीक्षामा होस् वा वैचारिक तथा अहिंसात्मक जाँचमा किन नहोस्; हरेक परीक्षामा उच्चतम अङ्क प्राप्त गरेका राजनेताहरू कुशल शासकको सिर्जनात्मक परीक्षामा भने न्यूनतम अङ्क प्राप्त गर्न नसकेर किन असफल भइरहेछन् । हरेक आन्दोलनका हिरोहरू शासनको सिंहासनमा बस्दा किन जिरो बनिरहेछन् ? उनीहरूले लगाएको विचारको सुन्दर वस्त्रमा उनीहरू आफैले व्यवहारको कुरूप हिलो किन पोतिरहेछन् । सत्र हजारको सहादत किन सत्र जनाजतिको समृद्धिका लागि मात्र मटियामेट भयो ? लोकतन्त्रका लागि चौध वर्ष जेल परेको नेता केबल चौधपन्ध्र जनाको घेराभित्र खुम्चिएर पनि सारा ब्रह्माण्ड देखिरहेको भ्रम पाल्दापाल्दै किन लोककै आक्रोशबाट बच्न एक्कासि आकाशतर्फ पलायन हुनुपर्यो ?

मेरो प्यारो देशले इतिहासमा केही कुशल शासकहरू नजन्माएको त होइन, तर ती सबै शासकहरू राजनेता वा जननेताको कसीमा सफल हुन सकेनन् । यस देशको इतिहासका केही सग्ला पक्षहरू सर्सर्ती हेर्दै जाँदा अंशुवर्मा एउटा महान् शासक थिए र कुशल शासनकर्ता थिए

तर उनी जनताबाट निर्वाचित थिएनन्, जन परीक्षित थिएनन् । पृथ्वीनारायण शाह एउटा यस्ता शक्तिशाली, कूटनैतिक, महान् शासक र राजा थिए उनकै कुशल शासकत्वको परिणाम स्वरूप आज हामीले नेपाली हुँ भनेर गर्व गर्न सकिरहेका छौं, तर उनले स्थापित गरेको वंश परम्परा र त्यसपछि आउने कतिपय राजाहरूको दुर्बलता, कमजोरी र जनचाहना विपरीतका आचरणका कारण शाहवंशीय राजाले गरेका दोषका भारीको अंश उनीमाथि पनि पऱ्यो । शाहवंशीय वंश परम्परालाई जस्तोसुकै अवस्थामा पनि सहन गर्नुपर्ने बाध्यताका कारण र यस्तो परम्पराका सूत्रपातकर्ता भएकै कारण उनमा राजनेताको महानता भए पनि उनले स्थापित गरेको वंश परम्पराका कारण त्यो छवि पनि धूमिल पारियो ।

जंगबहादुर अर्का एक कुशल शासक मानिए पनि उनको उत्पत्ति नै भारदारहरूको रगतको आहालबाट भएको र अङ्ग्रेज शक्तिको आशीर्वादरूपी मलजलमा उनको पालनपोषण भएकाले एउटा सैन्य निरंकुश शासकका नाताले उनी राजनेता हुने कुरै भएन । दरबारिया दाउपेच र भारदारिया षड्यन्त्रले थिल्थिलिएको नेपालमा राष्ट्रियता रोगाएका बेलामा सैन्य-शक्ति बलमा भए पनि भीमसेन थापाको उदय देशभक्ति र राष्ट्रियताका सन्दर्भमा महान् ऐतिहासिक कदम भए पनि उनको तीस वर्षे शासनमा विरोधीहरू निमिट्यान्न पारेर शासन जोगाइ राख्ने नियत र सुगौली सन्धिमा नेपालको तीतो पराजयको नैतिक जिम्मेवारी बोक्नु पर्ने बाध्यताले गर्दा पनि उनी कुशल राजनेता हुन सकेनन् ।

नेपालको इतिहासमा सर्वाधिक विवादास्पद तर कुशल शासकका रूपमा राजा महेन्द्र सम्झनलायक व्यक्तित्व भए पनि जननिर्वाचित सरकारका सर्वाधिक लोकप्रिय राजनेताको नेतृत्वको सरकारलाई ढालेर निर्दलीय पञ्चायती व्यवस्था मार्फत प्रजातन्त्रको घाँटी निमोठेको आरोप (?) लागेकै कारण महेन्द्रका पालामा भएका विकास, निर्माण, देशभक्ति, राष्ट्रियता, प्रशासनिक कार्य जस्ता अभूतपूर्व एवं दूरदर्शी कार्यकलापहरू समेत पूर्णतया ओझेलमा परेकै छन् । अझ यसो भनौं महेन्द्र कुशल शासक त थिए तर जनप्रिय राजनेताका न्यूनतम योग्यताको लोकतान्त्रिक परीक्षामा उनी सामेलै हुन खोजेनन् । यसरी यस देशमा जोजो कुशल शासकको पङ्क्तिमा देखिए ती सबै राजनेताको कसीमा खरो उत्रेनन् !

मेरो कल्पनाको राजनेताले कुनै अन्तर ाष्ट्रिय वाद वा प्रणालीका सूत्र नखोकी जनताका सुखदुःखसँग सम्बन्धित सूत्र रटिदिए पुग्छ । मेरो राजनेताले स्थानीय उत्पादनमा नयाँ सिस्टम बसालिदिए पुग्छ भने राज्यबाट प्रदान गरिने सेवा सुविधा पाउन जनताले नेतालाई चिन्नै पर्ने दुर्भाग्यबाट मुक्ति दिए पुग्छ । राज्यका सुविधा लिन भनसुनको भर र खेतीपातीमा

मनसुनको भर पर्ने स्थितिबाट मुक्ति दिए पुग्छ । राज्यका कर तिर्न पनि झन्झट बेहोर्न नपरे पुग्छ । नागरिकताका लागि निवेदन मात्र होइन, राजस्व तिर्ने, राहदानी बनाउने जस्ता सुविधाहरू अनलाइनमार्फत उपलब्ध गराउने "स्मार्ट" सेवा प्रणाली लागू गरिदिए पुग्छ । स्थानीय उत्पादनलाई नगदमा रूपान्तरण गर्नका लागि केही प्रभावकारी कदम चालिदिए पुग्छ । जसअन्तर्गत विद्यालयको दिउँसोको खाजा कार्यक्रमलाई स्थानीय किसानसँग जोडी कृषि उपजको सुनिश्चित बजार सिर्जना गरिदिए हुन्छ । स्थानीय उत्पादनको न्यूनतम समर्थन मूल्य तोक्ने मात्र होइन त्यसको प्रभावकारी कार्यान्वयन गरिदिए पुग्छ । गनाएका सहकारीलाई कडा कानूनका कोर्राले प्रशोधन गरी किसान समूह र सहकारीलाई सबलीकरण गरी उनीहरूलाई ठूलो परिमाणमा उपज सङ्कलन र बिक्री गर्न सक्षम बनाउने वातावरण तयार पारिदिए पुग्छ । गाउँपालिका तहमै कृषि उपज सङ्कलन केन्द्र र शीत भण्डार निर्माण गरिदिए पुग्छ र बिचौलियाको अन्त्य गरी किसानको उपज भण्डारण र ढुवानीमा सहजता ल्याइदिए पुग्छ ।

मेरो कल्पनाको राजनेता अब महान् जननेता र राजनेताका साथै कुशल शासक हुनुपर्ने छ । जोजो असल शासक भए ती ती राजनेता रहेनन् र जो जो महान् राजनेता भए ती ती कुशल शासक बन्न सकेनन् । यही नै मेरो देशको दुर्दशा हो र मेरो दुर्भाग्य पनि हो । अब मेरो देशमा जो शासनको आसनमा विराजमान हुन्छ त्यसले जनतालाई सुख दिनु पर्दैन दुःख नदिए पुग्छ, शान्ति दिनु पर्दैन अशान्ति नदिए पुग्छ, माम दिनु पर्दैन काम दिए पुग्छ, इज्जत दिनु पर्दैन बेइज्जती नदिए पुग्छ, हाँसो दिनु पर्दैन आँसु नदिए पुग्छ, गरिबका छोराछोरीलाई तत्काल स्वदेशमै रोजगारी दिन सक्दैनौ भने केही छैन तिनीहरूले रगत पसिना बगाएर पठाएको रेमिटेन्सलाई विनाश नगरिदिए पुग्छ, विकासका काममा खर्च गरिदिँदा मोटो कमिसन नलिइदिए पुग्छ, "आफूमात्र धनी बन्छु" भनेर हिँड्छौ भने ठीकै छ तर देशलाई गरिब बनाउने कागजमा सहिछाप नगरिदिए पुग्छ ।

मेरो कल्पनाको राजनेताले डनवाद र धनवादलाई टाउकामा टेकाएर जनवादको जप नजपिदिए पुग्छ । नयाँ रूख रोप्न नसके केही छैन भइरहेको प्रकृतिलाई नमासिदिए पुग्छ, सम्पन्न अर्गानिक बहुसंस्कृतिरूपी चामललाई आयातीत संस्कृतिको पिठोसँग नसाटिदिए पुग्छ । हाम्रा मान्छेलाई काखा र राम्रा मान्छेलाई पाखा नगरिदिए पुग्छ । उज्यालो दिन सक्दैनौ भने ठीकै छ अँध्यारो नथपिदिए पुग्छ । जनताले आफ्नो शासकलाई सम्झँदा गौरव गर्न नपाए पनि घृणा गर्ने स्थिति नआइदिए पुग्छ । राम्रो काम गर्न सक्तैनौ भने ठीकै छ तर नराम्रो काम चाहिँ कृपया नगरिदिए पुग्छ । मेरो देशमा मेरो कल्पनाको राजनेताले कुशल शासकको प्रारम्भिक परीक्षामा समुत्तीर्ण हुन प्रारम्भिक कक्षाको वर्णमालाका यी कखराहरू राम्ररी पढिदिए पुग्छ ।

# चिसो न्यानो



– कुमारी लामा

भर्खरै एक झोक्का शिशिरीय बतास मलाई छोई दौडेको छ । कस्तो धारिलो स्पर्श ! उसको बैंस अग्लिदै छ । घरफूलहरू टाक्सिदै छन् । हलक्क हल्किने बिरुवाहरूको चाल सुस्त भएको छ । लाग्छ, उनीहरू बल गरेर टाउको ठड्याउने प्रयासमा छन् । ठण्डीले कठ्याङ्ग्रिएका फूलहरू न्यानो पर्खदै गमलामा मुन्टो लुकाइरहे झैँ देखिन्छन् । पारिलो घामको आशामा धुकधुकी बाँचिरहेका छन्, हरित सहयात्रीहरू ।

मेरो बार्दलीमा कुथुर्किएर बसेका प्रत्येक बोट नियाल्छु । तत् क्षण एउटा सौम्य तर कमजोर अनुहारको झल्को आउँछ । अस्ति भर्खर त हो म राकसिराङ गाउँको थाप्लोमा पुगेको । प्रदेश राजधानी हुनुको सान सौकतमा मस्त हेटौडा बजारबाट केही घण्टामै पुग्न सकिने गाउँ, राकसिराङ । त्यही भेटेकी थिए तामाङ आखे माम (बाजे बजु) ।

पहाडका दुर्गम थाप्लाहरूमा बस्ने प्राय आदिवासी नै हुन्छन् । सुगमता उनीहरूको भागमा कहिले पो परेको छ र ! यो देशको कुन सहज ठाउँ उनीहरूले पाएका छन्, खै ? डाँडा, पाखा, पखेरा, गाह्रो, अप्ठेरो सबै सबै उनीहरूको भागमा । सम्झदा पनि मन चसक्क घोच्छ । खैर, यतिखेर मेरो स्मृतिलोकमा ठेलमठेल गर्दै पसिरहेछ त्यस साँझ । हिउँदे छोटो दिन बित्नै बेर नलाग्ने । म अँध्यारो पसिसकेपछि पुगेकी थिए राकसिराङ ।

देख्छु- पिलपिले बत्तीमुनि उमेरका तमाम धर्साहरू अनुहारभरि सजाएर बोनस जीवन घिसारिरहेका माम आखे (बजू बाजे) । उमेरले पल्लो छेऊ धकेलिसकेका बृद्ध कायाहरूसँगको साक्षात्कार भएकै पल मलाई उमेर र बैंसले गिज्याए झैँ भान हुन्छ । ओहो, जीवनका अनेक चेहरा रहेछन् । ठिट्टा समय बाँचिरहेकाले कहिले पो कल्पना गर्छ र भविष्यमा भोग्नु पर्ने बुढ्यौंली । ऊ त बस् तातो रगत बाँच्छ, 'बैंसालु वर्तमान' सोच्छ अनि सपनाको पङ्ख जोडी उडिहिड्छ कल्पनाकाशमा । तथापि उमेर...

जीवनभर राकसिराङ गाउँको माटो खनीखोस्री बिताएकी थिङ बजूको

खोकीको ख्याइँ ख्याइँ मेरो कानमा अझै बजिरहेछ । खोकी चलेपछि छाती पट्ट फुट्लाजस्तो हुने रोग छातिभरि उनले बोकेकी छन् । त्यसको निदानको लागि कडा औषधीय उपचार थाम्ने शरीर नै बाँकी छैन । बाँकी छ त केवल केही समय, जो खोक्नु, अनुहार मरक्क खुम्च्याउनु, छाती समाउनु अनि अलिकति रगत थुक्नुमा सीमित भइसकेको छ । खोकीबाट जोगाउने उपक्रममा लाग्नु बाहेक अरु केही छैन उनका छोरा छोरीहरूको हातमा ।

जीवन यतिसम्म पनि निरीह बाँच्नु पर्ने रहेछ ! म बजूको अवस्थाबाट झस्किन्छु । साथमा कल्पिन्छु पनि उनको उमेरदारी समय जतिखेर पहाडै बोक्ने बल थियो होला उनको ज्यानमा । पक्कै थियो । नत्र आधा दर्जन सन्तान जन्माई हुकाई गर्नु, घरको सारा व्यवहार धान्नु, मर्कै कोदोको टन्टा साफ पार्नु कहाँ सजिलो थियो त । केही नानीहरू त काम गर्दा गर्दै जन्मेका रे । पटुकामा पोको पारी ल्याउने आँट बोकेकी जब्बरे स्वास्नीमान्छे थिई ऊ । ज्या ! कता तुरियो नि त्यो बल र उमेरको राप ताप । सम्झी ल्याउदा त जीवन के पो रैछ भन्ने लाग्छ । थिङ बजुको सिद्रा भएको शरीर हेर्छु । अनि जीवनबारे एक लहर सोचिपठाउँछु ।

जीवनसासको एक डोरो, एक डल्ला छ्याम्बा (ढिँडो)को बल अनि शरीरमा जतासुकै काट्दा पनि बग्ने रगतको भल । त्यत्ति त रैछ । आफ्नै ज्यानको रगत मासु शरीरमै उसै बिलाइजाने, जीवनकै अर्को अनुहार न हो । के फाइफुट्टी लाउनु मान्छेले ।

बजूको छेउमै बसेका छन् आठ दशकीय घाम पानी झेलेका थिङ बाजे । उनको खुट्टा जाम परेको छ । शरीर बाँस झैं नुहिएको छ । अनुहारमा भने मखमली विगतको टहक अझैं घरी घरी देखापर्छ । लट्ठीले पनि भर नदिने भइसकेको छ शरीर । उनले एक पाइला सार्नु एक जुनी सरह भइदिन्छ । राकसिराङको अप्ठ्यारा भिर कन्दरा मिलिक्कै छिचोल्ने उनका भरिला खुट्टा; साहुको भारी बोक्दा सधैं पहिलो हुने उनको चाल; जीवनमा आइलागेका अनेक व्यावहारिक झमेला, कामको मारामार र चिसो न्यानो समय सामना गरेको तगडा मानिस ऊ । आज उसलाई आफ्नै घरको आँगन टेक्न हम्मे छ ।

जीवनको अर्को स्वरुप थिङ बाजेको कुप्रिएको शरीर भई मेरो सामु उभिन्छ । म निस्तब्ध हुन्छु । चिमोट्छ भित्र भित्रै । पुषे स्याँठले एक झमट झ्याम्म हानी दर्गुछ । भित्र कतै एक चिसो लहर दौडिदिन्छ ।

पहाडको थाप्लोमा बसेको सानो तामाङ बस्ती । तारान्तार बहने हिउँदे हावा र ढुस्स परेको पुषे चिसो ! त्यसमाथि बुढ्यौली ज्यानहरू...

म निकै बेर चिमको दुधिलो उजेलोमा बृद्ध दम्पतिलाई हेरिहन्छु । जीवनका अनेक आयाम सिनेमाको रिल

झैँ फनफनी घुमिदिन्छन् आँखा अघि । जीवन भन्नु त एक चक्र न हरेछ । जन्म, हुकाई, बैँस, बुढ्यौली र मृत्युको गोलचक्करमा खाँदाखाँद सपना र चाहनाहरू भरेर दौडिरहने एक चक्र ।

सत्यको आभाषसम्मले पनि जीवनलाई सहज बनाउँछ भन्छन् जानिफकारहरू । तथापि आम मानिस एक तुच्छता र नादानी बाँच्छ । कहाँ जुर्छ र सत्यको खोज या चिन्तनको समय उनीहरूलाई ! एउटा जीवन त भात पानी, औषधीमुलो, लत्ता कपडा, बिहे बर्तुन, भोज कार्जे आदिको टहल र जोरजाममा नै सकिजान्छ ।

हरएक आम जीवन भोक, तीर्खा, पसिना र सङ्घर्ष बाँच्छ । ऊ भागदौड र वितृष्णा बाँच्छ । अलिकति खुसी र उत्साह पनि बाँच्छ । अङ्गालोभरिका जिम्मेवारी र विभाजित पल क्षण र टुक्रे समयहरू बाँच्ने उपक्रममा लाग्दालाग्दै ऊ एक दिन घाटको दैलो ठेल्न पुग्छ । अनि एउटा जीवन धुवाँमा विलीन हुन्छ ।

ज्या ! कति छोटो यो हिउँदे दिन ।

भर्खरै ढाड छोएको घाम पिलिक्कै ओझेलिन्छ । चिसाम्मे रातको अँगालोभित्र खुत्रुक्क पसिजान्छ एउटा उज्यालो दिन ।

■

याम्बुको तापक्रम घट्दो छ । उपत्यका नगिचको शिवपुरी वनमा बेपर्वाह मुस्कुराउने वनफूलहरू पनि वसन्ती समयको पर्खाइमा ध्यानस्थ भएका होलान् । ज्ञानको खोजमा यात्रारत नागी गुम्बाका आनीहरूको छाम (ध्यान)बसाइजस्तै पो भएको छ कि उनीहरूको हिउँदे समय ।

आनीहरूको छाम-समय आध्यात्मिक चिन्तन र ज्ञान आर्जनको समय बनिदिन्छ । फूलपातहरूको हिउँदे समय पनि मलाई ध्यान समयजस्तै लाग्छ । केही समयको मौसमी विश्राम पछि उनीहरू पुनः पल्लवित हुन्छन्, लहराउछन्, कोपिलाउछन्, फुल्छन् अनि वनकुञ्जलाई सुवासित पारिदिन्छन् । तथापि मध्य हिउँदमा भने उनीहरू शक्ति संचयनमा व्यस्त छन् । सरमले लुके झैँ भुँइभरि घोप्टिएका छन् । पक्कै सिगोत्री लता लतिकाहरू नियास्रिएका होलान् । होडबाजीमा हलहलाउने साथीहरू आजकल भुइँ छाड्न मानिरहेका छैनन् ।

माघे दिनगन्तीसँगै तापक्रमले अझ ओरालो पक्डेको छ । सङ्क्रान्तिको तरुल र चाकुले थोरबहुत तताएको ज्यान चालबिना नै चिसोले करप्प गाँजिसक्छ । उमेरको मेलो सारिसकेकाहरूलाई यो ठिही र हुस्सुले झन् कत्ति पो सताको होला ! एक पटक पुनः राकसिराङे थिङ बजेबजूको अनुहार सम्झन्छु । बजूको छातीको घाउ कस्तो भो होला ? बाजेको खुट्टाको अररोपन र घिस्राइ ...

यता याम्बु सहरको घाम नचियाउने भाडाका कोठाहरूमा हिउँदको सेकाइ सहनेहरू अटेसमटेस छन् । घाम पर्ने कोठा या आँगनजस्तो छत धेरैको लागि केवल कल्पनामा सीमित भइदिन्छ, सहरमा ।

जाडोको घाम खोजाइ याम्बुवासीको निम्ति मारामार कामसरह बन्छ । सडक पेटीमा उभिनुदेखि घामको केस्रा छिर्ने हर सार्वजनिक ठाउँ खोजी हिड्नु कम्ता सास्तीको मामला बन्दैन । म स्वयम् हर जाडोमा घामको खोजीमा हुन्छु । प्रत्येक साल जाडो उक्लेसँगै म जाडोकै कुरा सोच्न थाल्छु ।

यतिबेला मेरो मस्तिष्कीय लोकमा लहराइरहेका छन् चिसो न्यानोका अनेक चेहरा । तराइको शीतलहर, काग अल्मलिने कुहिरो, तुसारोका पत्रहरू, चट्चटाइरहेको अगेना र धुवाँसरी भई घुर तापिरहेका जीर्ण ज्यानहरू । ओहो ! कति फसादमय हुन्छ हुदा खानेको जीवन, हिउँदमा । जाडोको लागि एउटा न्यानो खास्टो, स्वेटर या कम्बलको जुगाड पनि मुस्किल पर्छ । हरसाल कोही त मरेकै हुन्छन्, ठिहीदंशले ।

चिसोले मर्नु या तातोले (लु), कति विसङ्गतीपूर्ण लाग्छ ।

एउटा जीवन मानौँ, त्यसको कुनै मूल्य नै छैन ।

एउटा दिमाग जसको कुनै भाउ नै छैन ।

एउटा बैँस, जसको कुनै उपयोग नै छैन ।

त्यसरी, निरीह भई हिउँदको मुट्ठीमा कसिएर अर्थहीन मरिदिनु पर्ने !

हरसाल हुने अनिवार्य मौसमी परिवर्तनले पनि मारिनु पर्ने !

कस्तो असङ्गत अवस्था । क्या विडम्बनापूर्ण परिस्थिति !

मानौँ, गरिब मानिसको जीवन खोस्टो हो ।

यस देशको बागडोर सम्हालेका तर चखुवाहरूको मनमा बिज्छ बिज्दैन होला ? अनायासै अस्ताइरहेका जीवन उनीहरूले देख्छन् देख्दैनन्, कुन्नि ?

भर्खर देशको अनुहार फेर्ने नारा लिई घर गाउँ पसेका चुनावी खहरेहरू कति जानकार या संवेदनशील होलान् आम देशवासीहरूको खास जीवन र परिस्थितिबारे ?

म उसै उसै थकथकिन्छु ।

चिसोको साम्राज्य फैलदो छ । बाहिर मात्र नभई मेरो दिमागी भूगोलमा पनि उत्तिकै हानेको छ यस वर्षको ठण्डीले । गाजाङ्गुजुङ छ मन, मौसम र यो समय । तर भो, अब चिसोमा मात्र के रुमलिरहनु । न्यानोको स्वाद लिनेहरू पनि त छन् यस देशमा, खाँदाखाँद ।

दिमागभरी लहरिदै आइपुग्छन् आलिसान महलभित्रका वातानुकुलित समय, हिटरले रनक्क पारेका न्याना कोठा चोटाहरू, एसीको मधुरमतामा लट्ठिदै महानगरहरूदेखि राजमार्गभरि दौडिरहने महङ्गा निजी मोटरहरू । आहा ! क्या काइदाको छ जीवन, हुनेखानेहरूको । जाडो, गर्मी, झरी, जे लागोस्, के मतलब। जीवन हरबखत सहज छ । मीठो र रसिलो छ ।

तथापि जीवनका अनेक आयाम भोगिरहेका छन् मानिस । भेद यत्ति

छ कि- हुदा खाने र हुने खाने बिच खासाको दुरी छ । भूगोल, हावा, पानी, परिवेश, कानून र व्यवस्था एउटै, तर जीवन भने आकाश पातालको फरक । यही बिन्दुबाट छुट्टिने रहेछ उस्तै देखिने मानिसहरूका भिन्न जीवनहरू । तथापि मिलन बिन्दु एउटै छ । सबैले अन्तमा पुग्ने त उही घाट न हो ।

जीवन र सत्यको अनेक रङ्ग देख्दा लाग्छ यी साह्रै तरल छन् । केन्द्र भन्नु कही छैन, केही छैन । बहुलकेन्द्र या बहुलपना आफैँ पो सत्य हो कि ! अनि जीवन- हर दृष्टिमा फरक देखिने, फरक बुझिने, फरक महसुस गरिने क्षेत्र । सम्भवत मानव चोलाले पाएको एक विशेष उपहार ।

यसबखत म जीवन र सत्यको बहुर ङ्ग महसुस गर्दैछु । जतासुकै उघ्रिदिन सक्ने रहेछ यसका अन्तरआयामहरू । मात्र देख्न/हेर्न सक्नुपर्ने रहेछ ।

आजकल मेरो बार्दलीमा ढकमक्क मुस्कुराइदिने मौसमी समय लापता छ । छिमेकघरमा भने भ्याइनभ्याइ फुलिरहेको छ लालुपाते समय । रात्ताम्मे गुच्छादार लालुपाते फूल । ऊ बैंसालु देखिएकी छ । प्रत्येक कडा माघे झोक्कालाई चुनौति दिदै ऊ नाँचिदिन्छे । म उसको भर्भराउँदो उमेरलाई एकटक हेरिरहन्छु । अलिकति उसको लालिमा पैँचो मागूँ झैँ लाग्छ । हठात् उठेको यस भावले मलाई एकपटक फेरि यथार्थको धरातलमा पछारिहाल्छ ।

बोटबिरुवाले हरसाल पाउने जवान समयको विपर्याय, मानव जीवन । सकिएको समय र बगेको उमेर उसले फर्काउन सके पो ! चिसो र न्यानोको एक अनौठो मिश्रण मेरो हृदयकुनाभरि छरिन्छ । तथापि म तत्काल सम्हालिन्छु ।

जीवन कसको अडिएको छ र ?

ऊ त बग्नु नै पर्छ ।

समयले कहाँ पछि फर्कन्छ त ?

ऊ त अघि लम्कनै पर्छ ।

बग्नु, अघि बढ्नु अनि निरन्तर यात्रारत रहनु नै ब्रह्माण्डीय सत्य हो । मानिस यही ब्रह्ममाण्डको एक कण ।

सोचाइक्रमसँगै मेरो मनभरि न्यानोपना छाइदिन्छ ।

म पुनः बार्दलीमा फर्कन्छु ।

लालुपातेको यौवना समय विपरीत छ मेरो गमलाका फूलबोटहरूको अवस्था । उनीहरू चिसोलाई जेनतेन झेल्दै धिपधिप बाँचिरहेका छन् । लालुपाते इतऱ्याइको जवाफमा घरी घरी सुस्त लहरिन्छन्, बस् । तत् क्षण मेरो हृदयको क्यानभासभरी एक अर्थपूर्ण जीवनचित्र कोरिन्छ । जीवनको एक सुन्दर पाटो मेरो अघि फेरि उघ्रिदिन्छ ।

माघ पछि लालीगुराँसमय समय पनि त आउँछ ।

कल्पनासम्मले पनि मेरो मनभरी न्यानोपना पोतिइसक्छ । यस पल मेरो मस्तिष्कीय गुफामा एक लहर लालुपाते समय र एक हरफ गुनकेसरी लय गुन्जिरहेको छ ।

# दियालो भूटान– यसैले सल्काउँछ राँको होस् या डढेलो



– प्रा.डा. गोविन्दराज भट्टराई

युद्ध अन्त्य भएको धेरै भयो । त्यहाँका क्रूर शासकहरुको विजय भयो । एकलाख भूटानी नेपालीलाई मातृभूमिबाट निष्काशित गरे र तिनीहरुलाई अन्धकारमा लडाएर छोडे । त्यो एक दशक लामो युद्ध थियो । यद्यपि त्यसको तयारीमा कति दशकको तयारी थियो आफ्नो जन्मभूमि भूटानका वन पाखा र भीरमा पनि लडाइँ पस्तैछ भन्ने पूर्वाभाषले गर्दा नेपाली मूलका संपूर्ण भूटानी त्यहीँ लडे । हसियाँ, खुर्पा, खुकुरी, लठ्ठी, भाला, बञ्चरा जेछ त्यहीसित लडे, तर उनीहरुसित बन्दुक थिएन, गोली थिएन, जेलनेल थिएनन्, आफ्ना बैरीलाई देशको सीमाना कटाएर खेद्ने आँट र उपाय थिएन । त्यो शक्तिशाली शासकसित भने निर्लज्ज भएर क्रूर दमन गर्न सक्ने शक्ति थियो । त्यो अपराधलाई नदेखेको गरिदिने छिमेकी राष्ट्र थिएन ।

ती निहत्थाहरु आफ्नै पूर्खाल्याण्ड नेपालमा पसे र कन्काई बगरतिर भयंकर दुखले बसे≤ रुँदै कराउँदै बेसहारा बनेर । धन्य पितृभूमिले जंगलहरु फाँडेर ससाना बाँसे छाप्रा बनाउने ठाउँ भाग लगायो र त्यहीँ बसे भूटानी शरणार्थी 'लेबल' बोकेर । ती शिविर भित्रको अभावको जीवन, चरम दुखमा डुबेको थियो । तर धैर्य नछोड्ने, धर्म नछोडने, आफ्नो जातीय चेतना नभूल्ने, पुर्खाका पदचाप नबिर्सने नेपाली जातिहरु पर्खिरहे, पर्खिरहे र एकदिन एक समाधान निस्किएला भनेर ।

नभन्दै विश्वले ती क्रन्दन सुनेछ र एकदिन  समाधान निस्कियो । त्यसले ती मर्न नसकेका बोटलाई मर्न नचाहने विरुवालाई उखेलेर अरु आठ देशमा सा¥यो । एक ठाउँ ता नेपालको वियाडमै छोडिदियो । ती छुटेका कि रहेका पाँच हजारसित बेलाबेला मेरो भेट हुन्छ । आज पनि ती पाँच हजारहरु त्यहीँ छन्, त्यस्तै छन्– तीस वर्ष देखिका विरासत । म दमक आईबस्छु । आफ्नो निकै पुरानो बासभूमि छ यहाँ । पिताजीले २०२३ सालमा जोडिदिनु भएको; आज ६० वर्ष बितेछन् । त्यसबेला हामी भूटान छोडेर पहाड बसैँ फिरेका सात वर्ष बितेका थिए । म मात्र यहाँ नागरिक भएँ; ती भूटानमा सँगै बसेकाहरु यहीँ अनागरिक छन् भन्ने देख्ता यो मन ग्लानी र दुखले भरिन्छ । मेरा पाँच हजार छिमेकी असहाय देख्तछु । तर शब्द चलाउने म पो के गर्न सक्छु र ?

ताप्लेजुङको पहाड छोडेर भूटानको

बसाइँ-सराई, फेरि भूटान छोडेर पहाड फिर्ति, फेरि औलो विमार उन्मूलन हुन थालेको मधेसमा बसाइँ, यो नेपालीहरुको जातीय चरित्र पनि रहेछ । अघि माइकल हट, डेविड गेल्नर, मार्क टुरिन, म्यान हियर आदि अनेकले ग्रन्थ लेखे, लेख्तैछन् । सिद्धान्त पनि बनाए नेपाली जातिबारे कसले कहाँ के भन्छ त्यो कुरा अध्ययन गरी नयाँ भूटानको छायाँ-चित्र (२०८१) भन्ने कृतिमा समावेश गरेको छु ।

हाम्रै गाउँको शिरमा विशाल शरणार्थी शिबिर स्थापित भयो । त्यो जीवन अस्थायी होला भन्ने थियो र अनेक कष्ट खप्तै हजारौं भूटानी नेपालीले त्यहाँ दुई दशक व्यतीत गरे । ती दिनमा गाउँका खेती गरे, वस्तु हेरे, घर गोठ बनाए, बाटो खने, ससाना व्यापार गरे, स्कूल पढाए ता पनि जीवन आशावादमा थियो, प्रतीक्षामा थियो, आफ्नो जन्मभूमि छुटेको चिन्ता दुख, अतीत प्रेम र पुनर्मिलनको कल्पनामा थियो । यो पुर्खा भूमिले हाम्रो रक्षा गर्ला भन्ने थियो । ती दिनका यथार्थ चित्र देखाउने धेरै कृति लेखिएका छन । शिविरमा पनि सचेत र पठित स्रष्टाहरुको कमी थिएन । उनीहरुले अनेक कृति जन्माए । पछि पुनस्थापित भएपछि रमेश दियालीको छाप्रो नं. ५५ पथरीको शिविर जीन्दगी बोल्ने एक पठनीय र प्रशंसित आख्यान जन्माए । २०२२ को भूटानी यात्रामा मैले रमेशलाई कोलम्बसमा भेटैं । त्यो भन्दा पहिले कृष्ण धराबासीको शरणार्थी उपन्यास एक माष्टरपीस थियो । सबैको शुरुको जरा ता मेरो मुगलान हो । आज ५१ वर्ष लागे । त्यसैमा यतिका वर्ष बिते तर त्यो आशा र कल्पना कहिल्यै छुटतैन होला । उखेलेर जता पुऱ्याए पनि ती जराले मूलभूमिकै हावापानी, वतास, माटो र संस्कृतिको सुवास खोजिरहने रहेछन् । अमेरिकी यात्रामा जादा देखैं ओहायो कार्यक्रममा स्टेजको एउटा कुनामा अमेरिकी झन्डा, अर्को कुनामा भूटानको झन्डा लगाएको देखैं बीचमा नेपालको झन्डा यो संकेतले दुख र समन्वयको एउटा महाकाव्य बोलिरहेछ ।

त्यो वर्ष अमेरिकामा भूटानी समुदायद्वारा आयोजित दुई भव्य कार्यक्रममा ३५ वटा नेपाली कृति विमोचित भए । यसैपालि यहाँ दमकमा चिया बगानमा काशीराम लामिटारेद्वारा आयोजित एकदिने कर्ममा पनि भूटानी नेपाली समाजका पाँच कृति लोकर्पित भए, विश्वलाई राम्रो आवाज सुनाउन दुईवटा अंग्रेजीमा पनि ।

अक्षरमा अन्तर्निहित शक्तिलाई नेपालीले भूलेको छैन । आजभन्दा १०० वर्ष अघि दार्जेलिङले दियालो प्रकाशन शुरु गऱ्यो । त्यसको कभर पृष्ठमा बलिरहेको दियालो छ र त्यसको तल पारसमणि प्रधानद्वारा रचित दुई लाइनको एक श्लोक छ यस प्रकार–

“शहरभित्र एकान्त खोपी यो गरोस् उज्यालो

झोपडीभित्र यसैले बालोस् मनको दियालो !!”

त्यो दियालो सय वर्ष बलिरह्यो; अझै निरन्तर छ । त्यो अन्धकार युगमा

सुधपाले एक भाषिक दियालो सल्काएर अन्धकारमा हराएका नेपाली जातिलाई अक्षरको उज्यालो बालेर देखाउनुपर्छ भन्ने सन्देश दिएका थिए । यसपालि (२०२५ को मे महीनामा) त्यसको १०० वर्षपछि प्रथम शताव्दी उत्सव मनाउन भनी नेपालबाट हामी ६ जना (रोचक घिमिरे, डा. तुलसी भट्टराई, म, शरच्चन्द्र वस्ती, प्रा. कुमार कोइराला र शरद प्रधान निमन्त्रणा पाएर दार्जेलिङ पुग्यौं । त्यहाँको दुई दिने शतबार्षिक उत्सवमा भाग लिएर फर्कियौँ ।

उसबेला विद्यालयको पठनपाठनमा बंगाली अंग्रेजी भाषा मात्र भए, नेपाली भएन भनी संघर्ष गर्ने ती पारसमणि जस्ता अग्रणीहरु कहाँ पुगे तर उनीहरुले सल्काएको दियालो सर्बत्र उज्वल छ । विद्यालय स्तरका पाठ्यपुस्तक नेपालीमा लागू भए, कलेजमा नेपाली पुग्यो । गर्दागर्दै भारतीय संविधानमा नेपाली भाषाले संवैधानिक मान्यता पायो, अन्य संवैधानिक भाषा सरह नेपाली भाषी स्रष्टा र अनुवादकलाई साहित्य अकादमीले राष्ट्रिय मान्यता प्रदान गऱ्यो, नेपाली भाषा सिक्किम लगायतका स्थानमा अनुसूचित भाषा अन्तर्गत सम्मानित भयो । सयौं वर्षदेखि यही नेपाली भाषालाई हुर्काउँदै लगेर भूटानी नेपाली जातिले पनि यसलाई कलेजसम्म पुऱ्याएका थिए । त्यहाँ पनि नेपाली संस्कृति भिजेको जीवन थियो । तीन दशक अघि भोटाङका भोटे राजाले त्यो नेपाली भाषा र संस्कृतिलाई निमोठ्तै लगेर आफ्ना निहत्था नागरिकमाथि हिटलरी अत्याचारको वर्वरता साधेका थिए । अझै त्यो घाउ शान्त भएको छैन । कैयौं भूटानी नेताहरुले आफ्नो देशमा प्रजातन्त्र स्थापनार्थ लडाईं गर्दा गर्दै प्राण त्याग गरे ।

गतवर्ष प्राण त्याग गर्नु भन्दा ६ महीना पहिले प्रकाशित कृति जनरव फिरादमा एन.बी. गिरीले लेखेका छन्, "हे महाराज मेरो अपील छ, मलाई मेरो देशको केवल छ हात जग्गा देऊ । म अन्तिम घरी भएपछि यो देह आफ्नो मातृभूमिको काखमा लगेर विसर्जन गर्न पाउँ ।"

तर उनले भूटान प्रवेश गर्न पाएनन् । कसैले पाएका छैनन ।  आम माफी माग्दै उनले नेपालबाटै राजालाई सम्बोधन गरे तर हिटलरको भूत चढेका राजाले के सुन्थे ! वास्तवमा सबै खाले प्रत्यक्ष शासन पद्धतिहरु निरङ्कुश हुन्, जुनसुकै खोलमा भएपनि वर्बरताका अवतार हुन । तर एकदिन तिनको अन्त्य अवश्यंभावी छ, एकदिन अन्यायको हिसाब हुन्छ, एकदिन हिटलरहरु पनि माटामा पसारिन्छन । यो देख्तै आएका छौँ ।

भम्पा राई त्यस्तै जातीय अधिकारका एक योद्धा थिए । उनी गए । दियालोको अघिल्लो अङ्कले स्रष्टा/चिन्तक डा. गोविन्द रिजालको संझना गरेको छ । अरु थाकेर बसेका, चिन्तामा डुबेका बलराम पौडेल, टेकनाथ रिजाल रहेका छन् । सात वर्षअघि टेकनाथलाई भेट्न हामी विर्तामोडदेखि तल गयौं । त्यहाँ उनले एक उपहार दिए– सेतो सिरानीको खोल । त्यसले एउटा संझनाको चिनो ठानी बाकसमा राखेका छौं । त्यो

निम्नानुसार छ :


यसपालि झापा जाँदा केही पुस्तक उपहार गर्न बेलडाँगी शिविर पुगेँ । त्यहाँ लिटरेरि सोसाइटी अव् भूटान (ल्क्यि) नामक एक कार्यक्रम छ । ससानो भाटा, चित्रा, काठको एक आवास । भित्रपट्टि छ एक सुन्दर पुस्तकालय । प्रवासभूमिमा साहित्य चिन्ता भन्ने आसयको सूचना बोर्ड छ यस प्रकार । त्यहाँ दिल भूटानी, तिलक साम्पाङ, थीरु घिमिरे लगायतका भाइहरु भेला हुनुहुन्थ्यो । त्यहाँ केहीबेर बसी भावनाको आदानप्रदान गऱ्यो । दुखका सागर उर्लिरहेका थिए । हामी समुद्र वारि बसी ती कहिल्यै नरोकिने लहर हेर्दै थियौं । दिल भूटानीले एउटा कविता यसरी सुनाए :

म हरिण हुँ
यति बेला म
चिडियाखानामा छु ।
दिनहुँ अवलोकनमा आउने
पर्यटहरुको मनोरञ्जनको
सुन्दर दृश्य भएको छु
म हरिण हुँ ।
सीमित तारघेरामा थुनिएको छु
कसैले दिए खान पाउछु
नदिए भोक लुकाएरै पनि मुस्कुराउँछु
म हरिण हुँ ।
म हरिण हुँ
मलाई आफ्नै जङ्गल प्यारो छ
र त म
मेरै जङ्गलमा फर्किने पर्खाइमा छु ।


*भाङबारी, दमक, झापा*

# भावपूर्ण श्रद्धाञ्जली


गीता केसरी


नगेन्द्रराज शर्मा


डा.राजेन्द्र विमल


दुर्गालाल श्रेष्ठ

नेपाली साहित्यका वरिष्ठ साधकहरू **गीता केसरी** (वि.सं.१९९७/.०३/२७-२०८३/०३/१८) ८६ वर्षको उमेरमा, **नगेन्द्रराज शर्मा** (१९९४/१२/२२ -२०८३/०३/३१) ८९ वर्षको उमेरमा, **डा. राजेन्द्र विमल** (सन् १९४७/०३/२६-२०२६/८/१०) ७९ वर्षको उमेरमा तथा **दुर्गालाल श्रेष्ठ** (१९९२, साउन कृष्ण एकादशी-२०८३/०३/३१) ९१ वर्षको उमेरमा हालै कीर्तिशेष हुनुभएको छ । कीर्तिशेष केसरी, शर्मा, विमल तथा श्रेष्ठप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौँ ।

**नवप्रज्ञापन परिवार**

# प्रकृतिको आँगनमा जीवनको मुस्कान



– ज्ञानेन्द्र विवश

प्रकृतिको आँगनमा जीवनको मुस्कान भेट्नु यौटा सुखद बिहानीको प्रारम्भ भए जस्तै हो। जहाँ म जीवनको उपलब्धि पाउँछु। यात्राको सुन्दर प्राप्ति भेट्छु। अनुभूतिको विशाल भण्डारमा पुग्छु। यो पल मेरा निम्ति जीवन-दर्शनको एक अनुपम क्षण हो। यही अनुपम क्षणमा म आफूलाई बिर्सिएर प्रकृतिको आँगनमा जीवनको मुस्कान भेटिरहेको हुन्छु। यसरी आफैँलाई बिर्सिएर प्रकृतिमा विलीन हुनु भनेको परमानन्दको यौटा दिव्यानुभूति पनि हो।

वास्तवमा प्रकृति र मानवीय संवेदना एकअर्काका पूरक हुन्। जब मानिस कोलाहलबाट थाकेर एकान्तको खोजीमा निस्किन्छ, तब उसले आफूलाई प्रकृतिको विशाल काखमा लुटुपुटु गरिरहेको अवस्थामा पाउँछ। आकाशमा 'जून' देखिनु सामान्य कुरा हो, तर जब त्यो शीतलता पानीको गहिराइमा डुबेर चन्द्रमाको छायाँ बन्छ, तब मात्र एउटा भावुक मनले सौन्दर्यको वास्तविक अर्थ बुझ्छ।

अन्ततः प्रकृतिको यो जादुमयी रूप देख्दा लाग्छ - यो संसारमा माया गर्न लायक चिज अरू केही छैन। टाढा कतै जानै पर्दैन। कतै खोल्सा, झाडी, गल्ली, दोबाटा, चोरबाटातिर खोजेर हैरान हुनै पर्दैन। माकुराका जालो, घुर्‍यानका फोहोर र मैलोधैलो ज्यानप्राणमा पनि सौन्दर्यका आभा फक्रिरहेका हुन्छन्। कुरुपताभित्रको सौन्दर्य भनेको यही हो। यसमै साँचो जीवनको स्वरूप समेटिएको हुन्छ।

एकान्तको आनन्द भन्नु नै वास्तवमा सुन्दरताको आकर्षण पनि हो। मेरा लागि त्यही एकान्तले भलिभाँती अनुभूतिको सौगात प्रदान गरिदिन्छ। म ती सौगातलाई मनको मझेरीभरि फैलाएर त्यहाँ सिर्जनात्मक अनुभूतिको अवतरण गराउन प्रेरित हुन्छु। ती अवतरित अनुभूतिहरू मेरो जीवनका दर्पण हुन्छन्। तिनै दर्पणका आवरणभरि म जीवन्त जीवन बाँच्छु।

कतिपय दृश्यहरू यस्ता हुन्छन्, जो जति टाढा भाग्छन्, मन त्यति नै त्यसको नजिक जान लालायित हुन्छ। क्षितिजमा देखिने हिमाल होस् या ओझेल पर्न लागेको घाम, तिनले मलाई सधैँ आफूतिर आकर्षित गरिरहन्छन्। जब म एक्लै एकान्तमा बसेर यी दृश्यहरूलाई नियाल्न थाल्छु, तब मात्र जीवनको वास्तविक गहिराइ मलाई महसुस हुन्छ।

त्यो एकान्त रिक्तता होइन, बरु आफैँलाई चिन्ने र जीवनदेखि साँचो आनन्द लिने एउटा पवित्र अवसर हो ।

वस्तुतः त्यसमै स्वदेशको माटो र स्वर्गीय आभास महसुस हुन्छ । यही सुगन्धमय फैलाइले जीवनका घाउचोटहरू बिसेक हुन्छन् । मन उल्लासले प्रफुल्लित हुन थाल्छ । त्यतिबेला म हातमा कलम र कापी लिएर अनुभूतिका आयामहरूमा आफूलाई अक्षरको खेती गर्ने एक परिश्रमी कृषक बनेको पाउँछु । त्यतिबेला म कहिले इतिहासको कालखण्डमा पुग्छु, कहिले वर्तमानका अध्यायहरूमा हुन्छु ।

मेरो देश नेपाल, जहाँको कण-कणमा एउटा अलौकिक शक्ति छ । जब म जीवनका सबै सुखहरूलाई समेटेर प्रेमिल क्षणहरूको स्मरण गर्छु, तब आफ्नै देशको भूगोल आँखामा नाच्न थाल्छ ।

हिमाल, जसले शिर उच्च राख्न सिकाउँछ । पहाड, जसले धैर्यता र संघर्षको कथा सुनाउँछ । झरना र फाँट, जसले जीवनमा निरन्तर बगिरहन प्रेरणा दिन्छ । यी दृश्यहरू माटो र ढुङ्गाका आकृति मात्र होइनन्, यिनीहरूमा त स्वर्गीयपनको आभास लुकेको छ । आफ्नै भूमिमा पाइने यो शान्ति संसारको कुनै पनि कुनामा खोजेर पाइँदैन ।

प्रकृति एउटा खुल्ला पुस्तक हो र मेरो हृदय त्यसलाई पढ्ने एउटा माध्यम ! जबसम्म म प्रकृतिको यो निःस्वार्थ प्रेमलाई बुझिरहन्छु, तबसम्म मेरो जीवनमा उज्यालो रहिरहन्छ । आफ्नो देशको प्राकृतिक सुन्दरतामा रमाउन पाउनु नै मानव जीवनको सबैभन्दा ठूलो उपलब्धि र सुखद अनुभूति हो । मलाई जस्तै अरूहरूलाई पनि यस्तै अनुभव हुन्छ होला भन्ने मलाई लाग्छ ।

मानिस कहिलेकाहीँ आफ्नै मान्छेलाई देखेर पनि नबोलेको हुन्छ । शब्दको अभावले होइन, भावनाको गहिराइले उसलाई मौन बनाइदिएको हुन्छ । चिनिएको अनुहार, परिचित आँखाहरू, तर ती आँखामा बसेका पीडा, दूरी वा समयको फरकले जिब्रो बाँधिदिन्छ । यस्तो मौनता बोलाइभन्दा पनि धेरै ठूलो हुन्छ; यसमा सम्झना, पश्चात्ताप, प्रेम र असमर्थताको आवाज मिसिएको हुन्छ । नबोल्नु पनि कहिलेकाहीँ संवाद नै हो- आफ्नै तरिकाको ।

त्यस्तै, प्रकृतिको विराट छटा आँखै अगाडि हुँदा पनि नहेर्ने को होला र ? तर हेर्नु र देख्नु एउटै कुरा होइन । मानिसले प्रकृति हेर्छ, तर कहिलेकाहीँ देख्दैन । जीवनको हतारो, मनको अशान्ति र भोलिको चिन्ताले आँखालाई खुला राखे पनि चेतनालाई बन्द गरिदिन्छ । हिमाल उभिइरहेको हुन्छ, आकाश फैलिएको हुन्छ, नदी बगिरहेको हुन्छ- तर हामी भित्र कतै हराइरहेका हुन्छौँ । जब मन शान्त हुन्छ, तब मात्रै प्रकृति वास्तवमै देखिन थाल्छ, अनि त्यो दृश्य आँखाबाट होइन, आत्माबाट महसुस हुन्छ ।

जीवनको अर्को कठोर यथार्थ भनेको हारेर पनि जितेको अभिनय गर्नुपर्ने अवस्था हो । साँचो खुसी सधैँ सिधा बाटोबाट आउँदैन । कहिलेकाहीँ

हामी भित्रभित्रै थाकेका हुन्छौँ, भाँचिएका हुन्छौँ, तर बाहिर मुस्कान ओढ्न बाध्य हुन्छौँ । समाज, सम्बन्ध र परिस्थितिले हामीलाई बलियो देखिन सिकाउँछ, चाहे हामी कति नै कमजोर किन नहौँ । यो अभिनय कायरता होइन; कहिलेकाहीँ यो बाँच्ने कला हो । किनकि त्यो मुस्कानकै सहाराले अर्को बिहान उठ्ने हिम्मत मिल्छ ।

यात्रा भनेको प्रकृतिको काखमा बस्न पाउने अवसर पनि हो । गन्तव्यसम्म पुग्ने प्रक्रिया पनि हो । यात्रा भनेको त्यो जीवन स्वयं हो । हिँडेर कहिल्यै नथाक्नु भन्नु शरीरको कुरा होइन, मनको कुरा हो । बाटो लामो हुन्छ, उकालो आउँछ, कहिले काँडा पनि भेटिन्छ । तर थाक्नु स्वाभाविक भए पनि रोकिनु विकल्प हो । जीवनलाई शिखरमा पुऱ्याउन निरन्तर हिँडिरहनु पर्छ- कहिले बिस्तारै, कहिले लड्दै-उठ्दै, तर अघि बढिरहनु पर्छ ।

यसरी हेर्दा, जीवन मौनता र शब्द, दृष्टि र अन्धोपन, हार र अभिनय, थकान र यात्राको अद्भुत मिश्रण हो । यही विरोधाभासभित्र हाम्रो अस्तित्व पलाउँछ। जब हामी यी सबैलाई स्वीकार गर्छौँ, नबोल्ने क्षणलाई, नदेख्ने आँखालाई, नजितेको जितलाई र नथाक्ने यात्रालाई- तब मात्र जीवनले आफ्नो साँचो अर्थ खोल्न थाल्छ । जीवन सधैँ सहज हुँदैन, तर यही असहजताले नै यसलाई गहिरो, सुन्दर र अर्थपूर्ण बनाउँछ ।

जीवन एउटा यस्तो खुल्ला किताब हो, जहाँ हरेक पानामा नयाँ अनुभूति र चुनौतीहरू कोरिएका हुन्छन् । कहिले आफ्नै मान्छे बिरानो बनिदिन्छन् त कहिले प्रकृतिको विशालताले हामीलाई मौन रहन बाध्य बनाउँछ । मानिसको अस्तित्व  सास फेर्नुमा मात्र सीमित छैन; यो त हारेर पनि जितको मुस्कान छर्न सक्ने कला र थाकेर पनि गन्तव्यतर्फ लम्किरहने साहसको एउटा समष्टिगत रूप हो ।

'नबोल्ने को होला देखेर पनि । चिनेको आफ्नै मान्छेलाई ?' यो प्रश्नले हाम्रो समाजको एउटा नमीठो सत्य ओकल्छ । कहिलेकाहीँ परिस्थिति र समयले यस्तो मोड ल्याइदिन्छ कि आफ्नै भनिएका मानिसहरू पनि अपरिचितझैँ तर्केर हिँड्छन् । चिनेर पनि नचिनेको स्वाङ पार्नु र देखेर पनि नदेखेझैँ आँखा तर्नु मानवीय सम्बन्धको एउटा जटिल मोड हो । यद्यपि, सम्बन्धको यो मरुभूमिमा पनि हामीले स्नेहको तिर्खा मेट्ने प्रयास गरिरहनुपर्छ ।

हाम्रो वरिपरि प्रकृतिको अनुपम उपहार छ । 'नहेर्ने को होला प्रकृतिको विराट छटा आँखै अगाडि दृश्यमान हुँदा ?' हिमालको सेतो मुस्कान, नदीको कञ्चन बहाव र हरियालीको शीतल काखले हामीलाई हरपल जीवन जिउने प्रेरणा दिइरहेका हुन्छन् । जसरी प्रकृतिले आफ्नो सुन्दरता कसैको लागि लुकाउँदैन, त्यसरी नै हामीले पनि आफ्नो हृदयको ढोका खोलेर संसारलाई हेर्न सक्नुपर्छ । प्रकृतिको यो विराटताले सिकाउँछ कि हामी ब्रह्माण्डका साना अंश हौँ र हाम्रो दुःख पनि उस्तै क्षणभंगुर छ ।

हारभित्रको जित र खुसीको खोजी आफैँमा यौटा सौन्दर्यको उद्घाटन हो । जहाँ प्रकृतिको आँगनमा जीवनको मुस्कान भेट्न पाइन्छ । परन्तु जीवन सधैँ सोचे जस्तो हुँदैन । कहिलेकाहीँ मैदानमा पछारिँदा पनि ओँठमा मुस्कान सजाउनुपर्ने बाध्यता हुन्छ । 'हारेर पनि जितेको अभिनय गर्नुपर्छ खुसी पाउनलाई ।'

यो कुनै ढोँग होइन, बरु आत्मबलको पराकाष्ठा हो । संसारले सफल व्यक्तिलाई मात्र चिन्छ, तर वास्तविक नायक त ऊ हो जसले आफ्ना पीडाहरूलाई लुकाएर अरूको खुसीका लागि मुस्कुराउन सक्छ । हारलाई स्वीकार गरेर त्यसैमा जितको बीउ रोप्नु नै परिपक्वता हो ।

अन्ततः, जीवन एउटा यात्रा हो । यो यात्रामा सुस्ताउने छुट त छ, तर रोकिने अनुमति छैन । 'हिँडेर कहिल्यै थाक्नु हुँदैन, यात्रामा जीवनलाई शिखरमा पुऱ्याउनलाई !' शिखर चुम्ने सपना देख्नेले बाटोका ढुङ्गा र काँडाहरूसँग डराउनु हुँदैन । हिँड्दा ठेस लाग्नु सामान्य हो । उकालो चढ्दा थाक्नु र ओरालो झर्दा खुट्टा फतक्कै हुनु पनि सामान्य कुरा नै हो । यसरी पाइलाहरू थकित होलान्, तर इच्छाशक्ति कहिल्यै थाक्नु हुँदैन । जबसम्म सास छ, तबसम्म आस छ र जबसम्म आस छ, तबसम्म गन्तव्य पुग्ने तिर्खा जीवित रहन्छ ।

सम्बन्धका उतार-चढाव, प्रकृतिको सुन्दरता, सङ्घर्षको अभिनय र गन्तव्यको भोक- यिनै तत्वहरूले नै मानिसलाई 'मानिस' बनाउँछन् । जीवनको यो सुन्दर काव्यमा हामीले आफ्नै भूमिका इमानदारीपूर्वक निभाउनुपर्छ । थाकेर होइन, जागेर हिँड्नुपर्छ; किनकि शिखरमा पुग्ने आनन्द तिनले मात्र पाउँछन् जसले यात्रालाई गन्तव्यभन्दा बढी प्रेम गर्छन् ।


अन्ततः मेरा लागि यी सबै जीवनका नियमित प्रक्रिया हुन् । म यसमै खुसी छु । म यसमै आनन्दित छु । कोही नहिँडे पनि म हिँडिरहन्छु । कोही नपुगे पनि म पुगिदिन्छु । कोही नगए तापनि म गइदिन्छु । कसैले नदेखे पनि म देखिदिन्छु । किन कि मैले प्रकृतिको आँगनमा जीवनको मुस्कान भेट्नु छ ।




## निजी क्षेत्रका नेपाली साहित्यिक पत्रकारिताको वर्तमान स्थिति

वरिष्ठ कवि तथा अन्वेषक कृष्ण प्रधानले निजी क्षेत्रका आठजना साहित्यिक पत्रकारसँग कुराकानी गरी यो पुस्तक तयार बनाउनु भएको हो । यसमा 'नेपाली साहित्यिक पत्रकारिताको वर्तमान स्थिति'को सुन्दर विश्लेषण गरिएको छ ।

# म र मेरो परिवार



– डा. तुलसी भट्टराई

"म आफू, स्वयं । नेपाली जगत्मा बाल बालिकाको पहिलो बोली फुट्दा उच्चारण गरिने लाम्लो म - राम्रो म" । नाकको टुप्पोमा औंला राखेर देखाइने म । उत्तम पुरुषको एक वचन । सर्वनाम म । व्यक्तिको मान, प्रतिष्ठा, ज्ञान-बोध, सुख-दुख, लाभ-हानि, स्तुति-निन्दा, जय-पराजय, हाँसो-रोदन यावत् कुराको प्रयोक्ता-उपभोक्ता-'म' । जीवन भनेकै म हो । म अहं पनि हो । अहं-ब्रह्म मानिन्छ । म-ब्रह्म स्वयं हो । 'म' जीवन्तताको प्रतीक । 'म' अहंकार । 'म' परिचय बोध ।

म सर्वस्व हो । त्यसैकारण जन्मेदेखि मृत्युसम्म 'म' को खोजीमा, 'म' को रक्षामा मानिस लागिरहन्छ । 'म' भन्नु नै परमात्मा हो । 'म' जीवन हो । 'म' दानव हो । 'म' ईश्वर हो । 'म' स्वयं - परिवार हो, समाज र राष्ट्र पनि हो । जुन दिन 'म' रहँदैन संसारको सृष्टि नै समाप्त हुन्छ ।

परिवार-रगत, वीर्य, नाता, घर, वैवाहिक सम्बन्ध आदिबाट संयुक्त व्यक्तिहरुको समूह । एउटै भान्सामा खाने घरका मानिसहरुको समूह । सजातीय, एक गोत्रिय जन समूह । वंश, गोत्र, कुल, जाति, कुटुम्ब । एउटै उद्देश्य, कार्य योजनाका लागि संगठित समुदाय- अर्थात् 'परिवार'को अत्यन्तै व्यापक अर्थ हुन्छ । दार्शनिकहरु त विश्वलाई नै एक परिवार ठान्छन् । 'ब्रह्माण्ड' एउटा घर हो, एउटा परिवार हो- भन्ने धारणा व्यक्त गर्ने गर्छन् ।

सामान्यतः परिवार भन्नाले एउटै भान्सामा खाने, एउटै छानामुनि बस्ने व्यक्तिहरुको समूह बुझिन्छ । एउटा समूहमा पाँच पुस्तासम्म पनि हुने गर्छन् । बाबु-आमा, छोरा-छोरी, नाति-पनाति, जनाति सम्म । संयुक्त परिवारमा प्रायः तीन-चार पुस्ता हुने गर्छ । आजको सहरी परिवेश र परिवार नियोजनको उपकरणद्वारा परिवार-सदस्य संख्या कम हुँदैछ । जे भए पनि पति-पत्नी दुईजनादेखि पाँच, दश .... माथि जति पनि संख्या हुन सक्छ एक परिवारमा ।

'म'हरुको भेला - परिवार । 'परिवार' भित्र मेरो तेरो रहँदैन । हामी हाम्रो- समूहभाव हुन्छ । 'म' 'तँ' को विकाश तीव्र भएपछि परिवार विभाजित हुन्छ ।

'परिवार' मानव विकासको प्रथम खुड्किलो हो । 'म' जन्मिएपछि हामी भन्ने भावको बोध परिवारबाट गर्छ ।

यसैकारण परिवार शिक्षालय हो प्रत्येक व्यक्तिको । यस विद्यालयबाट 'म'ले आफ्नो भाषा, संस्कृति, परंपरा, रीति-रिवाज, धर्म, नैतिकता, सदाचार, आदर, सम्मान, प्रेम, माया ममता, स्नेह एवं मानवता जस्ता महत्वपूर्ण विषयहरु बारे ज्ञान पाउँछ ।

आदर्श 'म' बन्न विवेक, स्वाध्याय, सत्य, धैर्य, शौच, त्याग, परोपकार, सन्तोष आदि गुण आवश्यक छ । मधुर बोली, नम्रता, सद्विचार र विवेकको खाँचो पर्छ 'म'लाई । यी कुराहरु परिवारबाट पाइन्छ । जस्तो परिवेश हुन्छ परिवारको 'म' त्यस्तै बन्छ । परिवार चरित्र निर्माणको विद्यालय पनि हो ।


परंपरा, रहन सहन, पहिरन र सामाजिकताको मूल आधार हो परिवार, व्यक्तिको रक्षा कवच हो परिवार । जीवनको मिठास र आनन्द परिवार भित्र पाइन्छ । 'म' एक्लो कहिल्यै आनन्दित हुन सक्तैन । साधक, योगी महात्माहरु एक्लै पनि खुशी रहन सक्लान् तर सामान्य व्यक्ति परिवारसँग मात्र रम्न सक्छ ।

'म' आज ठूलो बन्ने दौडमा लागेको छ । प्रत्येक 'म' मपाईको प्रचारमा छ । 'म' अरुको मात्र कमजोरी - दोष देख्ने गर्छ । 'म' चिन्ता, पीडा, द्वष, इर्ष्या, निन्दा र अविवेकको खानी भएको छ । घमण्ड र परपीडामा मात्र सन्तुष्टि लिन थालेको छ 'म'ले । राम्रो 'म' हराइसकेको छ । असल 'म' बत्ती बालेर खोज्नुपर्ने भएको छ । राम्रो 'म' बाट राम्रो परिवार बन्छ । परिवारले भोली आउने 'म'हरुलाई सच्चरित्र, नैतिकता, बन्धुत्व र एकताको बोध गराउँछ । प्रेम, सद्भाव र मानवीयता परिवारले दिन्छ ' म' लाई । परिवार 'म' को आश्रय स्थल हो भने 'म'हरुको समष्टि रुप नै परिवार ।

'म र परिवार' एक अर्कामा आश्रित छन् । अभेद, एक स्वरुप एवं परस्पर निर्भर छन् । 'म' बिना परिवार बन्दैन । परिवार बाहिर 'म' अस्तित्वहीन हुन्छ । तर आज 'परिवार'लाई संकटले छोएको छ । उपभोक्तावादी संस्कृतिको विकासले गर्दा 'म' आफैं आधारहीन हुन थालेको छ 'म' ले ।'म' चिन्ताको घर भएको छ । असन्तुष्टि, घृणा, घमण्ड, झूटो, निर्धामाथि प्रहार, परपीडामा सन्तुष्टि लिन थालेको छ 'म'ले ।'म' लाई कुनै पनि शास्त्र - अर्तीले काम गर्न छोडेको छ । -"भूतको पश्चात्ताप नगर, भविष्यको चिन्ता छोड, वर्तमान चलिरहेको छ । खाली हात आयो, खाली हात जान्छौ । तिमी यस धर्तीका एक क्षणका पाहुना हौ । राम्रो, राम्रै सोच । जति बाँच्नु छ सुख-सन्तोष र मुक्त बाँच ।" -'म'लाई यसरी घच्घच्याउँदा पनि टेर्दैन ।'म' भन्न चार दिनलाई पाइएको थियो । दुई दिन आकांक्षा, कल्पना र दूर इच्छामा बिते । दुई दिन यिनकै पूर्ति - प्राप्तिको प्रतिक्षामा बिते । न कहिल्यै कुनै चीज पूरा हुन्छ, न कतै पुग्न सकिन्छ । संसारको दौड, खाली .... छ, अर्थहीन । दौंडदा दौंडदा 'म' केवल मृत्युद्वारमा पुग्दछ । जुन द्वारमा पुगेपछि के हुन्छ .... सोच्न पनि गाह्रो छ ।यसो भनेर 'म' केवल उन्मुक्त, त्याग र सन्तोषमा मात्र रहने चीज भनेको

होइन । सीमाभित्र - आदर्श-मर्यादा र सत्यको पालना गरेर अगाडि बढ भनेर ‘म’ लाई बाटो देखाइदिएका छन् शास्त्र, महापुरुष र आदर्शहरुले ।‘म’ लाई आज धेरै अप्ठ्यारो छ । ‘म’ सधैं भयभीत छ ‘म’ तर्सिएको छ आज । ‘म’ को आदर्श शिक्षालय, सुख शान्ति, मर्यादा एकता, भातृत्व र बन्धुत्वको प्रमुख केन्द्रबिन्दु एवं आश्रयस्थल - ‘परिवार’ विश्रृंखलित, विच्छिन्न र अस्तव्यस्त हुँदैछ। ‘म’ वादले गर्दा परिवारको स्वरुप पूरै खलबलिएको छ । ‘म’को समूह - परिवार आपसी सद्भाव माया, ममता र स्नेहले बनेको हो । शारीरिक भेला होइन - परिवार । ‘परिवार’ भनेको ‘म’ को आत्मा, हृदय, मन, बुद्धि-विवेक एवं सम्पूर्ण कुराको निःस्वार्थ समर्पण र त्यागको आधारशीला हो । ‘म’ को एकाकार स्वरुप हो - परिवार ।उपभोक्तावाद र एकल सोचका कारण ‘म’को महत्व सकिंदैछ । नारी मुक्ति आन्दोलन। नारी स्वतन्त्रता/पुरुष-पुरुष वा स्त्री-स्त्री बीचका एकलिङ्गी प्रेम र विवाह/सन्तान नजन्माउने प्रवृत्तिको विकास । यौनलाई केवल क्षणिक सन्तुष्टिको कारक मानेर बिहे नगरी - यौनमा मात्र आधारित जीवन बिताउने प्रवृत्तिको विकास/बिहे नगरी आमा वा बाबु बन्न पाउने अधिकारको खोजी आदि कारणले गर्दा ‘म’ हराउन थालेको छ। ‘म’ स्वार्थी भएको छ। त्यसकारण आज ‘परिवार’ समाप्त हुने स्थितिमा छ।


जीवन अखण्ड प्रवाहित नदी हो । जीवनको कुनै निष्कर्ष हुँदैन, विरामक्षण हुँदैन । -यसलाई ‘म’ले भोग गर्छ । ‘म’ जीवनको स्वरुप हो। स्वरुपहरुको संगम परिवार हो । ‘म’ र परिवार एकाकार हुन सकेमात्र संसार चल्न सक्छ। संसार भनेकै मानिस हो । मानिस विवेक, बुद्धि र हृदयको विशिष्टताले बनेको प्राणी हो । यही विशिष्टताले विश्वमा अधिकार लिएको छ । विश्व हाँकेको छ । विश्व नै एउटा ‘परिवार’ भन्ने दार्शनिकताको आधारमा पनि यही हो । -‘म र मेरो परिवार’ को एकाकार स्वरुपको निर्माण । आदर्श, निःस्वार्थी-‘म’ र यस्तै ‘म’हरुको संगम -‘परिवार’ निर्माण तर्फको सोच आजको प्रमुख आवश्यकता भएको छ।


**स्वर चिकित्सा तथा नाडी विज्ञान**

पौरस्त्य चिकित्सा विधासँग सम्बन्धित प्रस्तुत पुस्तक प्राचीन ज्ञान बुझाउने सामग्री हो । हजारौ वर्षअघि ऋषि मनिषिहरूले यो रहस्य अनुभूत गरेका थिए। प्रस्तुत पुस्तक हाम्रो ज्ञान परम्परा बझ्नका लागि अति महत्त्वपूर्ण छ।

# त्यागको अभिलेख



– ध्रुव मधिकर्मी

कुनै बेला एउटा कथा पढेको थिएँ । कथा या कविता ! अलि अन्योल भयो अहिले । जेहोस् पढेको थिएँ विद्यार्थीकालमा । पाठ्यक्रममा भएको । धेरै समय अगाडिको कुरा भएकोले अहिले कथा या कविता भनेर कन्फ्युज्ड भएको हुँ । तर त्यो कति प्रभावकारी थियो भने जुन विषय आज पनि दिमागमा सुरक्षित छ । विषय हो एउटा देवदूत एकजना सज्जन मान्छेको अर्धसपनामा आउँछ र उसले त्यो सज्जनलाई असल मान्छेहरूको सूचीमा तिम्रो नाउँ त सबभन्दा तल छ भन्छ । तर उसको शिष्टता, आतिथ्य र व्यवहार आदि देखेर देवदूतले जाने बेलामा भन्छ, हेर असल व्यक्तिहरूको सूचीमा तिम्रो नाउँ सबभन्दा माथि छ भनेर देखाउँछ ।

जेहोस् यस्तै छ विषय । त्यो सज्जनले आफ्नो व्यवहार विनयशीलता आदिले देवदूतलाई यति प्रभाव पार्छ कि देवदूतले जाने बेलामा आफ्नो सूची हेरफेर गर्न बाध्य भएको बताउँछ । सज्जनले चाहेको भए उसलाई भन्न सक्थ्यो मेरो नाउँ सबभन्दा माथि राख । यसले मेरो प्रतिष्ठा अझ बढ्छ आदि तर उसको सज्जनताले उसलाई त्यस्तो कुरा भन्न दिँदैन । र उसको लागि त्यो कुरा त्यति महत्वपूर्ण पनि होइन । उसले त आफ्नो स्वभाव अनुसार व्यवहार र आचरण गरिरहने हो । उसको काम त सेवा गर्ने हो, गरिरहने हो । मैले यसो गरेँ, उसो गरेँ, म यो हुँ, त्यो हुँ भनेर आफ्नो बखान गर्ने होइन र गरेन पनि । उसले आत्मप्रशंसा पनि गरेन । सज्जनको परिचय भनेकै यही हो ।

तर होइन, अहिले युग बदलिसक्यो । जसरी प्रविधि निरन्तर बदलिरहको छ । मान्छेको व्यवहार, सोच, इच्छा, आकांक्षा, चाहना पनि प्रविधिलाई माथ गरेर अगाडि बढिरहेको छ ।

त्यस्तै महत्ताकांक्षाको एउटा नमूना अहिले नेपाली राजनीतिमा देखिएको छ । त्यसो त राजनीतिमा महत्ताकांक्षा जहिले पनि निकै अगाडि छ । एजेण्डा भने कहाँ कहाँ पछाडि छ तर महत्ताकांक्षा भने सबभन्दा अगाडि छ । महत्ताकांक्षा हो कि फास्ट फुड हो छुट्याउन गाह्रो छ । सबैको महत्ताकांक्षा माथिलो पदमा पुग्ने, त्यो पनि छिट्टै पुग्ने, तत्काल पुग्ने । त्यसका लागि जेजस्ता चलखेल षड्यन्त्र गर्न सकिने हो गर्ने कुनै पनि मूल्यमा ।

फास्ट फुडलाई जङ्क फुड पनि भन्ने गरिन्छ । अचेलका प्रायः

युवाहरूको रुचि त्यसैमा छ । त्यसैगरी राजनीति पनि कतिको लागि फास्ट फुडजस्तै भएको छ। अर्थात् जङ्क फुड वा जङ्क राजनीति । त्यस्तो राजनीति गर्नेलाई जङ्की नेता भन्नु उपयुक्त होला । जङ्क शब्द बाहिरको भयो । हाम्रो ठेट नेपालीमा भन्ने हो भने पत्रु शब्द उपयुक्त हुन्छ । एकजना पोषण सम्बन्धि लेखकले जङ्क शब्दलाई पत्रु भनेर अर्थ्याएका छन् । जङ्क राजनीति अर्थात् पत्रु राजनीति । यस्तो राजनीति गर्नेलाई जङ्की नेता वा पत्रु नेता । तर किन हो मलाई पत्रु शब्द अलि मन परेन । शब्द प्रयोगमा असभ्यता भयो कि भन्ने लाग्छ । यो सरासर कसैलाई अपशब्द प्रयोग गरेजस्तो लाग्छ ।

किन छुच्चो हुनु ।

हामीलाई अंग्रेजी शब्द वा विदेशी शब्दप्रति विशेष मोह छ। हामी कतिपय सन्दर्भमा नजानीकन पनि अरुको भाषा बोल्छौं। विदेशी भाषा विशेष गरी अंग्रेजी बोल्न पायौं भने स्वर्गैमा पुग्यौं कि भन्ने गर्व गर्छन् । सुन्नेले पनि कानै पवित्र भएको ठान्छन् । अनि त बोल्नेलाई के चाहियो ! मलाई पनि यस्तै बोध भयो ।

जङ्क वा जङ्की भन्दा कति मजाको युगसुहाउँदो जस्तो लाग्छ । पत्रु भन्दा कसैलाई मिठो लाग्दैन । जस्तो पत्रु खाना भन्यो भने खानेलाई त के नखानेलाई समेत वाक्वाकी लाग्छ । जङ्क फुड भनियो भने त्यस्तो पटक्कै लाग्दैन । जसलाई पनि खाउँखाउँ लाग्छ। केटाकेटी युवायुवतीका लागि त कुरै भएन। वास्तवमा अंग्रेजी शब्द कति मीठो, सोबर, सभ्य र संम्प्रेषणीय लाग्छ, त्यति नेपाली शब्द लाग्दैन। जस्तो एउटा शब्द सेक्सलाई लिऊँ। त्यसको नेपालीमा भन्नुपर्‍यो भने यौनसम्म ठीक छ तर ठेट नेपालीमा भन्नुपर्‍यो भने लाजले मुखमा शब्दै आउँदैन । त्यस्तै अन्य कतिपय शब्द छन् जसलाई हामीले अलि घुमाउरो भन्नुपर्ने हुन्छ । तर केही शब्द भने नेपालीमा बडा राम्रा छन् सटिक लाग्ने । त्यस्तै एउटा शब्द हो झिल्के । फास्ट फुडवाला राजनीति गर्ने दल र नाइकेलाई झिल्के दल र झिल्के नेता भन्दा अत्यन्त उपयुक्त जस्तो लाग्छ।

कुरा अन्त मोडियो ।

कुरा के हो भने देवदूतको सूचीपत्रमा भएका नामावली जस्तै अहिले त्याग गर्नेहरूको नामावली पनि निक्लेको रहेछ नेपाली राजनीतिमा । वा भनौं, त्याग गर्नेहरूको नामावली तयार हुँदै रहेछ । कसले कहाँ यस्तो नामावली तयार गरेको रहेछ भन्ने कुरो बडो महत्वपूर्ण छ। यस्तो नामावली राज्यले वा सरकारी निकायले वा अधिकारप्राप्त कुनै आयोगले वा अख्तियारी संस्थाले निकालेको वा बनाउन लागेको होइन । एकजना स्वघोषित वा तथाकथित त्यागीले बनाउन लागेको हो । अझ बनाएको घोषणा समेत भएको अवस्था हो भन्दा पनि हुन्छ । अब यस्तो नामावली निक्लने वा निक्लेपछि त्यसमा नाम थपाथप गर्नेहरूको वा एकसे एकले नयाँ नयाँ नामावली निकाल्ने छन् ।

नेपालको राजनीति र राजनीतिक दल अपरम्पार छ । दलका नाइकेहरू कथामा आउने कुनै देवदूत भन्दा कम छैनन् । ती कतिसम्म ढाँट र छलकपट

गर्छन् भनी साध्य छैन । सरासर भ्रूठ बोल्नु त तिनीहरूको दायाँबायाँ दुबै हातको खेल हो ।

मुलुकमा चुनावको माहोल निर्माण हुन लागेको छ । चुनाव हुने भएपछि नयाँ नयाँ दलको निर्माण मात्र होइन दलबदल र दल समायोजनको नयाँ लहर पनि चलेको छ । हुने पनि यही हो । नयाँ शक्ति, वैकल्पिक दल, प्रकाशवान् पार्टी आदि आदि विभिन्न नाउँले दल बनेका छन् । अनि नवोदित नेतामा यता गुलियो कि उता गुलियो भनेर चहार्ने त भइहाल्यो । नेपालमा चुनाव भनेको दाउ हान्नुजस्तो हो । त्यसैले के के हो नाउँमा जङ्क राजनीति चलिरहेको छ भने जङ्की नेताहरूको पदार्पण पनि भइरहेको छ । अझ नयाँनयाँ अनुहारका झिल्के नेताहरूको ओहोरदोहोर र लेनदेन बडो जोडतोडले चलिरहेको छ । यस्तैमा एउटा नवोदित चालु पार्टीको फुच्चे नाइकेले एकदुई जना झिल्के नेताहरूलाई आफ्नो पार्टीमा भित्र्याए । भित्र्याउन उनले केही सहमति गरे, लेनदेन मिलाए । दलहरूलमा लेनदेन विना के काम हुन्छ र । भित्र्याउन अनुरोध गरेपछि भित्रिनेहरूको माग पूरा नगरी पनि भएन, गरे । अनि तिनका माग पूरा गर्न केही न केही त छोड्नैपर्‍यो । भनेको माग पूरा गर्नैपर्‍यो । नत्र भित्रिंदैन । नभित्रिए भने आफूलाई घाटा हुने । अनि छोड्न परेन त ! सहमति गर्नै पर्‍यो, गरे । त्यसैलाई त्याग भनियो । लेनदेनमा लिने र दिने त भइहाल्छ । केही लिएपछि केही त छोड्नैपर्‍यो, कथित त्याग त गर्नैपर्‍यो ।

त्यस्तै झिल्के पार्टीका झिल्के नाइकेले महान् त्यागको कुरा गरे । उनले त्याग गर्नेको सूचीमा आफ्नो नाम पहिलो सूचीमा दर्ता गरेको सगर्व अर्थात् विना शरम घोषणा गरे । उनले के पाउँछु भनेर होइन अनि के लिन्छु भनेर पनि होइन भन्दै पार्टीको लागि त्याग गरेको सुनाए । यति मात्र होइन उनले ठोकुवा नै गरे त्याग गर्नेको सूची बनाउँदा मेरो नाम पहिलो नम्बरमा दर्ज गराएको छु भनेर ।

राम्रो हो त्याग गर्नु र त्याग गरैं भनेर दर्ता गराउनु । तर जाबो एउटा निजी कुरालाई विश्वमा कहीँ नभएको त्याग भनेर हौवा मच्चाइन्छ भने त्यस्तालाई के उपनाम दिने होला । त्यस्ता नेताले देशको लागि केही गर्ला भनेर कसरी आश गर्ने ! एउटा जाबो झिल्के पार्टीमा कसैलाई भित्र्याएर सहमति गर्दा महान् त्याग गरेको भनिन्छ भने साँच्चिकै पाएको पद नै त्याग गरे भने वा आफ्नो धनसम्पत्ति वा घर नै छोडेको भए त्यस्तो त्यागलाई कुन शब्दले महामण्डित गर्थे होलान् ।

त्याग गर्नेको सूचीमा आफ्नो नाम पहिलो नम्बरमा दर्ता हुनेगरी त्यस्तो के त्याग गरे त ?

त्यत्रो महान् कार्य गरेपछि त्यसको जानकारी त सबलाई गराउन पर्‍यो नि । नत्र त्याग गर्नुको के अर्थ ! त्यत्रो महान् त्याग पनि गर्नु, अनि त्यागबारे कसैलाई सुइँको पनि नदिनु, यो त सरासर आफैंमाथि अन्याय भएन र । अझ दर्ता गराउँदा पहिलो नम्बरमै दर्ता गराएँ भनेर भन्नुले संसारमा अहिलेसम्म कसैले त्याग नै गरेको छैन भन्ने देखियो । भर्खर आएको झिल्के पार्टीका झिल्के

नेताले यस्तो उद्घोष गर्दा पनि त्यस पार्टीका कसैले पनि त्यस्तो कुन त्याग र कहाँ दर्ता गरेको भनेर प्रश्न सोधेको पाइएन । अचम्म होइन त ! त्यस्तो दलका कार्यकर्ताहरूको यो हदको नालायकीभन्दा अरु के होला ।

यो त वर्ल्डरेकर्ड नै भयो कि । यसरी विश्वमा त्याग गर्नेहरूमा यसअघि पहिलो नम्बरमा कसको नाउँ होला ? राणाकालमा श्री ३ को पदवी छोडेर जाने राणा प्रधानमन्त्रीको त्याग हो कि पहिलो नम्बरमा ? अथवा त्यसभन्दा अघि महाभारतका भीष्म पो पहिलो हो कि जसले आजीवन बिहे नगर्ने मात्र होइन त्यत्रो विशाल राज्यको अधिकारसमेत त्यागे । दानवीर कर्ण हो कि जसले आफ्नो ज्यानै जानेगरी सुरक्षाकवच समेत दान गरे । अर्थात् त्याग गरे ।


खैर, त्यो इतिहास र पुराणको कुरा भयो । त्यो हामीले नदेखेको केवल पढेको मात्र । त्यसमा कति सत्यता छ त्यो जाँच्न बाँकी नै छ । त्यसैले पुराण र पुराना कुरालाई पत्याउने कुरै छैन । यो त आधुनिक र भौतिक सम्पन्नताको युग हो । हामीले प्रत्यक्ष देखेभोगेको । हामीले सत्यतथ्य जाँच्न सक्ने । पत्याउन सक्ने । कसैले साँच्चिकै त्याग गरेको भए त्यो देखिन्छ । त्यसैले भीष्म, कर्ण र राणाशमशेरको भन्दा यी झिल्के नाइकेले गरेको त्याग के हो ? अर्को कुरा ती झिल्के नाइकेले त्यागको लागि निवेदन कहाँ दर्ता गरे ? सरकारी वा गैरसरकारी कुनै निकायले अहिलेसम्म त्यागको निवेदन दर्ता गर्न ल्याउनु वा आउनु भनेर कहीँ कतै विज्ञापन वा सूचना सम्प्रेषण गरेको देखिएको छैन वा सुनिएको छैन ।

अथवा आफू पहिलो हुन उनले कतै सुटुक्क दर्ता गराए कि वा दर्ता नै नगराई बाहिर खुला रूपमा पो ढाँटे कि । भेडा जस्ता नागरिक भएका ठाउँमा जसले जे भने पनि के भो । केही फरक पर्नेवाला छैन जे भने पनि पत्याइहाल्छन् । जति नै काण्ड मच्चाए पनि गुलिया मीठा आश्वासनमा जनताको भोट पाइहालिन्छ क्यारे ।

खुलेआम महान त्याग गरेको, त्याग गर्नेको पहिलो सूचीमा आफ्नो दर्ता गरेको कुरा गर्दा पनि कहीँ कतैबाट प्रश्न आएन । चुपचाप सुनिरहे । राजनीतिमा यति सारो भूठ बोल्दा पनि जसले जे बोल्दा पनि कुनै प्रतिक्रिया नहुनु कुनै संवेदना नजाग्नु अचम्मै हो । के यसले हाम्रो संवेदना मरेकै हो ? राजनीतिमा जसले जे गर्दा वा जे भन्दा पनि निर्लिप्त भएर सुन्नु हाम्रो नियति नै भएको हो त ?

राजनीतिमा यसरी पहिलो हुनेगरी त्याग गरिन्छ भने अब पहिलो हुनेगरी अन्य त्यागको सिलसिला पनि त सुरु गरिन्छ होला । एउटा एउटा विषयमा वर्ल्डरेकर्ड राख्नेहरू आउलान् । जस्तो ढाँट कुरा गर्नमा पहिलो, स्वास्नी त्याग्ने पहिलो, नागरिकता त्याग्ने पहिलो, कुइरेनी स्वास्नी ल्याउने पहिलो र त्याग्ने पहिलो, नेपाल त्यागेर अमेरिका भासिने पहिलो, सहकारीको रकम ठगी गर्ने पहिलो, बहुविवाह गर्ने पहिलो, भीड जम्मा गरेर जेलबाट कुलेलम ठोक्ने पहिलो आदि आदिमा पनि पहिलो भनेर स्वघोषणाको दिन आउने हो कि ! यसरी त्यागको अभिलेख राख्न अब कुनै देवदूत वा जनताको आवश्यकता भएन ।

# ‘चौहत्तरौँ जन्मदिनमा



– निर्मोही व्यास

आज २०८२ साल भदौ ४ गते । २००९ साल भदौ ४ गते जन्मेको हुँ म । आजदेखि त्रिहत्तर पुगेर चौहत्तर लागेँ ।

भन्छन्, साठीको उमेर भनेको औपचारिक रूपमा वृद्धावस्थाको द्योतकविन्दु भनौँ वा जीवनको सान्ध्यवेलाको आरम्भविन्दु हो । त्यसपछि मान्छे ह्वात्तै ‘बूढो मान्छे’ मा गनिन थाल्छ । उसको मन-मस्तिष्क जतिसुकै तन्नेरी नै भए पनि अब उसले मन-मस्तिष्कको त्यस तन्नेरीपनमाथि पूरै लगाम लगाउनुपर्छ । समाज नाउँको सर्वोपरि निकायद्वारा यस्तै असंवैधानिक संविधान जारी छ अलिखित नै भए पनि सर्वथा अपरिवर्तनीय र असंशोधनीय रूपमा । तर ओहो ! म त त्यो ‘साठी’ भन्दा पनि अझै तेह्रवर्ष बढी पो भइसकेको छु !

एउटा वयःसीमादेखि वर्षवृद्धिले अलि अनौठो र अलि नमीठो अनुभूति दिएर ढुक्क मुटुलाई ढक्क पारिदिन थाल्दो रहेछ क्यारे अधिकतर मान्छेको मनमा ‘ओहो...! म त अब यति वर्षको पो भएँ वा यति वर्ष पो लागेँ हगि !’ भन्ने लागेर । र, त्यस्ता मान्छेको सूचीमा अचेत जनसामान्य मात्र नभएर जीवन र जगत्‌लाई राम्ररी बुझेका प्रबल मानसिक धरातल र उच्च बौद्धिक स्तरका स्वनामधन्य व्यक्तित्वहरू समेत पर्दा रहेछन् । अतिसंवेदनशील र स्वप्नदर्शी कवि-कलाकारहरूको त झन् कुरै भएन । तर, त्यस्तोखाले अनुभूतिको उदय गराइदिने उमेरको आरम्भविन्दु भने यही नै वा यति नै भनेर किटून गाह्रो पर्दो रहेछ । किनभने, त्यो सबैको हकमा समान रूपले लागु हुँदो रहेनछ । जीवनमा केही गर्न नसक्नेहरूमा मात्र नभएर केही मात्र त के धेरै धेरै गर्न सक्ने र गर्न सकेकाहरूमा समेत ।

नेपाली साहित्यका विराट् प्रतिभा महाकवि देवकोटाले वि.सं. १९९१ मा आफ्नो पच्चीसौँ जन्मोत्सवमा रचेको ‘जन्मोत्सव मुटुका थोपा’ शीर्षक कवितामा–

“पानीघडीका पच्चिस दाना
मोति मोतिझैँ टप्कि गुडे

पच्चिस चिडिया भए रवाना
दुःख सुख गाई गगन फिरे

जल्दो एक चितातिर लाने
पच्चिस मेरा कदम बढे
..............................”

भनेर आफ्नो तत्कालीन यस्तै असहज अनुभूतिलाई अभिव्यक्त गरेका छन् । सिद्धिचरण श्रेष्ठले आफ्नो छत्तीसौँ जन्मदिनमा लेखेको एउटा कवितामा– “कसरी आज म छत्तीस लागेँ...!” भनेर त्यस्तै अत्यासको आशय बोकेको अनुभूति प्रकट गरेका छन् ।

बालकृष्ण समले पैँतीसको हाराहारीको

उमेरमा लेखेको 'मुकुन्द इन्दिरा' नाटकमा त्यस नाटकका आफ्ना मुखपात्र भवदेवको मुखबाट एउटा सन्दर्भमा व्यक्त गरेको सम्वाद– "दियो उमेरमा धक्का अब चालीसले पनि" का माध्यमबाट आफ्नो तत्कालीन उस्तै हतासपूर्ण मनोदशाको प्रतिविम्बन गरेका छन् भने उनले आफ्नो चौँसट्ठीऔँ जन्मदिनमा सिर्जेको 'नमस्कार नमस्कार संसार' शीर्षक कवितामा– "नमस्कार नमस्कार संसार कति रापिलो..." जस्ता अभिव्यक्ति प्रकट गरी चौँसट्ठी वर्ष लाग्दासम्मको आफ्नो जीवनानुभूतिको प्रायः वैराग्यभावपूर्ण समीक्षात्मक टिप्पणी प्रस्तुत गरेका छन् । अर्थात्– कठै, मेरा ती दिन त गएछन् ! 'ते हि नो दिवसाः गताः' ।

यी त केही नमूना मात्र हुन् । यस्ता अभिव्यक्ति अरू पनि अनेक जनाले व्यक्त गरेको पाइन्छ ।

तर, मैले केही यस्ता व्यक्तिको पनि निकट परिचयका साथै चिर स्नेह-सान्निध्य प्राप्त गर्ने सौभाग्यपूर्ण अवसर पाएँ, जसलाई प्रकृतिगत उमेरको चुल्याइँ र 'शरीरं व्याधिमन्दिरम्' को स्वाभाविक स्वरूप र गतिका बाबजूद पनि आत्मबल र सृजनशीलताका दृष्टिले शैथिल्यानुभूतिले आक्रान्त तुल्याउन त के, कहिल्यै छुनसमेत पाएन । तिनका कलमबाट त्यस्तो वयोवृद्धि सम्बन्धी अत्यासपूर्ण अनुभूति अभिव्यक्त भएको मैले कहिल्यै पढ्न पाएको छैन । त्यस्ता व्यक्तिको पङ्क्तिमा पर्ने स्वनामधन्य साधकहरू हुनुहुन्थ्यो ९७ वर्षमा दिवङ्गत हुनुहुने मदनमणि दीक्षित, १०१ वर्षमा परलोकयात्रा गर्नुहुने माधवप्रसाद घिमिरे, १०२ वर्षमा चोला फेर्नुहुने सत्यमोहन जोशी, ८९ वर्षमा अस्ताउनुहुने केशवप्रसाद उपाध्याय, ८८ वर्षमा बिलाउनुहुने तारानाथ शर्मा र अन्य पनि थुप्रै जना । पचहत्तर वर्षको उमेरमा दिवङ्गत हुने सदाबहार हँसिला-रसिला, मिजासिला-फरासिला र फुर्तिला स्वनामधन्य सर्जक ध.च.गोतामे दाइ र मल्टिपल माइलोमा भन्ने प्राणघातक रोगबाट ६८ वर्षको उमेरमा दिवङ्गत हुनुहुने जगदीश घिमिरे दाइ पनि मैले देखे-चिने र निकट सान्निध्य प्राप्त गर्न थालेको कालदेखि लिएर देहावसानकालसम्म पनि उस्तै हुनुहुन्थ्यो सृजनमा पनि र व्यवहारमा पनि एकदमै सक्रिय र एकदमै जीवन्त । उहाँहरू जहिले पनि उत्साही, हौसिला, रौसिला हुनुहुन्थ्यो । अगाध स्नेह-सम्बन्धका कारणले उहाँहरूसित मेरो लामो बसउठ रह्यो, उहाँहरूको जीवनकालभरि त्यो सम्बन्ध यथावत् चलिनैरह्यो । उहाँहरू सबैलाई सधैँभरि उस्तै एकनासकै पाइरहेँ मैले । र अझै पनि त्यस्ता अनेकौँ अग्रजलाई पाइरहेकै छु ।

जन्मेपछि उमेर बढ्दै जानु जीवनको सामान्य प्रक्रिया नै हो । त्यसो नहुने हो भने कुनै नवजात शिशु कहिले कसरी ठूलो हुने र उसले आफ्नो सृजनसामर्थ्यको पूरापूर सदुपयोग गरेर यस सृष्टिलाई सुरम्य तुल्याउने ? र, त्यसैगरी पुराना पात पहेँलिएर नझर्ने हो भने रूख-लहरामा नयाँ पालुवा कहाँ पलाउने र बाग-बगैँचामा वासन्ती हरियाली कसरी छाउने ? जीवनको क्रम अगाडि कसरी बढ्ने ?

संसारमा मान्छेलाई सबैभन्दा मन नपर्ने कुरा मृत्यु हो र फेरि अनिवार्य रूपमा स्वीकार नगरी धरै नपाइने एकमात्र कुरा पनि मृत्यु नै हो । त्यसैले त मानिस जहिलेसुकै पनि र जहाँसुकै पनि मृत्युबाट सन्त्रस्त रहन्छ र त्यसलाई सकेसम्म छल्ने प्रयास गर्दछ ।

अहिले मेरो आँगनको डिलभरि मगमगाउँदा पारिजात र रङ्गीबिरङ्गी तिउरे फूलहरू भरेली भएर मुस्काइरहेका छन् ।

म तिनको सुवास र सुषमा-सौन्दर्यमा मक्ख र अझ लट्ठसमेत छु । संसारमा त्यस्तो कुनै फूल छैन जुन असुन्दर होस्, चाहे त्यो काँडाकै बोटमा फुलेको फूल किन नहोस् । त्यस्तै संसारमा त्यस्तो कुनै काँडा छैन जुन सुन्दर होस्, चाहे त्यो फूलकै बोटमा उम्रेको काँडा किन नहोस् । काँडाको आयु फूलका तुलनामा कता हो कता लामो हुन्छ, तर बिहान फक्रेर बेलुका ओइलिई झर्ने सुकुमार फूलको मूल्य र महत्त्वको लक्ष्यांश पनि कहाँ नसीब हुनु दुच्छर काँडालाई ! तब त महाकवि देवकोटाले पनि भनेका छन्– "फुल्नू सुन्दर भै दुवै दिन पनि हो सार संसारमा"

जीवन त्यही फूल हो र मृत्यु जीवनविरोधी काँडा । यदि फूलको सरलता, मोहकता र सुगन्ध अनि काँडाको आयु लिएर बाँच्न पाइने हो भने मान्छेका लागि त्यसभन्दा बढी खुशीको कुरा अरू के नै पो हुनसक्छ र ? त्यसो त मानिस त्यसै पनि कालजयी छ । आश्चर्यजनक प्रतिभा र सीप, अन्वेषण र आविष्कार, चिन्तन र सृजन, सङ्कल्प र समर्पण अनि जिज्ञासा, जिजीविषा र जिगीप्षा त्यसका कारण र प्रमाण हुन् ।


मान्छे भएको हुँदा मलाई पनि जीवन मन पर्छ, फूल मन पर्छ र सृजना मन पर्छ । त्यसो हुँदा नै म मर्न चाहन्न, कहिल्यै मर्नै चाहन्न तर जीवनमा मरीमरी बाँच्नु चाहिं मलाई पटक्कै स्वीकार्य छैन । ज्यूँदै मर्नुको त झन् कुरै भएन । म त बाँची-बाँची बाँच्न चाहन्छु, हाँसी-हाँसी बाँच्न चाहन्छु र बँचाई-बँचाई बाँच्न चाहन्छु, हँसाई-हँसाई बाँच्न चाहन्छु । त्यो पनि एकसय वर्ष होइन, करोडौंकरोड वर्ष । 'शतम् भूयश्च शरदः शतात्' । अझ त्यो पनि सामान्य वर्ष नभएर प्रकाशवर्ष अथवा दिव्यवर्ष पो त ।

परमसत्यको उपासक हुँ म । ऊसित जानी नजानी सधैँ एउटै जपना, रटना र प्रार्थना छ मेरो अनादिदेखि–'असतो मा सद्गमय' मलाई असत्बाट सत्तर्फ लैजाऊ, 'तमसो मा ज्योतिर्गमय' मलाई अँध्यारोबाट उज्यालोतर्फ लैजाऊ, 'मृत्योर्मा अमृतं गमय' मलाई मृत्युबाट अमरतातर्फ लैजाऊ । मेरा श्रद्धेय पूर्वजहरूले आफ्ना यिनै चेतना, चिन्तन र चरित्र-वैभव उत्तराधिकारमा दिएका छन् मलाई, अनि मेरा आदरणीय अग्रजहरूले यही सिद्धान्त र संस्कारमा दीक्षित तुल्याएका छन् मलाई, भने उमेरवृद्धिले किन आत्तिने म ? किन निराश हुने म ? मृत्युसितको महायुद्धमा निस्सन्देह म नै विजयी हुनेछु । निश्चय नै मृत्युलाई जितेर अमरत्वमा पुग्नेछु म ।

अष्टचिरञ्जीवीको व्यष्टि र समष्टि रूप हुँ म, त्यसैले म मर्दिन । म त चिरकालसम्म बाँचिरहनेछु । हो, आज आफ्नो चौहत्तरौँ जन्मदिनमा प्रबल आत्मविश्वासका साथ यही कामना गर्नुपर्छ मैले र त्यस्तै गर्छु पनि । अझ त्यति मात्र पनि किन र ! कथंकदाचित् मृत्यु हुने नै हो भने पनि म योगेश्वर कृष्ण भएर निर्धक्कसित आफ्ना पुनर्पुनर्जन्मको सगर्व घोषणा गर्छु अहिल्यै– 'सम्भवामि युगे युगे' । सत्प्रवृत्तिको संरक्षण, दुष्प्रवृत्तिको विनाश र धर्मको संस्थापना अर्थात् मानवीय संवेदनाको प्रतिष्ठाका लागि रं मूल्य र महत्ताको स्थापनाका लागि म प्रत्येक युगमा जन्मनेछु ।

अब मलाई वयोवृद्धिको अत्यासले र मृत्युको सन्त्रासले कहिल्यै कहिल्यै पिरोल्नेछैन । आजको मेरो जन्मदिनले मलाई यही मृत्युञ्जयबोधी अनमोल उपहार सप्रेम अर्पेको छ । त्यसलाई आत्मसात् गरेर परम प्रफुल्लताको अनुभूतिमा रमाइरहेको छु म र अब यसैगरी सदा रमाइनैरहनेछु म ।

# लेखनका कुरा



– भीष्म उप्रेती

दक्षिण कोरियाबाट प्राध्यापक तथा अनुवादक ब्रोदर एन्थोनीले पठाउनुभएको उहाँले अनुवाद गर्नुभएको कवि सोङ क्योङ-दोङको आई एम नट कोरियन नामको कवितासङ्ग्रह पल्टाएको मात्र छु, परिचय खण्डमा कवि सोङ शुरुमै प्रश्न गर्छन्- 'तपाईं कस्तो किसिमको संसारमा बस्नुहुन्छ ?'

उनको प्रश्न पढेर म एकछिन रोकिन्छु र सोचमग्न हुन्छु । म आफू बाँचेको मेरो संसार र परिवेशलाई सम्झन्छु र त्यसलाई बिस्तारै नियाल्दै जान्छु ।

तपाईं बाँच्ने र मुस्कुराउने अप्रतीम आकांक्षा बोकेर साँझपख सडककिनारमा ठेला अड्याएर मकै, पानीपुरी, अलिकति तरकारी र भुटेको बदाम बेच्ने अकिञ्चन सपनाहरूमाथि सत्ता भएर आक्रमण गर्नुहुन्छ, उनीहरूलाई अपराधीझैँ लखेट्नु र लुट्नुहुन्छ अनि आफूलाई विजेताझैँ ठान्नुहुन्छ । तपाईं त्यसपछि साँघुरो सडकपेटीमा रुखका विरुवा रोप्नुहुन्छ र आफू प्रकृतिप्रेमी, विकासप्रेमी भएको देखाउने प्रयत्न गर्नुहुन्छ । तपाईं भुइँमान्छेलाई मानवोचित व्यवहार, न्यूनतम सुविधा र ज्ञान उपलब्ध गराउन छुट्याएको बजेटमा धावा बोल्नुहुन्छ अनि कागजमा विकासको प्रतिशत बढाउनुहुन्छ । देशको स्रोत, साधन र सुविधामाथि उपल्ला मुठ्ठीभर मानिसको नियन्त्रण रहन्छ र अधिकांश साधारण मानिसहरू अत्यन्त न्यून स्रोत, साधन र सुविधाका लागि लडिरहनुपर्ने, पसिना बगाइरहनुपर्ने र कृपाका लागि सम्पन्न मानिसहरूतिर दयायुक्त नजरले हेरिरहनुपर्ने अवस्था छ । तपाईं यस्तो समाजमा बस्नुहुन्छ तर यी सबै कुरा देख्नुहुन्न अथवा यिनले तपाईंलाई कहिल्यै स्पर्श गर्दैनन् ।

त्यसकारण तपाईंलाई यसरी विजेतालेझैँ मुस्कुराएको सुहाउँदैन किनभने तपाईं वास्तवमा ती पसिनाले भिजेका भुइँमान्छेभन्दा धेरै गन्हाउनुहुन्छ ।

म आफू बाँचेको परिवेशको संक्षिप्त चित्र यही नै हो । यही सामाजिक संरचनाभित्र रहेर म आफू सृजनात्मक रचनाहरू लेख्छु, लेख्न मन पराउँछु, लेख्ने प्रयास गर्छु ।

एउटा नेपाली कवि/लेखक भएर म अनेक खालका कविता र गद्य रचनाहरू लेख्छु - नितान्त व्यक्तिगत अनुभूतिले भरिएका रचनाहरूदेखि नाङ्गा सामाजिक यथार्थहरूसम्म । म आफ्ना रचनाहरूमा कहिले मुस्कुराउँछु भने कहिले रिसाउँछु, गुनासो गर्छु, औँला ठड्याएर यथास्थिति र जडताविरुद्ध चिच्याउँछु । कहिलेकाहीँ दिक्क मानेर नियास्सिन्छु र फेरि उठेर जागरणका गीतहरू गाउँछु । कहिलेकाहीँ केही पनि नगरी मस्तसँग

सुन्छु मेरा वरिपरिका सबै प्रदुषणहरूलाई पन्छाएर/भुल्ने प्रयत्न गरेर । तर म प्रश्न पनि गर्छु, कोरियाली कवि सोङ क्योङ-दोडले जस्तै म आफ्ना रचनाहरूबाट प्रश्न गर्छु । उनैको वाक्यलाई सापटी लिएर प्रश्न गरिरहन्छु - 'तपाईं कस्तो संसारमा बस्नुहुन्छ ?'

मलाई लाग्छ, यो एउटा प्रश्नले मात्र पुग्दैन । यो अपूर्ण छ । त्यसपछि म यसमा अर्को पूरक प्रश्न समेत जोड्छु - 'तपाईं कस्तो संसारमा बस्न चाहनुहुन्छ ?'

मेरै समाजका, देशका धेरै मानिसहरू साहित्यको उपादेयतालाई लिएर हाँस्छन्, उपहास गर्छन् । कतिसम्म भने कहिलेकाहीँ त परैबाट उपेक्षाभावले भनिदिन्छन्- ' ऊ, कवि आयो ।' तर साहित्य नै त हो जसले मानिसलाई अर्को मानिसको हृदयनजिकै लैजान्छ र उसको हृदयको स्पन्दन सुनाउँछ । साहित्य नै त हो जसले मानिसभित्रको सुक्दै गएको कुवालाई भावना र अनुभूतिले भरिदिन्छ अनि सोचलाई, प्रेमलाई, हार्दिकतालाई पुनः अङ्कुराउन र झाँगिन वातावरण बनाउँछ ।

साहित्यलाई धेरैजसो मानिसले अनुत्पादक कार्य भन्ने गरेको सुनिन्छ । कुनै युवाले साहित्यिक कर्म गर्न थाल्योभने उसका मातापिता चिन्तित हुन थाल्दछन् । उसले व्यापार, व्यवसाय वा राजनीति वा यस्तै ठूलो रकम आम्दानी हुने क्षेत्रमा काम गर्नुपर्थ्यो । हुन पनि धेरैजसो समाज वा मुलुकमा साहित्यले आम रूपमा त्यति धेरै आर्थिक उपार्जन गरेको देखिँदैन ।

बाहिरी आँखाले झट्ट हेर्दा उपर्युक्त भाष्य हो भन्ने लाग्दछ । तर गम्भीरतापूर्वक हेर्नुस् र मनन् गर्नुस् - तपाईं चित्र अर्कै देख्नुहुन्छ । कुनै नेता, योद्धा, अर्थशास्त्री, व्यवसायी, विद्यार्थी, प्रेमी जब अघोरै थाक्छ, असफलताले एकदमै लखेटिन्छ, नितान्त एक्लो अनुभव गर्छ,उसलाई रुने ठाउँसमेत हुँदैन, तब यही साहित्य हो जोसँग ऊ दिल खोलेर कुरा गर्न सक्छ, रुन सक्छ, मज्जाले हाँस्न सक्छ, रिसाएर, चिच्याएर आफूभित्रको गुम्फनलाई निकालेर फ्याँक्न सकिन्छ । यो कुरुपताले भरिँदै गएको संसारमा, प्रविधिले मानिसलाई मेशिनमा रुपान्तरण गर्दै गएको समयमा, मान्छेको अस्तित्वलाई नै समेत एआईजस्ता कृत्रिम वस्तुले कडा चुनौती दिइरहेको बेलामा साहित्य तपाईंको सच्चा मित्र हुनसक्छ ।

यहीँनेर म अर्को कुरा सम्झन्छु । मेरो पुस्तासँग समाज थियो जहाँ म मिसिन जान्थेँ र सामूहिक रूपमा हाँसखेल गर्थें रमाउँथेँ, खेल्थेँ, झगडा गर्दै ठूलो स्वरले कराउँथेँ, खोसाखोस गर्थें र फेरि मिलेर बाँडीचुँडी खान्थेँ अनि ढुक्कले निदाउँथेँ । आज मभन्दा पछिल्लो पुस्ता (अचेल जेनजी पुस्ता भन्ने गरिन्छ) एक्लो बस्छ, मोबाइल र इन्टरनेटमा समेटिएको छ । उसको समाज यही हो किनभने उसले छिमेकी चिन्दैन, मान्छे चिन्दैन । तर धेरैभन्दा धेरै रेडिमेड सूचना र जानकारी उसले यहीँ भेट्टाउँछ । मेरो एकजना साथी भन्नुहुन्छ- 'आठ कक्षामा पढ्ने मेरी छोरीलाई मैले समाज भनेको के हो बुझाउन सकिनँ । कत्ति किसिमले बुझाउन खोज्दा पनि सकिनँ । म समस्यामा छु ।'

उहाँको कुराले मेरो जीउमा काँडा उम्रियो । जीउ फुलेर आयो । हाम्रा छेउछाउबाट, घरआँगनबाट समाज हराउँदैछ । समाज ज्ञानको, सूचनाको उत्पादक र वितरक पनि हो । समाज

हराउनु ठूलो सङ्कटको अवस्था हो । समाज हराउनु भनेको सामूहिकता हराउनु हो, विविधता नासिनु हो, साझा उद्देश्य र फराकिलो छाती हराउनु हो । यो दुनियाँलाई सुन्दर र बस्नयोग्य बनाउन समाज चाहिन्छ ।

संसारलाई सुन्दर बनाउने ठूलो जिम्मेवारी, यसर्थ, लेखक/कविहरूको छ ।

लेखक/कविहरूलाई विषयवस्तु समाजका विभिन्न पक्षहरूबाट प्राप्त हुन्छ - महिलाहरूबाट, बालबालिकाबाट, भुइँमान्छेहरूबाट, ज्येष्ठ नागरिकहरूबाट, बिरामीहरूबाट, कर्मचारीहरू र श्रमिकहरूबाट, सांस्कृतिक मूल्यबाट, परम्पराबाट, विज्ञानको खोजको सफलता र असफलताबाट, प्रकृतिबाट इत्यादि । लेखक/कविले रचनाहरूमा लेख्ने कल्पना पनि यिनै तत्वहरूबाट सृजित ज्ञानबाट प्राप्त हुन्छ। यिनै विषयवस्तुलाई सुरुचिपूर्ण, समाजोपयोगी हुने गरी सकारात्मक भावले सृजना गरी समाजलाई नै फिर्ता गर्ने जिम्मेवारी कवि/लेखकको हो ।


कथा र उपन्यासले तपाईंभित्र सहानुभूतिको भाव उत्पन्न गराउँछ। कविता र निबन्ध (आत्मपरक) ले समानुभूतिको भाव उत्पन्न गराउँछ । यी दुवै कुराहरू मानिसलाई बाँच्न र समाजलाई बस्नयोग्य बनाउन अनिवार्य तत्व हुन् । त्यसैले साहित्यले मानिसहरूभित्र रस भर्दछ र हृदयलाई हराभरा बनाउँछ । हराभरा हृदय लिएर बाहिर हेर्दा संसार उज्यालो र उर्बर देखिन्छ । उर्बरताले सृजना दिन्छ, सृजनाले विश्वास र प्रतिफल दिन्छ ।

अर्को कुरा, आख्यान लेख्दा तपाईंले पात्र र चरित्रहरूको आँखाबाट हेर्नुपर्ने हुन्छ। आख्यान पढ्दा पनि यसरी नै हेरिन्छ । लेखकले होस् वा पाठकले पात्र र चरित्रको आँखाबाट हेर्न थालेपछि समाजलाई उसले देखेको वा भोगेको अवस्थाभन्दा बेग्लै पाउँदछ । यसले लेखक र पाठक दुवैलाई समाजभित्र पस्न, समाजलाई बुझ्न र अनुभूत गर्न मद्दत गर्दछ । यसले हृदयलाई हृदयसँग जोड्दछ, मानिसलाई मानिससम्म पुऱ्याउँछ र अन्ततः मानिसभित्र ईश्वरीय भावना उत्पन्न गराउँछ । साहित्य शान्ति, सुख र खुशीलाई दीगो एवम् स्थायी बनाउने प्रेस्क्रिप्सन बन्दछ ।

साहित्यले मानिसभित्र समाजको सिर्जना गर्दछ । साहित्यको उपादेयता यसरी प्रष्ट हुन्छ। कवि सोङ ठिक भन्छन्- 'म कविता लेख्छु किनभने म तपाईलाई प्रश्न गर्न चाहन्छु ।' प्रश्न गर्न नसक्ने र मानिसहरूको चेतनाको स्तरलाई उठाउन नसक्ने साहित्य लाटो साहित्य हो । लाटो साहित्यले बोल्न मात्र होइन, सुन्न पनि सिकाउँदैन । बोल्न र सुन्न नसक्ने र नसिकाउने लेखनको उपादेयता समाजमा र मानिसको जीवनमा बाँकी रहँदैन ।

जीवन्त साहित्यले प्रश्न गर्छ, प्रश्न गर्न लगाउँछ, प्रश्न सुन्न पनि लगाउँछ । त्यसपछि प्रश्नहरूको उत्तर सोच्न पनि लगाउँछ। त्यसैले, तपाईं हामी सबैले उपर्युक्त प्रश्नहरूमाथि गम्भीरतापूर्वक विचार र बहस गर्न आवश्यक छ। हामी, हाम्रो सभ्यता, हाम्रा आकांक्षा र यो हरियो प्रकृतिलाई जीवन्त राख्न, दीगो राख्न र सुन्दर बनाइराख्न हामीले यी प्रश्नहरूको जवाफ पनि भेट्टाउन आवश्यक छ। त्यस जवाफको उज्यालोमा अगाडि जाने बाटो बनाउन, त्यसमा हिँड्न र अगाडि बढ्न आवश्यक छ ।

# सुरुङ्को यात्रा



– माधव काफ्ले

लिखत साक्ष । लिखितम साक्षी अनि अनुवाक ताइको फुरौलो !

कति मीठो संचेतना संयोजन ।

कति कुटिल बनेर पिरल्ने पिराहा सामन्जस्य ।

र कति निर्मम भएर चिथर्ने, निचर्ने खालका तामसी मनोद्वेग ।

दारिद्र्यका दारुण दिन चाटेर विषादले लर्बरिँदै जान थालेको अपाहिज मानसिकता ।प्रत्येकमा एक एकवटा विकार, एक एकवटा विशृङ्खल जीवन सोपान र एक त्राहिमाम् आँधीमा बेरिँदै गएको अन्तश्चेतना ।भोक्ता र भोग्य दुवै बनेर व्यवहारमा नारिन थालेपछि त्यस्ता अस्वाभाविक कीर्ते प्रलापले पाछेर पिल्सँदै गएको दारुण अनुभूतिका पाप्रा सुँघेर जीवन धान्नु कति कारुणिक, मर्मान्तक र कष्टकर हुनेरहेछ यो त भोग्नेले नै बेसी थाहा पाउलान् ।

धेरै असल, गुण र ज्ञानका पर्याय ठानिदै आइएको छ विज्ञलाई। तिनै वौद्धिक समुदायका गतिशील विवेकी मान्छे आफ्नो अहङ्कारी ज्ञानको विभीषिकाले निर्दोष निरपराधीहरूलाई पेलेर भर्नों थिचेर, थिल्थिल्याएर उग्राउँदै हिँड्नुलाई आफ्नो पुरुषार्थको महान उपलब्धी ठानिरहेका देखेपछि अनि तारेमाम शरणम् जप्तै किनारा लाग्न थाल्छु ।

बेसहारा बनेर झोली थाप्ने र ढाडिन पुग्ने भएपछि अरमठ्ठ पर्दै जाने अघोरी अनुरागले दर्फन्याउँदै आएका विरहका त्रासद सुम्लाहरू अनगन्ती झुण्डिँदै आएका छन् छातीमा । तिनीहरूले पाछ्तै जान थालेपछि, पोल्दै जान थालेपछि, पाक्तै जान थालेपछि निर्बाध नेपथ्यमा बसेर कोर्कोराउन थाल्छु ।

पिल्लिने, डढ्ने भए पनि देखाउन नसकिने सबैलाई समेट्ता एउटा सिङ्गो महाकाव्य लेख्नपुग्ने सामल, संचेतनालाई वासलातमा मौज्दात राखेर यत्ति भन्छु पेटबोलीमा दारिद्र्यको जुन मजबुन बेरिँदै आएको हुने गर्दछ त्यसले सापेक्षताको वकालत गर्दै फितलो नै भए पनि अन्त्यमा फिराद कर्ताका फिरफिरे प्रलापलाई अधार मानी एउटा अपाहिज नजिर स्थापित गर्ने चेष्टामा झुण्डिन पुग्दो रहेछ ।

म सिद्धान्त, सूत्र र सारदेखि बिच्केर निकै टाढा पुगिसकेको छु । भागेर पनि हैन, जागेर पनि हैन । वैराग्यले पनि हैन, अनुराग केही राखेर पनि हैन । अनुभूतिको क्यानभासमा अस्थिर

शासन पद्धतिका धेरै अमूर्त कुरूप रेखाखण्डहरूले कोपर्दै लगेपछि र तिनको नरभक्षी बिखेतले अन्तर्मन भवाउँदै गएको हुनाले सिद्धान्त, दर्शन, लाभ, हानीको मृगमरीचिकाबाट अमलेख हुँदै आफ्नै अनुरागमा बग्दै, बग्दै जान खोजिरहँदा पनि एकाकी अनुरागमा सङ्लो आत्मसन्तुष्टि भेटिने लख काटी त्यता लाग्दै छु ।

निरीह बन्दै कसैसामु बिन्ती बिसाएर केही झार्ने खालको कालो तिर्सना पनि बोकेको थिइनँ । तुजुक देखाएर सिँगौरी खेल्दै निम्ठने, चुल्ठने खासै अनुराग पनि लिएको होइन । न त कसैलाई केही सुनाएर कसैको मेख मार्नु नै थियो । न त कसैको उछितो काढेर जुँघा मुसार्नु नै थियो ।

सन्तोष, विषादबाट अलि निछटिएर झिँगोको पँखेटा तान्दा निस्कने परिणाम जस्तै फितलो र फ्याङ्लो खालको पेसाको काँचोधागोमा झुण्डिएर जिजीविषा तुन्दै थिएँ । सङ्ख्यात्मक रूपले पाँच थान प्राणीहरू परिवारभित्र कैद भएर चिथर्न खोजिरहन्थे र त्यसको अभिघातबाट बच्न बेतनको धुप धुवाँर हाल्दै चोख्याएपछि एक चौमासिकसम्म त्यसैको खार सुँघेर साम्य हुँदै जान्थे ।

घाँडो नै लागे पनि घरमुलीको पगरी भिरेपछि जिम्मेवारीको अभिशापबाट सास छउञ्जेल मोक्ष हुन नपाइने बुहार्तनको कालकुट निलेर बस्नु पनि एउटा रमाइलो ऐँठन लाग्नेरहेछ ।

परिवार एउटै भए पनि अनन्त रहर फिँजाएर कोर्कोराउने जनवादी शैलीको सिको गर्दै केही थान छिचिमिराहरू मच्चिन्छन्, फत्किन्छन्, सुसाउँछन् । चाहेर पनि म सुसाउन सक्तिनँ । जिम्मेवारी झुण्डिएको छ नि त काँधमा ! त्यसले अनवरत थिच्तै थिल्थिलिन पुगेको हुँड्याइलो मानसिकता अलिकति फुकाउन खोज्दा पनि सबै टेढिन पुग्ने हुनाले "बोलबोल मछली मुखभरी पानी" लिएर एकै ठाउँ जमट हुन पुग्छु ।

मानौँ मेरा सबै उर्ध्वगामी उत्कण्ठाहरू बेत बसिसकेका छन् र गोजेरोभित्रै मसाङग्रिदै, चाम्रिँदै, चिसिँदै बस्छन् । ती थारा मोहलाई चाटेर धेरै परसम्म पुग्न नसकिने लखले बेत बस्न पुग्छु । कुँजिनुको अभिशाप तारन्तार चुसेर पाछिइ सकेको हुनाले त्यसलाई पुनरावृत्ति गर्ने चासो चेतनाबाट पखाल्दै जाने अभ्यास गर्दै छु ।

एक तमासको उराठ लाग्छ ।

जिन्दगी पनि कहिले काहीँ ऐँठनको वासलात लाग्दै जानथाल्छ ।

हर्रो जस्तो टर्रो पनि र निम जस्तो कलबिख तीतो ।

हुँड्याइलो लागेर पेट बटारिन थाले पनि लाग्छ स्वादिलो ।

स्वादको मोह भन्दा पनि उधारा सोपानहरूमा घनीभूत भएर बेरिँदै आउने जिन्दगीका तिलश्मी झङ्कार र मोक्षान्तमा मुछिँदै आएका केही पाइटे रहर ।

छाडौँ भन्दा लिसोझैँ लेपिँदै आइरहने र समाउन खोज्दा सधै चिलित्त चिप्लिरहने जादुइ चक्र विन्यास ।

रहर त मेरा पनि छन् तर ती देखाउने, घुर्क्याउने, बिसाउने चौतारो भत्किइसकेका छन् । बोक्छु खल्खली पसिना काढेर । मात्र तिनको धमिलो छाप र धङधडी स्मृतिमा लटूपटिएर, लेपिएर बसेका छन् ।

एउटा लठ्ठी थियो विश्वासको । पितृप्रेमको जगमा टेकेर सहारा, भरोसा र मनग्गे आशा सञ्चारित गरी यो अपाहिज मानसिकतालाई मनग्गे लिपपोत गर्दै आइरहेको । त्यसैलाई टेकेर पर परसम्म पुग्ने आल्हादित किसिमले सँगाल्दै आएको उत्कण्ठालाई विना अपराध नियति निर्मम बनेर बर्षियो र टपक्क छोरो टिपेर कुलेलम ठोक्छ । ऐया पनि भन्न नपाइ म अवाक हुन पुग्छु । ल्याङफ्याङ हुँदै विषादको ऐँठन चुसी सडकमा पछारिन आइपुग्छु ।

संसार धमिलो र अमिलो लाग्दै जान थाल्छ ।

अनि यही मौकामा मनस्तापका सिमेभूमेहरू एक्कासि बौरिइ छिर्कनी मारेर घेर्न आइपुग्छन् ।

प्रलापहरू फेरिन्छन् । गुनासाहरू उध्रिन्छन् । धुनहरू निसासिन्छन् । कुण्ठा, क्लेष र सन्तापको छोपा गुतेर बर्बराउँदै हिँड्छु ।

एक्कासि चारथान थैलाहरू उम्किने पो हो कि भनेझैँ गरी घेर्न आइपुग्छन् ।

अनि ममत्वमा पौडँदै परिभाषा फुकालेर आङबाट टक्टक्याउँदै जान्छु अनुभूतिलाई ।

एकत्व र निजत्वको बुइ चढेपछि आङ सिरिङ्ग गरे आउँछ ।

आदिम आकाङ्क्षा बोकेर बर्बराउन त सकिने तर स्वाभाविक किसिमले बाँच्न नसकिने यक्ष प्रश्न मेरो अगाडि ठिङ्ग उभिन आइपुग्छ ।

आडम्बरीहरू भय र दुष्टताका प्रतीक हुन् भन्ने विचारको गायत्री यस बिन्दुमा आइपुगेपछि अझल्टिएर गाँठो पर्न थाल्छ ।

अनि अनायास मन भरङ्ग भएर आउँछ ।

भौतिक र प्राकृत सङ्कटले निम्त्याउने नैराश्य र वैराग्य कोपर्दै जान थाल्छन् अन्तश्चेतनालाई ।

लाग्छ पारिवारिक तिर्सना अर्थहीन कसी हो । किल्किलेमा अनायास कसिँदै जाने पासो जस्तै ।

जसले आशक्तिको विकार हुँडलेर मानसिकतालाई कुरूप कार्यतर्फ धकल्न खोज्नेरहेछ भन्ने ब्रह्मवाणी बुझेर पनि लर्बरिँदै जाने मानसिकतालाई थुम्थुम्याउँदै कयसमा ल्याउन खोज्छु । ऊ अगुल्टोले हानेको कुकुर जस्तै हुनपुग्छ र नेपथ्यमा पुगी मुन्टो बटार्दै डिचिक्क हाँसेर प्रतिवाद गर्न थाल्छ ।

सन्निपाती तिर्सना फलिभूत पार्न अनुरागका सेसन्तरहरूले छेकारो काटेर घेर्न थालेपछि तिनीहरूको दचक र कयसबाट अमलेख हुनु नै बेस होला भनेझैँ लाग्न थाल्छ ।

विश्वास सद्भावयुक्त विश्वासको लायक नभएपछि

आस्था उन्नति र रहरको नायक नभएपछि

हुरी आउँछ त्रास उरालेर अत्यासको

कतैबाट

सम्हाल्न गाह्रो हुने रहेछ धुन आफू गायक नभए पछि ।

अनि लाग्छ

भरोसा अक्षत कुनै नासो जस्तै

बनेपछि व्यभिचारी पासो जस्तै

कोतरिदै जानेरैछन् रहरहरू

नउदाउने अल्पकालीन हाँसो जस्तै ।

जीवनको सापेक्षतामा ठडिँदै आएको जैविक आधारको लिङ्गो लुते हुँदै गएपछि त्यसलाई भरथेग गरेर अक्षुण्ण बनाउन खोज्ने मृगमरीचिका मूर्च्छा पर्न खोज्छ ।

हाम्रा उपलब्धी

एका पोको फिराद

एक अँगालो अनुराग

एक अँजुली तिर्सना

सिर्फ एक मुठी अन्तर्घुलन हुन् जिजीविषाका ।

दमित इच्छाहरू जब मानसिकतामा सल्बलाएर हुँडलिन थाल्छन् तब विचार विकारको लेदोमा लपेटिएर फगत् भकारो बन्नपुग्ने क्रुर तथ्यको अधरबाट उठेर संसार नियाल्न खोज्ने मेरा ऐलानी तिर्सनाहरू किपटमा मुछिएर मुल्तवीमा झुण्डिन पुग्छन् ।

भ्रान्तिको पर्दा च्यातेर धरतीमा टेक्ने रहर रहे छातीमा सपनाको सिद्धान्त आलोकबाट ब्युँझन पर्नेरहेछ ।

कसैको लिप्साले, कसैको मायाले, कसैको सद्भावले कसैको सास कतै अड्याउन सकेझैं लाग्दैन । अपेक्षाको मृगतृष्णाबाट उठेर नब्युँझेसम्म आशातीत आशक्तिले घिसारिरहने तथ्यगत आँकडा दृश्यभरि पोती तिनको चिसो घुर तापेर म बौरिन खोज्छु ।

वेदना र विषाद नै जीवनको अन्तिम मुकाम नहुनु पर्छ । ठेस लागे पनि होस आएपछि चुक्चुकाउनु भन्दा सम्हालिन हितकर हुने नजिर द्रौपदी मुर्मुले पढाएकी हुनाले त्यही अथाह पीडाको अनिदा हरफहरू ताप्तै जान मन लाग्छ ।

द्रौपदी मुर्मु यस हिमवत् खण्डकी त्यस्ती नारी रत्न हुन् जसले आफ्नो सुनौलो वाल्यकालको कायाकल्पमा नै आमा गुमाइन्, पिता गुमाइन, दिदी र बहिनी गुमाइन, एकै साथ दाजु र भाइ गुमाइन र पनि बेसहारा हुँदै बाँचिन् । अर्काको जुठो भाँडामा दरालिएर जीवन घोटिरहँदा जिन्दगी नै बोझिलो र परावलम्बित हुने डरले अक्षर मस्काउन थालिन्, अक्षर माझ्न थालिन् र तिनै निर्बल अक्षरहरूको सौर्य समेटेर प्रेरणाको दियो बनी दिग्दिगान्तरसम्म फैलन पुगिन् । तिनै तेजश्वी नारी स्मृतिमा उदाउन आइ पुगेपछि मनमनै भन्नथाल्छु-

कहिले आकाश, कहिले बेफ्वाँक पाताल छुने गर्छ

पीडा त्यो चिज हो कहिले हाँस्छ, कहिले रुने गर्छ

जति गरे पनि विलाप; उज्यालाको पूजा अर्चना

बाटो देखाउँछ रात तर सधै अँध्यारो नै हुने गर्छ ।

अनि निर्दोषिताको बिन्तीपत्र टाँसेर धरामा विलीन हुनपुग्ने नियतिलाई घिसार्दै विषादित सुरुङको पञ्चनामाबाट यथार्थमा उत्रने कोशिस गर्छु ।

# रङको अलमल



– युवराज नयाँघरे

रङको अन्तिम बिन्दु रहेछ जीवन !

जीवनमा जत्तिको रङ अरु क्यैमा भेट्टिनँ म । जीवनले जत्तिको अँगालेको रङ अरु कसैले छैन । जीवनमा जत्तिको थिग्रिने रङ अन्यत्र कत्ति नि छैन । छँदै छैन । हो, छैन नै ।

रङ भनेको भावना रहेछ । भावनासँग तर्क र व्यवहारको उठाबसी भइरहँदो रहेछ । यसैले रङको रूप र रूपको रङसँग दोहोरो नाता पनि रहेछ । यसबाट निरपेक्ष छैन कोही पनि । रहने जसको चेष्टा छ- ती बित्थाका भुँवरीमा पर्छन् । गुजुल्टाले झन् कस्छ, फुत्किनेहरु हार्छन् ।

रङ हेराइ पनि रहेछ । हेर्दा, टाढा वा नजिक । देख्दा, वर वा छेउमै । भेट्दा, आफ्नै वा परचक्री । यी सबै तरङ्गले हृदयमा छिपछिपे उरालधुराल पार्छन् । रङसँगै भेटघाट जत्ति गरे पनि जितेको खुशीले परेलीमा अर्को गाजल सजाउन छोड्दैन ।

मैले रङसँग चिनाजानी गरेको जन्मको साँझ बिहानदेखि नै हो । आमाले छातीमा कसेर म्वाइँ थोपर्नु भो– मेरो निधारमा । मैले उकुसमुकुस भएरै नि त्यो मायाको रङलाई कम्पनमा कुदाएँ हुँला ।

मेरा पीडा र चोटका रङसँग आमाको आँसुको रङले सोध्न छोडेन होला । रङहरु देखिनेभन्दा नदेखिने चरित्रले चिनिएका हुन्छन् । हामीसँग देखिने रङको तर्क उभिन्छ । नदेखिने रङले संसार डोर्‍याएको छ, कुदेको छ र लम्केको छ ।

रङसँग अनेक विम्ब गाँसिएका रहेछन् । रङले नै अर्थ र शब्दको संसार निर्माण गर्दोरहेछ । रङले समाजका सबै गहिराइसँग भेटघाट गराउँदोरहेछ ।

रङले बोलेको तथ्यसँग मनको गल्फती त होला– अकाट्य सत्यले पौठेजोरी खेल्न सक्दैन रहेछ ।

मेरो परिवारसँग रङको रेखी जोडियो । त्यही रेखीले दाजुभाइ, बुबाआमा, दिदीबैनी र त्यसपछिका सन्ततिसँग नातो गाँस्यो । यो एउटा लहरको गति जस्तो । लहरले जति पाइला चाले पनि– बिसाउँदा थोपामा आएर रोकिन्छ ।

मसँग रङका त्यस्ता अनेक कुइनेटा र थोप्लाथोप्ली छन्- तिनको भुइँ र आकाश फरक छ । भुइँको रङ बेग्लै । आकाशको झन् भिन्नै । तर संसारले एकातिर उभिएर एकै छ भनिरहेको देख्छु । अर्कोतिर केही मिल्दो

छ भनेको नि भेट्छु । तर मेरा आँखाले ठम्याएको प्रमाण भने अझ अर्कै हुँदा म अल्मलिन्छु, रन्न भुलिन्छु र झुनझुनिन्छु ।

जीवन रङहरुको झुनझुनाइ रहेछ । त्यो झुनझुनाइलाई जे जस्तो अर्थ लगाए पनि हुन्छ । सुन्नेहरुले मुरली मान्छन्, अझ मादल मान्ने पनि हुन्छन् । पर रहेकाले कर्कशा स्वर मानेर आफैँमा अत्तालिन नि सक्छन् ।

रङसँग सबै साइनो हुँदोरहेछ ।

मैले मलामी गएर आउनेहरुलाई फुङ्ङ उडेको देख्दा कहाँ हो कहाँको विरक्त देखेँ । त्यो विरक्तले सातै महादेश बोल्यो । पाँचै महासागर देखायो ।

सानीमाको सेतो फरियामा भाइको मसीको एक थोप्लो मसी खस्यो । त्यो मसीले उसको भविष्य र आउँदो संसारले सिँढी चढिरहेको थियो । सानीमासँग त्यति धेरै बुझिरहने समय नि रहेनछ, धैर्य नि भएन । अझ विवेकले सुबास नछरेको कालबेला परेछ ।

एक थप्पड गालामा बजारेर बम्किनुभो– 'विधुवी आमालाई अवगाल पार्छस्, मसी छर्केर लुगामा !'

रङहरुको लेखाजोखा गरिरहेको छु म ।

मृत्यु– एउटा शाश्वत रङ । अभिभावकविहीन– अर्को अकाट्य रङ । यी दुवैको बीचमा समाजले छ्यापिरहेको आशङ्काको अर्को झन् तेजिलो रङ ।

मैले यी तिख्खर रङले पारेको धुर्मैलो छापसँग आँखा जुधाएर कुरा गर्न सकिनँ ।

कुइरो र मेरो दुःख एकै हो !'

आँगनमा बसेर पारितिर दगुरेको कुहिरो हेरिरहेको छु म ।

सानीमाको आँखाको आँसुले भुलभुलाएको रङ एकातिर पोखिइरहेको छ । पर खोँचबाट मास्तिर उडिरहेको कुहिरोले दिने रङ अनन्तपूर्ण छ । तर रङहरुले देखाउँदा रहेछन् समान र असमान रूप ।

म निर्विकार भएर सानीमाको सुकसुकाइ र कुइराको भुलभुलाइमा एकै भाका देखिरहेको छु ।

के भएको यस्तो ?

खुल्दुली पछि पो लाग्यो । लाग्नै पर्ने छ नि त । यो खसखस मेट्न सधैँ तर्क र वितर्कका अँगालोमा नपरी भएन ।

फागु पुर्नेको रङ दलादल मन पराइनँ मैले । हृदय उमालेर नगरेको काम जोर जुलुम हो । त्यो जोरजुलुममा निकै चोटि परेको छु म ।

रङ दल्ने, रङ छ्याप्ने र रङ घस्नेदेखि म परै रहन रुचाएँ । मलाई रङको कोलाहलले अलग्गै हिँड्न भन्यो । म सकेसम्म डिलैडिल हिँडे । अझ पाए त रङहीन राजमार्गलाई साथी बनाउँथेँ म ।

आमा बितेको साल सेतो लुगामा थिएँ म । एक स्वाँठले मलाई 'टीकोसम्म लाइदिन्छु' भनेर जोरजुलुम गरे होलीका दिनमा । मनैदेखि सेत्तिएको थिएँ म । त्यसलाई साक्षी तुल्याउन सेतै लुगा थियो– शोकको ।

तर उनको उद्दण्डको रङलाई मेरो प्रतिकारको रङले परास्त गऱ्यो । आज पनि माथिल्लै तहको मानिस हुँ भन्दै उनी हिँड्दा मैले तिनलाई स्नेही आँखाले हेर्नै

सकिनँ ।

जीवन त त्यही हो– जसले सधैँ सुकोमल, सुवासिलो र सुकीर्तिको रङ खोजिरहँदो रहेछ । त्यसकै अभावमा जीवनको सारा क्षितिजमा आगो र आँधीको लप्काले विरसिला रङ सजाउँदा रहेछन् ।

रङले धेरैलाई अल्मलाउँछ । त्यो अल्मलिएपछि अगाडिका धेरै साँझ रात बनेर लम्पसारिन्छन्, सामुन्नेमा अनेक

खोल्साहरु भीर बन्दै तेर्सिन्छन्, छेवैका अँगालाहरु गहिरा नदीका भँगाला बनेर टुप्लुकिन्छन् ।

घरमा एउटी सानी केटी घुर्की लाउँदै आउने र जाने गरिरहन्छे । उसलाई खुशीको रङ उमार्न धेरै घण्टा कुर्नु नि पर्दैन, दुःखी हुन थुप्रै घडी-पला पर्खिनु नि पर्दै पर्दैन ।

केटाकेटीसँग त्यसै त रङको चाङ हुन्छ । खुशी, उत्साह, हर्ष, रमाइलो र उमङ्गको लिस्नो चढेरै ती सुतेका हुन्छन्, ब्यूँझेका हुन्छन् । तैपनि उज्यालो रङमा ती तानिएकै हुन्छन् सधैँ ।

'यो ल्याइदिनु न बा !'

सानी केटीले नङ पालिसको बोतल लिएर आइपुगी ।

मैले उसका नङ समेत राम्ररी नउम्रेका कलिला हात र गोडाका औंलामा लाइदिएँ पालिस । जुन-जुन औंलामा पालिस लाउँछु उति पटक उसको अनुहार हेर्छु । ऊ खुशी, हर्ष, उमङ्ग र उल्लासले उचालिएकी देख्छु । कत्ति पटक ऊ उमङ्गिएर आकाशमा पुग्छे ।

त्यो रङ नै होला स्वर्ग !

मसँग उसले बर्षाएको पानीको थोरै बाच्छिटा आइपुगेको छ । तिनै थोप्ला-थोप्लीलाई विचारेर आफ्ना आँखीभौँ उचाल्छु माथि-माथिसम्म ।

'जीवनको ठूलो खित्का यही हो !'

मेरो अनुमान हुन्छ ।

रङसँग अरु धेरै सपना र विपनाको कुदाकुद हुन्छ । ती थाहा पाएका दिन अरु रङले छेउमा आउने दुस्साहस नगर्लान् ।

अँगेनामा चिसा दाउरा ठोसिइरहँदा आमाको रङ हेरिरहन्छु । त्यो रङसँग हामी सात जना छोराछोरीको वर्तमान र भविष्यको सबै रङ आइजाइ भइरहँदा हुन् ।

मैले पनि एउटा कुनाबाट आमाको अनुहारको रङसँग मिलाएँ आफ्नो हृदयको रङ । ती दुवै घुर्मैला भए । घुर्मैलो हुनु भनेको- मौलिकतामा बाधा पार्नु रहेछ । मौलिकता नभएको वस्तु, सामान, चीज वा प्रसङ्गसँग कुनै इतिहासको एक शब्द हुँदैन भन्ने सुन्छु ।

मैले सुनेकै रङ पनि साँचो र झुटोको घेरामा परिरहेकै छ । घेरा बन्छन्, भत्किन्छन् । भत्किएकाहरु बन्न खोज्छन्, बनेकाहरु भत्काइन खोज्छन् । रङले भनेको अर्थ र तथ्य एउटा यो पनि हो ।

रङले सबैसँग एउटा विशिष्ट मान्यता खोज्दोरहेछ । त्यो मान्यताले फराकिलो संसार हुर्काएको म देख्थेँ । मैले भोग्दै आएको समयका जम्मै घडी-पला कहिले रङमय भए । कहिले रङको कुनै आभाषै भएन । यही बुझ्ने इच्छाले डसिएर म

लखेटिएको-लखेटिएकै भइरहेँ सधैँ ।

जीवनमा रङ चिन्न जानिनँ मैले । रङ कति थरीका छन्- ज्ञान हुन सकेनछ मलाई । दृष्टि र मन्थन मेरो सतही भो ।

जसलाई उज्यालो ठानेँ– त्यो कालाम्मे अन्धकार थियो । जुन भष्मीभुत अँध्यारो मानेँ- त्यो आलोकमय उज्यालो भयो ।यसरी अलमल, अन्यौल र अल्झोबिल्झोले म थलै परेको रहेछु । यसरी विरोधाभाष, बिब्ल्याँटा, विकषर्णको भीडभाडले ठेलेको-ठेलेकै गरेछ मलाई ।

मैले निकैपछि मात्र थाहा पाएँ ।

त्यतिञ्जेल रङहहरू खुइलेर सबै मोहोर खोटा भएका थिए । सबै टक कुरुप भइसकेथे । सबै मोहोर भइसकेका थिए विरुप ।

जीवन त गल्तीहरुको भकारी रहेछ । गल्ती गर्दै भकारीमा राखिँदो रहेछ । पछि फुर्सदमा डोकामा, डालामा, थुन्सेमा, नाङलोमा राखेर भरिँदो रहेछ । अझ बढी फुर्सद भए थाल, कचौरा, गिलास र चम्चामा भर्ने इच्छा नि बढ्दो रहेछ ।रङ चिन्ने गल्ती धेरै पटक गरेछु मैले ।

हिजोआज आफूले गनेका ताराको सङ्ख्या नमिलेकोमा मलाई निकै पछुतो हुन्छ । हिजोआज खोलाका पानीमा थोपाको आकार नमिलेकोमा मलाई औधी पश्चात्ताप हुन्छ । हिजोआज इन्द्रेणीको लम्बाइ नमिलेकोमा मलाई खिन्नता भइरहन्छ ।

यसरी तारा, थोपा र लम्बाइसँग समयको रङले औंला ठड्याएर मलाई सोधिरहन्छन् निरन्तर । म अबोध भएर उभिएको छु । उत्तर छन् तर कहालिएर भन्नै सक्तिनँ । उतर्सिएर बोल्नै सक्तिनँ । छटपटिएर वाक्य फुटाउनै सक्दिनँ । किनभने सोध्नेका हातमा एउटा घातक लट्ठी छ । त्यो लट्ठीको रङले तिर्मिराइरहन्छन् मेरा आँखाहरु ।

अनि म कसरी उत्तर दिन सक्छु र ?

पत्नी र मेरो रङमा छ अन्तर्घुलन । त्यही घुलनबाट जन्मिएकी ठूली छोरी ।

तिनले एसएलसी पढेपछि विज्ञान पढिन् । उनको लक्ष्य थियो स्वास्थ्यसेवी, उपचारको संसार पुग्ने । उठेदेखि नसुतेसम्म तिनको लक्ष्य थियो- सेतो कोट लगाउने ।

कपालमा सेतो टोपी, सेतै चोली, सेतै साडी, सेतै कोट । यो श्याम-श्वेतमा सेवा, माया, हेरविचार, शल्यक्रिया वा स्वास्थ्य– हरेक पद्धति सेताम्मे । छोरीको सुकिलो सपनाले उनलाई निकै नै दगुरायो ।

जीवनमा नजानेर अनेक गल्ती गरिन्छ । जानेर त्योभन्दा बढ्ता गल्ती गरिन्छ । तर जानेर भएका गल्तीको क्षमा कम पाइन्छ । किनभने थाहा पाएर, ज्ञात भएर वा जानेरै त्यो भुल भएको हुन्छ । यो भुलको रङ सबैभन्दा कडा, कठोर र जब्बर हुँदोरहेछ । मेटाउनै नसकिने । हटाउनै नमिल्ने । पुछ्नै कष्ट हुने ।

त्यस्तै भयो मेरो भुल !

त्यो भुल मैले जानेर, मूर्खतापूर्वक र स्वाँठ भएरै गरेँ भन्ने एउटा पछुतो उमेरसँगै छिप्पिएर गइरहेछ मसँगै ।कपाल काला थिए- जोसले मैले गल्ती गरेँ । अहिले फुलेका कपालसँगै त्यो पछुतो

भइरहेको छ ।

खुट्टा दह्रा थिए- इवाँक्किएर मैले बेठीक गरेँ । अहिले गोडा कमजोर भएसँगै त्यसको पश्चात्ताप भइरहेको छ ।आँखा, कान, दाँत सबै बलिया थिए । सबै तेजिला थिए । सबै क्रियाशील थिए । अहिले बिस्तारै सबै लुला, निर्बल, अशक्त र कमजोर हुँदै गए । अनि घोर गल्ती भएको-भएकै छ ।

गल्तीको रङ देखिन्छ निकै ढिलो । त्यसलाई अरुले ढाकेका हुँदा रहेछन् । पुछेर हेर्दासम्म सच्याउनै नमिल्ने गरी पुल बनिसकेको हुँदो रहेछ पछुतोको ।

'नानी, तिमी कानून पढ !'

मेरो कठोरताको अघिल्तिर उनको नाइँनास्ती चलेन । उनले हुन्न वा नाइँ भनिरहने समय मैले दिइनँ । कत्ति पनि दिँदै दिइनँ ।

छोरी धमाधम कानून पढ्न थालिन् । उनको जिउमा कालो कोट सजियो ।

रङ अर्कै भयो । फरक रङमा उनको भविष्य डोर्रिएको छ ।

आज लामो समयपछि मैले समयको रङ केलाएँ । रङले पारेको उज्यालो र अँध्यारो प्रभाव निहालेँ । रङसँग जीवनको पहाड र मैदान विचार गरेँ ।

रङ पनि पन्यालो हुन सक्छ । सेतो दूध निकै पातलिएपछि रङहीन हुन्छ । धेरै फटाउँदै लाँदा कालो कपडा नि रङहीन हुन सक्छ ।

मैले रङबारे यति धेरै विज्ञानका पाइलामा पछि मात्र हिँडाएँछु । एउटा पछुतो छँदैछ ।

थाहा छ छोरी !

मैले लेखेका कुनै पङ्क्ति पनि तिम्रा परेलीले पढेका छैनन् । कुनै दिन यी हरफ पढ्यौ भने थाहा हुनेछ तिमीलाई- पछुतो र भुलको अग्लो पहाडमा म स्वाँ-स्वाँ हुँदै निकै हिँडेको कथा ।

सेतो रङको कोट तिम्रो चाहना ! अहिले कालो रङको कोट तिम्रो बाध्यता !!

रङको अलमलमा सबै भुलेँछु मैले । रङ चिन्न नसकेर आफ्नो मनको घुर्मैलो रङमा मेरा दृष्टि अल्मलिएछन् ।


क्षमाको रङ तिमीसँग छ । मेरो हृदयको अल्मलिएको रङमा तिम्रो क्षमाको रङ मिसाएर उज्यालो पारिदेऊ ।

नत्र, मसँग रहिरहनेछ पछुतोको कालो रङ !

## केही साहित्यिक पत्रपत्रिका

अभिव्यक्ति, रचना, जनमत, भानु, नवप्रज्ञापन, कल्पतरू, नेपाली, हिमाली गुराँस, तन्नेरी, हाम्रो पुरुषार्थ, दायित्व, शिवपुरी सन्देश, शाल्मलि, सुलेख, शब्दाङ्कुर, कौशिकी, शृङ्खला, चेतना सन्देश, हाम्रो पूर्णिमा, अक्षरमार्ग, जमघट, आलेखन, नारीस्वर, रजस्थल, कपन वानेश्वर, हाम्रो मातृभूमि, अक्षय अक्षर, दोभान, वैजयन्ती, अन्तर्बोध, शब्दसंयोजन, शारदा, वनिता, अभिनव, कथालिका, संगम अभियान, ज्यादीखोलाको तरङ्ग, गरिमा, अक्षय ज्ञान, गुगुल्डी, तामाङ डाजाङ, लहरा, अर्न्तध्वनि, लोकभावना, नःलि, आँजुर, कलस, महामण्डल, रूपायन, कालिको सुसेली, लावा डग्गर, गोलसिमल, हरचाली, हिमाद्रि, थौं कन्हय, नवमाधुरी र सचेतना आदि ।

# म डा. विनोद कार्कीलाई चिन्दिनँ



**– डा.विनोद मन्जन**

खोलुवासहित भन्छु, विनोद मन्जनको नागरिकताको नाम विनोद कार्की हो त्यसैले मैले साँच्चै भनेको, म डा.विनोद कार्कीलाई चिन्दिनँ ।

कहिलेकाहीँ नचिन्ने नामहरू नै मनको ऐनामा सबैभन्दा प्रस्ट देखिन्छन् । चिनेको अनुहारभन्दा नचिनेको छायाले बढी प्रश्न गर्छ । यही प्रश्नको किनारामा उभिएर मनको धड्कनसँग जोडिनु मेरो गन्तव्य हो । मेरो गाउँको साँघुरो बाटो जस्तै स्मृतिको गल्ली पनि साँघुरो छ । मेरा स्मृतिमा कथित ठुलाठुला व्यक्तित्वहरू अटाउँदैनन्; आमाको चुलोको धुवाँ, बुबाको पसिनाको गन्ध र बाल्यकालका घामका टुक्राहरू मात्र अटाउँछन् । डा. विनोद कार्की त समाजले मानेको ठुलो मान्छे भएकाले म डा. विनोद कार्कीलाई चिन्दिनँ । असलहरूको संसार सानो छ तर सानोपनमै विशालता पनि छ ।

प्रायोजित रूपमा रेडियो तरङ्ग, टेलिभिजनका पर्दा वा पत्रिकाका पानामा कुनै विद्वान्को नाम चम्किन्छ । म त्यो नाम पढ्छु, तर अक्षरहरू मात्र देख्छु, मानिस देख्दिनँ । प्रायोजित अक्षरहरू चिसा हुन्छन्, तिनमा स्पर्श हुँदैन । म त मानिसलाई स्पर्शबाट, आवाजको न्यानोपनबाट, आँखाभित्रको उज्यालोबाट चिन्छु । नामले मात्र सम्बन्ध बनाउँदैन; सम्बन्ध त व्यावहारिक अनुभवले गाँसिन्छ; डा. विनोद कार्कीको व्यवहारमा सम्बन्धको सुगन्ध सुसाउँदैन ।

म डा. विनोद कार्कीलाई चिन्दिनँ भन्नु मेरो आफ्नै सीमाको स्वीकारोक्ति हो । एक दिन भेट होला कुनै पुस्तकको विमोचनमा त्यतिबेला म नामभन्दा पर गएर मानिसलाई हेर्नेछु अनि थाहा पाउनेछु, चिन्ने प्रक्रिया बाहिरबाट होइन, भित्रबाट सुरु हुन्छ । नचिनाइभित्र पनि एउटा सूक्ष्म चिनाइ लुकेको हुन्छ । मानिसप्रतिको जिज्ञासा, सम्मान र सम्भावनाको चिनाइ किनकि हरेक अपरिचित बन्द किताब जस्तै हो; खोल्ने साहस गरेपछि मात्र कथा आरम्भ हुन्छ । सामान्ती सोच विद्वत्ताको घमण्ड भएकाले चिन्दिनँ म डा. विनोद कार्कीलाई ।

मान्छे चिन्ने मेरो तरिका फरक छ । म पद, उपाधि र अगाडि झुन्ड्याइएका विशेषणहरूबाट चिन्दिनँ । म त व्यवहारबाट बोलाइबाट, आँखाभित्रको करुणाबाट चिन्छु । जब कुनै व्यक्ति आफ्नै विद्वत्ताको उचाइमा उभिएर

अरूलाई तलबाट हेर्न थाल्छ, त्यहाँ सम्बन्धको ढोका आफै बन्द हुन्छ । त्यहाँ दुरी जन्मिन्छ । सामन्ती सोचले सधैँ सिंहासन खोज्छ, बराबरीसँग असहज हुन्छ, संवाद होइन, आदेश दिन्छ, यस्तो सोचले आफूलाई उज्यालो अरूलाई अँध्यारो ठान्छ । उज्यालो त्यही हो, जसले अरूलाई पनि देख्न सहयोग गर्छ; जसले आँखामा तेज होइन, न्यानोपन दिन्छ । विद्वत्ता सुन्दर हुनु पर्छ, ज्ञान नदी जस्तै बग्नु पर्छ । कोही हिमाल बनेर उभिन्छ र आफूलाई मात्र शिखर ठान्छ भने चिसोपनले सम्बन्ध पनि चिस्याउँछ । म त्यस्तो चिसोपन चिन्दिनँ ।

मेरो सम्बन्धको संसारमा चिनाइ बराबरीको आँखाबाट प्रारम्भ हुन्छ । विचारको आदानप्रदान हुन्छ, असहमति पनि सम्मानका साथ व्यक्त हुन्छ । जहाँ मभन्दा हामी प्राथमिकतामा पर्छ । म सामन्ती सोच र अर्कालाई होच्याउने स्वभावलाई चिन्दिनँ । मानिसको उचाइ उसको पदले मापन हुँदैन, ऊ अरूलाई कति उचाल्न सक्छ त्यसले मापन हुन्छ । जो आफू अग्लो देखिन अरूलाई होच्याउँछ, ऊ वास्तवमा आफ्नै उचाइप्रति असुरक्षित हुन्छ । यस्तो उचाइ त बालुवाको महल जस्तै हल्का हावाले पनि भत्किन्छ ।

शब्दहरू फूल पनि हुन सक्छन्, काँडा पनि । जब शब्द काँडा बन्छन्, सम्बन्धको छाला च्यातिन्छ । सम्मानको रगत बग्न थाल्छ । त्यहाँ चिनाइ होइन, चोट मात्र रहन्छ । होच्याउने बानीमा एउटा अदृश्य डर लुकेको हुन्छ, आफू सानो देखिने डर । जो साँचो अर्थमा असल हुन्छ, उसले अरूको विचार सुन्छ, असहमति स्वीकार्छ अनि आफ्नै सीमालाई पनि चिन्छ । म त्यस्तो व्यक्तित्वसँग मात्र परिचित हुन्छु, जसले समानताको आँखाले हेर्छ । जहाँ तिमी र मबिचको दुरी घट्छ, जहाँ सम्मानको सेतु बन्छ ।

सर्जकको महत्त्व नबुझ्ने डा. विनोद कार्कीलाई चिन्दिनँ म । सर्जक केवल शब्द लेख्ने मान्छे मात्र होइन, ऊ त समयको संवेदनशील मुटु हो । ऊ समाजको घाउमा औँला राख्छ, पीडालाई भाषा दिन्छ, सपनालाई आकार दिन्छ । जसले सृजनालाई हल्का ठान्छ, उसले भावनाको गहिराइ नाप्न जानेको हुँदैन । कविको कलम खेत जोत्नेसँगै चल्छ; कलाकारको रङ आँसु र हाँसोको मिश्रण हो । यस्तो श्रमको महत्त्व नबुझ्ने नजरसँग मेरो चिनाइ कसरी होस् ? ज्ञानले यदि सृजनालाई सम्मान गर्न सकेन भने त्यो अधुरो ज्ञान हो । विद्वत्ता यदि संवेदनाहीन भयो भने त्यो शुष्क बोटजस्तै हुन्छ, जसमा पात त हुन्छन् तर हरियाली हुँदैन । सर्जकलाई नचिन्ने समाज अन्ततः आफ्नै आत्मालाई नचिन्ने समाज बन्छ । त्यसैले म डा.विनोद कार्कीलाई चिन्दिनँ । यदि कसैले सृजनालाई तुच्छ ठान्छ भने म त्यो परिचय अस्वीकार गर्छु । मेरो विश्वासमा सर्जक नै समाजको धड्कन हो । जसले धड्कनको मूल्य बुझ्दैन, उसलाई चिन्नुभन्दा नचिन्नु नै ठिक लाग्छ ।

म डा. विनोद कार्कीलाई चिन्दिनँ

किनकि म जग्गाजमिनको धाक लगाउने प्रवृत्तिलाई चिन्दिनँ । माटो आफैमा नम्र हुन्छ । कसैसँग आफ्नो फैलावटको घमण्ड गर्दैन चुपचाप बिउ सम्हाल्छ, पानी पिउँछ र हरियाली उमार्छ । जब त्यही माटोलाई कसैले आफ्नो अहङ्कारको आधार बनाउँछ, तब माटोको सुगन्ध हराउँछ र धुलो मात्र बाँकी रहन्छ । जग्गा धेरै हुनु ठुलो कुरा होइन; हृदय ठुलो हुनु ठुलो कुरा हो । जमिनको चौडाइले मान्छेको उचाइ नापिँदैन । खेतका डिलजस्तै सीमाहरू कोरेर यदि कसैले आफ्नो हैसियत देखाउन खोज्छ भने त्यो सीमाले अन्ततः ऊ आफैलाई घेर्छ । साँचो धनी त ऊ हो, जसले आफ्ना उपलब्धिलाई चुपचाप राख्छ र अरूलाई सम्मान दिन्छ । जसले जमिन होइन, जमिनसँग गाँसिएको श्रम र पसिनालाई कदर गर्छ । मेरो विश्वासमा मान्छेको असली सम्पत्ति उसको व्यवहार हो । जग्गाजमिन त समयसँगै हात बदलिन्छ तर मानवता मात्र साँचो स्वामित्व हो ।

म डा. विनोद कार्कीलाई चिन्दिनँ किनकि म सम्पत्तिको धाक लगाउने प्रवृत्तिलाई चिन्दिनँ । धन आफैमा न राम्रो हुन्छ, न नराम्रो, यो केवल साधन हो । तर जब साधन नै स्वभाव बन्छ, जब सम्पत्ति नै परिचय बन्छ, तब मान्छे हराउन थाल्छ । घर अग्लो हुँदै जाँदा कहिलेकाहीँ मनको ढोका होचो हुँदै जान्छ । गाडीको सिसा गाढा हुँदै जाँदा दृष्टि पनि बन्द हुन थाल्छ । म धनको धाकलाई अस्वीकार गर्छु । किनकि धाकले सधैँ तुलना खोज्छ, यस्तो तुलना सम्बन्धको बगैँचामा उम्रिएको झार हो । यसले आत्मीयताको फूल सुकाउँछ । साँचो सम्पन्नता त बाँड्न जान्नुमा छ । जसले आफ्नो उपलब्धि चिच्याएर सुनाउँदैन, बरु चुपचाप सहयोगको हात बढाउँछ त्यही असली धन हो । पैसाले घर बनाउन सक्छ तर व्यवहारले मात्र घरलाई गृह बनाउँछ ।

म डा. विनोद कार्कीलाई चिन्दिनँ किनकि म पदको धाक लगाउनेलाई चिन्दिनँ । पद भनेको कुर्सी हो, आज यहाँ, भोलि त्यहाँ । कुर्सी बदलिन्छ तर मानिसको चरित्र जहाँको त्यहीँ रहन्छ । जब पद नै पहिचान बन्छ, तब व्यक्तित्व ओझेलमा पर्छ । धाकले केही समयका लागि ढोका खोल्न सक्छ, तर सम्मानले मात्र हृदय खोल्छ । म मानिसलाई उसको हस्ताक्षरबाट होइन, उसको हृदयबाट चिन्छु । पदको चमकले आँखा झिम्क्याउन सक्छ तर भित्रको उज्यालोले मात्र सम्बन्ध गाढा पार्छ । जो आफ्नो नामअघि जोडिएको पदमा गर्व गर्छ तर नामभित्रको मान्छेलाई बिर्सन्छ ।

ज्ञानको धाक लगाउने डा. विनोद कार्कीलाई चिन्दिनँ म । ज्ञान उज्यालो हो तर त्यसको उज्यालो आँखामा चम्केर अरूलाई अन्धो बनाउने हो भने त्यो उज्यालो होइन, अहङ्कारको आगो हो । साँचो ज्ञान त दीपक जस्तै हो, जसले आफू जल्दै अरूलाई देख्न मदत गर्छ । जब ज्ञानले नै आफ्नो ज्वाला देखाएर अरूलाई सानो सावित गर्न खोज्छ, त्यहाँ

अन्धकार मात्रै फैलिन्छ । म पुस्तकका पाना मात्र होइन, व्यवहारका पाना पनि पढ्छु । कसैले धेरै पढेको हुन सक्छ, धेरै बोलेको हुन सक्छ, तर उसले सुन्न जानेको छैन भने उसको ज्ञान अधुरो छ । सुन्न सक्नु नै सबैभन्दा ठुलो विद्वत्ता हो । ज्ञानको धाकमा एउटा अदृश्य दुरी लुकेको हुन्छ । म त्यस्तो ज्ञानसँग परिचित हुन चाहन्छु, जसमा करुणा छ, सहिष्णुता छ र साझा खोजीको भावना छ । जहाँ प्रश्नलाई दबाइँदैन, सम्मानका साथ स्वागत गरिन्छ । यदि चिनाइको आधार ज्ञानको धाक हो भने, त्यो परिचयभन्दा अपरिचित रहनु नै ठिक छ किनकि ज्ञानको असली सौन्दर्य त्यसको न्यानोपनमा छ, प्रदर्शनमा होइन ।

बलको धाक लगाउनेहरूको पनि कमी छैन हाम्रो समाजमा । यही लहरमा उभिएका वेला म डा. विनोद कार्कीलाई चिन्दिनँ । बल भनेको केवल मुट्ठी कसेर देखाइने शक्ति होइन । त्यो त मनको धैर्यमा, शब्दको संयममा र क्षमाको क्षमतामा लुकेको हुन्छ । तर जब कसैले आफ्नो शारीरिक वा पदको बल देखाएर अरूलाई थिच्न खोज्छ, त्यहाँ शक्ति होइन, डरलाई लुकाउने कमजोरी बोलिरहेको हुन्छ । बलको आवाज चर्को हुन्छ तर तर्क कमजोर । आँखामा कठोरता हुन्छ तर आत्मामा डर । जो आफ्नो बल देखाएर सम्मान माग्छ, उसले सम्मानको अर्थ बुझेको हुँदैन । सम्मान डरबाट होइन, विश्वासबाट जन्मिन्छ । साँचो बल त त्यो हो, जसले कमजोरलाई उभ्याउँछ । जो आफू अग्लो भएर अरूलाई झुकाउँदैन, बरु झुकेर अरूलाई सम्हाल्छ । आँधीले रुख ढाल्न सक्छ, तर छाया दिन सक्दैन । बल क्षणिक हुन्छ भने करुणा र संयम साँचा शक्ति हुन् ।

म डा.विनोद कार्कीलाई चिन्दिनँ । नाम सुनेको छु, पद देखेको छु, उपाधिको लम्बाइ पनि थाहा छ; तर यिनै कुराले कसैलाई चिन्न सकिन्छ भने चिन्नु कति सजिलो हुन्थ्यो ! परिचयको वास्तविक ढोका त भित्री आँगनमा खुल्छ, बाहिरी पाटीमा टाँसिएका अक्षरहरूले होइन । नाम त हावामा उड्ने पतङ्ग जस्तै हो, डोरी कसको हातमा छ भन्ने नहेरी हामी त्यसको उचाइ मापन गर्न थाल्छौँ । उचाइले गहिराइको खबर दिँदैन । म उचाइबाट होइन, गहिराइबाट मानिस चिन्न खोज्छु । नदी आफ्नो सतहको चमकले होइन, तल बगिरहेको शान्त प्रवाहले नदी हुन्छ ।

म डा.विनोद कार्कीलाई चिन्दिनँ । उसको परिचय पदको कुर्सीमा सीमित छ । कुर्सीहरू बदलिन्छन् तर कुर्सीबाट ओर्लिएपछि बाँकी रहने भनेको व्यवहार र चरित्र मात्र हुन् । कुर्सीले उचालिएको कद वास्तविक उचाइ हुँदैन; वास्तविक उचाइ त त्यहाँ देखिन्छ जहाँ व्यक्तित्व प्रभावकारी हुन्छ । ज्ञान गर्वको मुकुट हो भने ज्ञान प्रकाश हो, तर त्यसले आँखा पोल्न थाल्यो भने त्यो प्रकाश होइन, आगोको ज्वाला हो । साँचो ज्ञान त बिहानको घामजस्तै हुनुपर्छ । जसले आफूलाई मात्र उज्यालो ठान्छ

र अरूलाई अँध्यारो घोषणा गर्छ, उसले ज्ञानको गहिराइ बुझ्केकै हुँदैन । धन त बाटो हो, गन्तव्य होइन । जब बाटोलाई नै घर ठानिन्छ, त्यहीँबाट यात्राको अर्थ हराउँछ । जमिनको चौडाइले हृदयको विस्तार नापिँदैन । खेत धेरै हुनु ठुलो कुरा होइन; मनको सृजनात्मक उब्जनी कति छ, त्यो ठुलो कुरा हो । जमिनले सीमा कोर्छ, तर उदारताले सीमा मेटाउँछ । शक्ति आवाजको चर्कोपनमा सीमित छ । शक्ति भनेको कसैलाई थिच्नु होइन, कसैलाई उभ्याउनु हो । जो बल देखाएर सम्मान खोज्छ, उसले सम्मानको अर्थ बुझ्केकै हुँदैन ।

सम्मान त विश्वासको मौन सम्झौता हो । शब्दहरू फूल होइनन्, काँडा बनेर निस्कन्छन् भने शब्दहरू बिउजस्तै हुन्छन् जहाँ रोपिन्छन्, त्यहीँ अङ्कुराउँछन् । अपमान रोपेर आत्मीयता फल्ने अपेक्षा गर्न सकिँदैन । बोल्ने कला ठुलो हुन सक्छ, तर सुन्ने क्षमता नभएसम्म त्यो अधुरो नै रहन्छ । सुन्न सक्ने कान नै परिपक्वताको पहिलो चिह्न हो । सर्जक समयको मौन इतिहासकार हो; उसले समाजको घाउमा औँला राख्छ र पीडालाई भाषा दिन्छ । शब्द लेख्नु मात्र सृजना होइन; शब्दमा जीवनको राप र ताप मिसाउनु सृजना हो । जसले सृजनालाई हल्का ठान्छ, उसले संवेदनाको गहिराइ नापेकै हुँदैन । संवेदनाशून्य विद्वत्ता त पानीबिनाको बादल जस्तै हो, आकार छ, अर्थ छैन । समानतालाई कमजोरी ठान्छन् भने म त्यहीँबाट सम्बन्ध आरम्भ भएको देख्छु जहाँ मभन्दा हामी ठुलो हुन्छ । जहाँ उचाइमा पुगेपछि पनि धरातल बिर्सिंदैन । पदको आवरण, ज्ञानको आवरण, धनको आवरण, शक्तिको आवरण, आवरणले केही समय चमक दिन सक्छ, तर चरित्रको उज्यालो भने भित्रैबाट निस्कन्छ । आवरणहरू झर्छन् बाँकी रहन्छ,मानिस । त्यसैले, “म डा.विनोद कार्कीलाई चिन्दिनँ ।” भन्ने वाक्य अस्वीकार मात्र होइन, घोषणा हो । यो व्यक्तिप्रति घृणा होइन, प्रवृत्तिप्रति असहमति हो । म घमण्डलाई चिन्दिनँ, धाकलाई चिन्दिनँ, प्रदर्शनलाई चिन्दिनँ ।

म त करुणा, समानता र सम्मानलाई चिन्छु । यदि कहिल्यै हामी भेटियौँ भने म नामभन्दा पहिले आँखामा हेर्नेछु । पदभन्दा पहिले व्यवहार नाप्नेछु । ज्ञानभन्दा पहिले संवेदना खोज्नेछु र यदि त्यहाँ मानवीय न्यानोपन भेटेँ भने सायद त्यो दिन म डा.विनोद कार्कीलाई चिन्नेछु । चिन्ने प्रक्रिया बाहिरबाट प्रारम्भ हुँदैन; भित्रबाट उम्रिन्छ । बिउ माटोको गर्भमा मौन बस्छ, अनि सही ऋतुमा अङ्कुराउँछ । परिचय पनि त्यस्तै हो, समय, संवेदना र विश्वासको सङ्गममा फुल्ने एक मौन फूल । म शान्त स्वरमा दोहोऱ्याइरहन्छु, म डा.विनोद कार्कीलाई चिन्दिनँ । मानिसलाई चिन्ने मापदण्ड बाहिरी शक्तिमा होइन, भित्री चरित्रमा हुन्छ । मूल्यप्रतिको प्रतिबद्धता नै मेरो (विनोद मन्जन) खोज र विश्वास हो । म (विनोद मन्जन)लाई नबिथोल्न डा.विनोद कार्कीहरूलाई सचेत गराउँछु ।

# सहजता जीवनको एक मीठो सङ्गीत



**– शम्भुप्रसाद भट्टराई**

जीवन एउटा नदी जस्तै हो । यो कहिले शान्त हुन्छ त कहिले वेगवान् । तर यो नदी तब मात्र सुन्दर देखिन्छ जब यो आफ्नै स्वाभाविक लयमा बग्छ । यदि यसमा कृत्रिम बाँध बाँधियो भने यसले प्राकृतिक नियमलाई बिर्सिएको हुन्छ र कुनै पनि बेला बाँध फुट्न सक्छ । आजको दौडधुपपूर्ण संसारमा हामीले बिर्सिएको सबैभन्दा मूल्यवान् चिज केही छ भने त्यो हो 'सहजता' । मेरो विचारमा, सहजता कुनै बाह्य उपलब्धि होइन; यो त आफूभित्रको त्यो शान्त कुना हो, जहाँ पुगेपछि मानिसले बाहिरी कोलाहलका बीच पनि मुस्कुराउन सक्छ । सहजता त्यतिखेरसम्म जीवन्त रहन्छ जतिखेरसम्म जीवन कृत्रिमताको सिकार हुँदैन ।

सहजताको सुरुवात म को हुँ ? र म कस्तो छु ? भन्ने स्वीकारोक्तिबाट हुन्छ । जब म ऐना अगाडि उभिन्छु र आफ्ना कमी-कमजोरीसहित आफैँलाई प्रेम गर्छु तब मभित्र एउटा अद्भूत हल्कापन महसुस हुन्छ । त्यो हल्कापन मेरो यथारूपको प्रतिविम्बन हो । तुलना र प्रतिस्पर्धा असहजताका जननी हुन् । जब हामी अरू जस्तै बन्ने धुनमा आफ्नो मौलिकता गुमाउँछौँ तब शरीरमा पसिना छुट्ने, मन थाम्न नसकिने र बोली लरबराउने जस्ता लक्षण देखिन्छन् । तर जब म 'म' भएर बाँच्छु तब मेरो कार्यमा दक्षता मात्र आउँदैन, एउटा छुट्टै तेज पनि झल्किन्छ । म यस मानेमा जिउँदो छु भन्ने लाग्छ जब मेरो त्यो ओज मैले देख्छु, भोग्छु र अनुभूत गर्छु ।

मसँग मेरा सम्बन्धहरू छन् । ती सम्बन्धहरू मेरा लागि हुन् । मैले सम्बन्धलाई दुनियाँको आँखाले हेर्ने गरेको छैन । ती मेरा अनुकूल हुनुपर्छ । त्यसैले ती सम्बन्धहरूमा म सहजता खोज्छु । सम्बन्धहरूमा सहजता हुनु भनेको श्वास फेर्नु जत्तिकै प्राकृतिक हुनु हो । जहाँ कृत्रिमता हुन्छ, त्यहाँ सम्बन्ध बोझ बन्छ । मैले महसुस गरेको छु कि जब म कसैसँग कुरा गर्दा शब्दहरू तौलिएर होइन, हृदयदेखि बोल्छु तब मात्र आत्मीयताको जन्म हुन्छ । असहजताले मानिसको हाउभाउमा सङ्कुचन ल्याउँछ, जसले गर्दा भरोसाको पर्खाल भत्किन्छ । सहजता सम्बन्धको त्यो मिठास हो, जसले दुई अपरिचित हृदयलाई पनि नजिक ल्याइदिन्छ । यसर्थ मेरो व्यवहारमा को नजिकको र को टाढाको हो भन्ने कुराको अर्थ राख्दैन । प्राकृतिक व्यवहारहरू नजिकिदै जान्छन् र कृत्रिम व्यवहारहरू टाढिँदै जान्छन् ।

आज हामी तनावलाई आधुनिकताको पर्याय ठान्छौँ । तर के यो साँचो हो ? एकपलको यो सुन्दर जुनीमा चिन्ताको भारी बोकेर हिँड्नु वास्तवमा जीवनकै अपमान हो । मानसिकरूपमा स्वस्थ रहनु भनेको समस्या नहुनु होइन बरु समस्याका बिचमा पनि सहज रहन सक्नु हो ।

सहजताले रिसलाई शान्तिमा, बेचैनीलाई धैर्यमा र अनिद्रालाई मिठो निद्रामा बदल्ने सामर्थ्य राख्छ। मेरो मानसिक शान्तिभित्र म आफूलाई रमाएको पाउँछु । त्यसैले मेरो वातावरण मेरो शान्तिलाई खण्डित गर्ने हुनुहुँदैन भन्ने कुरामा म सचेष्ट छु। तर त्यो वातावरण आफैँ आउँदैन, आफैँ बनिदैन। त्यसका लागि मैले नै वातावरण सिर्जना गर्नुपर्छ । आहार, विहार, योग-ध्यान, सही सत्सङ्ग र निष्काम कर्महरूको सेरोफेरोमा मलाई हुर्काउने र अघि बढ्ने प्रयत्न मेरो रहनुपर्छ। परिणामतः म सहज हुनुपर्छ । म जति सहज हुन्छु त्यति नै म आफूलाई माया गर्न सक्छु । जब आफूलाई माया गरिरहन सकिन्छ तब यो दुनियाँ नै सबै आफ्नो लाग्न थाल्छ।

हामीसँग हिजोका तीता अनुभवहरू छन् अनि भविष्यका चिन्ताहरू पनि छन् । यी दुवै कुराले हामीलाई वा हाम्रो मनमस्तिष्कलाई बिथोलिरहन्छन् र खल्बल्याइरहन्छन्। ती हाम्रा असहजताका मुहान बन्न सक्छन् । त्यसैले आजलाई भोग्न आफूलाई व्यस्त बनाउन सकियो भने सहजता सिर्जना हुन्छ । जब म फुर्सदको बेला मेरो वरपरको प्रकृतिलाई नियाल्न थाल्छु र ती दृश्यहरूलाई हृदयले ग्रहण गर्न थाल्छु र आँखाले पिउन थाल्छु, मलाई बिछट्टै आनन्द आउँछ। मन हलुका हुन्छ। सहज महसुस गर्छु। त्यही सहजताभित्र म मलाई जीवन्त पाउँछु । लोभ र ईर्ष्याको दुनियाँबाट फुर्सद लिएर जिउनमा कति मज्जा आउँछ है ! आजलाई उपयोग गर्न र उपभोग गर्न सक्नु नै जीवनको सार्थकता हो र यही भोगाइ नै सहजता हो । जब सहजताभित्र मन प्रफुल्ल हुन्छ तब त्यहाँ सुमधुर संगीतको धुन बज्न थाल्छ । जब त्यो संगीतको धुनसँग अर्थपूर्ण शब्दहरूको संयोजन गरिन्छ तब जीवन अमर बन्छ। जीवन त बारबार मर्ने चिज मात्र कहाँ हो र ? यो त बारबार बाँच्ने र बाँचिरहने शृङ्खला पनि त हो।

मेरो स्वभाव, व्यवहार र सोच नै मेरो जीवन दर्शन हो । जीवन दर्शनका ठूला ठूला ठेलीहरू मेरा लागि ज्ञानका स्रोत मात्र हुन् । उसो ता यो खुला विश्व र विश्वले बोकेका सबै कुरा पनि मेरा दर्शनदृष्टि हुन्। तर मेरो भोगाइ र अनुभूति भने मेरो जीवन दर्शन हो । मेरो दर्शनको हिस्सा हो सहजता । मेरो लागि सहजता केवल व्यवहार होइन, यो मेरो जीवनदर्शन हो। जीवनलाई नियन्त्रण गर्न खोज्नु भन्दा यसको लयमा बग्न सिक्नु नै वास्तविक बुद्धिमानी हो । जहाँ कुनै स्पर्धा छैन, जहाँ केवल आफ्नै गति छ, त्यहाँ जीवन उत्सवमय बन्छ। आत्म-बोध र आत्म-प्रेमको पराकाष्ठा नै सहजता हो । जब हामी परिस्थितिलाई 'हुनुपर्ने' दृष्टिकोणले होइन, जे छ त्यही रूपमा स्वीकार्छौँ तब जीवनको असली रङ्ग देखिन्छ।

अन्ततः, सहजता जीवन जिउने कलाको सबैभन्दा माथिल्लो सोपान हो । यो कुनै विलासी वस्तु होइन, जुन बजारमा किन्न पाइयोस्। यो त भित्रैबाट उब्जाउनुपर्ने एउटा संस्कार हो । जीवन अमूल्य छ र यसको सम्मान गर्ने एक मात्र तरिका यसलाई सहजरूपमा जिउनु हो । जब म आफैँसँग सहज हुन्छु तब यो सिङ्गो ब्रह्माण्ड नै मसँग सहज हुन थाल्छ। अनि मनले भन्छ जीवन त्यति झमेलाले भरिएको कहाँ हुन्छ र ? असहज बनाइयो भने मात्र जीवन दुख्ने गर्छ । सहजता नै जीवनको त्यो लय हो, जसले मानिसलाई मानिस बनाइराख्छ । त्यसैले मेरो सहजताभित्र मेरो जीवन छ जो जीवनको मीठो धुन भर्न व्यस्त छ।

# उत्तर नभएका प्रश्नहरू



**– श्रीओम श्रेष्ठ 'रोदन'**

एकनासले पानी परिरहेको छ आकाशबाट । निस्किरहेको छ एकनासले पानीको आवाज पनि । झ्यालबाट देखिएको एक टुक्रा आकाशलाई हेर्छु । कालो न कालो भएर धुम्मिएको छ । पानीका लहरजस्तै सहस्र धारा बगिरहेका छन् । नजिकैका रुखका पातहरुबाट पानी तप्किरहेका छन् । चराहरु भने त्यही रुखको हाँगामा बसेर ओत लागिरहेका छन् । हेर्छु फेरि आकाशतिर नै । देखिन्छ कि भनेर आकाशमा भएका पानीका भण्डारहरु । त्यही बेलामा चट्याङको उज्यालो फालेर आकाश जोडले पड्किन्छ । एकछिन मन डराउँछ भयङ्कर आवाजमा ।

हो, त्यही आवाजले एउटा प्रश्न जन्माउँछ मभित्र । झ्यालढोका थुनेको कोठामा पसेको धुलोजस्तै गरेर पस्छ प्रश्न मभित्र । सुनिन थाल्छ आवाज पनि बाहिर नसुनिने गरेर - 'किन हेरिरहेको छस् पानी, हावा र आकाशलाई ? सक्छस् भने हेर् न आफैँलाई । हेर्, राम्रोसँग गहिरिएर हेर् । आफूलाई चिनेपछि मात्र हेर्न थाल् बल्ल अरुलाई । अरुका स्वरुप र स्वभावलाई ।'

उकालो चढ्दा गरुङ्गो भारी बोकेकोजस्तो अनुभव हुन्छ मलाई । बाँधिएँजस्तो लाग्छ डोरीले फनफनी शरीरभरि । जुरुक्क उठ्छु र गएर ऐनामा हेर्छु मुहार र सर्वाङ्ग पनि । देखिन्छ जस्तो छ त्यस्तै मात्र । फर्केर बन्द गर्छु दुवै आँखालाई । खोज्छु हेर्नलाई आफैलाई । अँध्यारो गुफाभित्र पुगेपछि हराएको जस्तो हुन्छु । कतै केही देखिँदैन । सम्झन खोज्छु आफ्नो अनुहारलाई । केही नदेखिने ठाउँमा के देख्नु आफूलाई । नजिकका चिनेजानेकालाई सम्झन खोज्छु । वर्षौंदेखि चिनेकाहरु पनि चिनिएजस्तो लाग्दैनन् । शून्य भएर फेरि शून्य मात्र भएजस्तो लाग्छ ।

अर्बौं अर्ब मान्छे छन् यस धर्तीमा । फरक छन् प्रत्येकका स्वरुप र स्वभाव पनि । एउटै आमाको गर्भमा नौ महिना बसेकाहरु पनि न एकनासका हुन्छन् न एउटै स्वभावका । मान्छे भनेपछि फरक नाम भएजस्तै हुन्छ फरक प्रकृति पनि । कसरी चिन्नु त्यस्ता मान्छेलाई ? त्यसै पनि मान्छे जत्तिको रहस्यमय यो संसारमा अरु केही पनि हुँदैन । अरु त जे जस्ता देखिन्छन् त्यस्तै मात्र हुन्छन् । समय र परिस्थितिले अलिअलि फरक हुँदा पनि गुण र स्वभावले फरक हुँदैनन् । तर मान्छे भने आज चिनिएको भोलि चिन्नै नसकिने हुन्छन् । अरुको के कुरो भयो र ? आफैलाई त चिन्न नसकिने यो जीवनमा अरु कसकलाई चिनेर भ्याउनु ?

हुन त कुरा मान्छेको मात्र होइन । त्यस्तैत्यस्तै त हुन्छन् नि अरुहरु पनि । आज यो जानियो भनेर ढुक्क भयो । भोलि बिहान आँखा खोल्दा अर्को नयाँ बनिसक्छ । आज यो बुझियो भन्यो भोलि अर्को बुझ्न बाँकी भइसकेको हुन्छ । आज बल्ल काम सकाएँ भन्यो भोलि गर्नुपर्ने काम लाइन लागिसकेको हुन्छ । आज त्यहाँ गएँ भन्यो भोलि अर्कै ठाउँमा नगई नहुने हुन्छ । कहिले नभ्याउने जीवनमा के मात्रै गर्नु भन्या ?

घडीको सुई नरोकिएजस्तै गरेर चलिरहने रहेछ मान्छेको जीवन । पृथ्वीले एकछिन आराम नगरेर घुमिरहेजस्तै चलिरहने रहेछ मान्छे । देखिएजति सबै कुराको परिवर्तन भइरहन्छ । नदेखिएरै पनि समय परिवर्तन भइरहन्छ । अनि मान्छे मात्र कसरी जस्ताको त्यस्तै भइरहन सक्छ र ? उमेरले स्वतः उचाई बढाएजस्तै । वुद्धि र विवेक बढ्दै गएजस्तै । मान्छेले चाहेर वा नचाहेर पनि आफै परिवर्तन भइरहन्छ । यसरी बदलिरहने आफैलाई कसरी चिन्नु ? आज चिनेको आफू भोलि अर्कै भइसक्छ । आफैलाई चिन्न नसक्नेले अनि कसरी चिन्न सकिन्छ अरुलाई ?

जीवन भनेको व्यस्तताको लागि नै रहेछ । फुर्सदले बस्नका लागि हुँदै होइन रहेछ । हिसाब् गरेर हेर्दा पनि त्यस्तै देखिन्छ । जीवन भनेको भाग लगाउँदै दिन कटाउने प्रकृया मात्र रहेछ । हेर्नु न नपत्याए । मान्छे जन्मेर हिँडडुल गर्न थालेपछिका बाल्यकाल जति सबै पढेर बिताउनुपर्छ । युवा भएपछि फेरि शैक्षिक प्रमाणपत्रको पछाडि दौडेर नै समय जान्छ । जागिर वा पेशा गर्न थालेपछि घर र काम, काम र घर गर्दै ठीक्क हुन्छ । शनिवार वा विदाको दिन यसो गर्दा उसो गरेर नै भ्याइँदैन । बिहे गरेपछिको जीवन र समय पूरै बन्धनमा परिहाल्छ । एकबाट दुई हुनासाथ समय आफै दुई भाग लाग्दै जान्छ । दुईबाट तीनचार हुँदै जान थालेपछि त झन् सिद्धिहाल्यो । उनीहरुको लवाइ, खुवाइ, हुर्काइ, पढाइको चासो र चिन्ता गरेर नै बित्छ समय ।

सामाजिक जिम्मेवारीका समय आफ्नो ठाउँमा छँदैछन् । व्यवहार र संस्कारबाट जति लुके पनि भाग्न सकिँदैन । हातमा चौबिसै घण्टा टाँसिएर बस्ने मोबाइल अहिले सबैभन्दा बढी समय खान खोज्ने साधन बनेको छ । त्यसमा आउने सारा संसारलाई नहेरेर अहिले भात नै पच्दैन । एकछिन मात्र हातबाट छुट्यो भने केके नभएकोजस्तो भइरहन्छ । अरुभन्दा आफू पछाडि परेको जस्तो लाग्न थाल्छ । जस्तोसुकै समयमा पनि केही नहुँदा पनि यो मोबाइल भने नभई नहुने भएको छ ।

समय नै छ अहिले त्यस्तै । जसले जे गरे पनि फेसबुक भएर अरुलाई देखाउनै पर्ने । के के खायो देखाउनुपर्ने, के लुगा लगायो देखाउनैपर्ने । भगवान्लाई पूजा गरेको पनि देखाउनुपर्ने । रमाइलो गरेको पनि देखाउनुपर्ने । कतै घुम्न गयो देखाउनैपर्ने । हुँदाहुँदा आफूलाई जन्म दिने बाआमालाई दागबत्ती दिँदाको फोटो पनि फेसबुकमा राख्नुपर्ने भएको छ । कर्तव्य पूरा गरेँ भनेर होला कि ? गर्व गरेर होला ? चितामाथि राखिएको

लाशको मुखमा आगो लगाउँदा पनि क्यामरातिर हेरेर फोटो खिच्ने गर्दछन् ।

जीवनको सबैभन्दा बढी संवेदनशील समयलाई पनि सामाजिक सन्जालमा राखेर लाइक र कमेन्टको हिसाब गर्ने चलन आएको छ। अहिले जसले जे गरे पनि आफ्नो लागि नभएर फेसबुकको लागि हुने र गर्ने गरिएको छ । अब त कुनै समयमा बन्द कोठा र गोप्य कामको पनि लाइभ नआउला भन्न सकिँदैन । जीवन भनेकै व्यस्तको पर्याय भएपछि अनि कहिले हुन्छ समय ? कहिले हुन्छ फुर्सद ? अनि कसरी चिन्नसक्नु आफूलाई र अरुलाई पनि ?

आखिर गर्न खोज्यो भने गर्न नसकिने केही पनि छैन मान्छेले । कति हो कति गहिरो समुद्रको गहिराइ नापिसकेको छ। पानीभन्दा केही नदेखिने समुद्रभित्रका सबै कुरा पत्ता लगाइसकेका छन् । हामीले पूजा गरेर आरती गर्ने गरेको चन्द्रमामा मान्छे बस्ने व्यवस्था भइरहेको छ । देखिएका मात्र होइन नदेखिएका ठाउँबाट पनि धेरै कुरा पत्ता लगाइसकेका छन् । माटोमुनि लुकेर बसेका खनिजहरु निकालेकै छन् । कहाँ सुन छ ? कहाँ तेल छ ? कहाँ ग्यास छ ? कहाँ फलाम छ ? कहाँ तामा छ ? वर्षौंवर्ष लगाएर भए पनि  निकाल्न छोडेका छैनन् ।

आकाशपातालको कुरा पत्ता लगाउने। ग्रहका कुरा पत्ता लगाउने । समुद्रको कुरा पत्ता लगाउने । लुकेर बसेका खानी पत्ता लगाउने । आफूभित्रको कुरो भने पत्ता लगाउन नसक्ने । आफूले आफूलाई चिन्न सकेको भए मान्छेले किन आत्महत्या गर्थे र ? किन हार्नुपर्ने कुरा गर्थे र ? किन दुःख पाउने कुरा गर्थे र ? किन पश्चाताप गर्नुपर्ने काम गर्थे र ? सबैभन्दा बुद्धिमान भनिएको मान्छेको पारा त यस्तो छ भने अरुको के कुरा गर्नु ?

यदि मानिसले आफूलाई चिन्न सकेका भए कसैले घमण्ड गर्दैन थिए होला । हजारौँ वर्ष बाँचिनेजस्तो गरेर कसैले सम्पति कमाउँदैन थिए होला । कसैले कसैलाई बेइमानी गर्ने र दुःख दिने गर्दैन थिए होला । जन्मनासाथ नबाँच्ने बच्चाहरु आमाको गर्भमा नै आउँदैन थिए होला । आफूले आफैलाई चिन्न नसक्ने र आफूले बाँच्ने समय थाहा नपाउने मान्छे नै हो । तर फेरि अरुलाई भन्ने गरिन्छ -‘कस्तो चिन्नै नसक्ने मान्छे रहेछ ?’ कत्ति न आफूलाई चाहिँ चिन्न सकेको जस्तो गरेर ।

भर्खरै इरानको सर्वोच्च नेता आयोतुल्ला अलि खुमेनीको हत्या भयो । उनी प्रधानमन्त्री र राष्ट्रपतिभन्दा पनि ठूलो पदका मान्छे थिए । उनी इजरायल र अमेरिकाको क्षेप्यास्त्रबाट मारिएका थिए। उनी विगत ३७ वर्षदेखि सर्वोच्च मात्र नभएर हुनसम्मको शक्तिशाली थिए। उनी एकजनालाई जोगाउन तीन तहका सात हजार लडाकु सेनाको घेराभित्र बस्दथे । सुरक्षित हुनका लागि जमिनमुनिको सुविधा सम्पन्न महलमा बस्दथे। साढे आठदशक आयु पार गरेका बुढ्यौलीमा पनि बाँच्ने मोहले त्यति धेरै शक्तिशाली बनेका मान्छे पनि क्षणभरमा क्षत्विक्षत् भएर मर्नुपर्‍यो । आखिर उनले पनि आफूलाई चिन्न नसकेकैले त हो नि, होइन र ? सबै कुराले पूर्ण भए पनि मान्छे अपूर्ण हुन्छ भन्ने सन्देश हो नि यो संसारभरिका

मान्छेका लागि ? जति सम्पत्ति भए पनि, जति शक्ति भए पनि, जति सुरक्षा भए पनि, जति स्वस्थ भए पनि आफूलाई चिन्न सकिँदैन भन्ने उदाहरण बनेका छन् उनी । यसैले हामी पनि कुनै न कुनै प्रकारका खुमेनीजस्तै अनभिज्ञ नै छौँ ।

हुन त मान्छेले मान्छेलाई चिनेर साध्य नै हुँदैन । चोरी गर्ने र बदमासी गर्ने पनि मान्छे नै हुन्छ । उसलाई पक्रेर कारवाही गर्ने पनि मान्छे नै हुन्छ । साधु र सन्त बन्ने पनि मान्छे हुन्छ । बलात्कार गर्ने र हत्या गर्ने पनि मान्छे नै हुन्छ । अरुलाई सहयोग गर्ने र बचाउने पनि मान्छे हुन्छ । अरुको भाग खोसेर भ्रष्टाचार गर्ने पनि मान्छे नै हुन्छ । दानवजस्तो हुने पनि मान्छे । देवताजस्तो हुने पनि मान्छे । पेट भर्नलाई दश औँला जोडिरहनुपर्ने पनि मान्छे । दिनरात सम्पतिको हिसाब गरेर नसकिने पनि मान्छे नै छन् । कोही ज्वरो आँउदा सिटामोल किन्न नसकेर कामेर दिनरात कटाउँछन् । कोही बिरामी होला भनेर जाँच्नलाई लाखौँ खर्च गरेर विदेश जान्छन् । किन यति ठूलो विभेद भएको होला मान्छेमान्छेमा । फरक पनि अलिअलि हो र भन्या । ठ्याक्कै सगरमाथा र समुद्रजस्तो कहाँ हो कहाँ ।

मान्छे नै हो राम्रो नराम्रो जेजस्तो भए पनि । जसअपजस पनि मान्छेले नै पाउने हो । देवता बोल्दैन र केही गर्दैन । त्यसैले देवताले विभेद गर्दैन भन्ने विश्वास छ । तर मान्छेमा भ्रम छर्ने पनि देवता नै हो । यही कारण आस्थाले पूजा गर्छ । भक्तिले आरती गर्छ । हातमा अक्षता र फूल लिएर प्रार्थना गर्छ । आँखा चिम्लेर कसैले नसुन्ने गरेर मनको इच्छा व्यक्त गर्छ । विश्वासले हुने मनको शान्तिबाहेक अरु केही होइन फेरि ।

भ्रम पनि अलिअलि हो र भन्या । मन्दिरभित्र देवताको अगाडि जति बस्यो त्यति धर्म हुन्छ भन्ने विश्वासको भ्रम छ । यदि त्यस्तो हुन्थ्यो भने यो संसारमा पुजारीभन्दा सुखी र सम्पन्न अरु कोही हुँदै नहुनुपर्ने होइन र ? पुजारीभन्दा देवताको अगाडि हुने अरु को होला र ? मन्दिरकै नजिक बस्नेहरु त सबैभन्दा गरीब र दुःखी हुन्छन् । उनीहरु नै आफ्नो रोग र भोक देखाएर याचना गरिरहेका हुन्छन् । देवताको दृष्टि पर्ने भए मन्दिरवरपर त कोही रोगी र गरीब नहुनुपर्ने होइन र ? शक्ति र सामर्थ्य हुने भए किन उनीहरुकै मूर्ति चोर्नेहरुलाई रोक्न सक्दैनन् । देवता भन्नेहरुले पनि आफूलाई चिन्न सक्दैनन् कि क्या हो ? त्यत्तिकै बनेको होइन रहेछ नि देवताका अनेक रुप र स्वरुपका मुखुण्डाहरु ।

देवताले पनि आफूलाई चिन्न नसकेकै कारण अरुको अपहरण र हत्या गरेका हुन् त ? रुप बदलेर परस्त्री गमन गरेका हुन् त ? देवता भनिएकाहरुका त त्यस्ता त्यस्ता कथा छन् भने जाबो मान्छेको के कुरा गरिरहनु ? किन आफूलाई चिन्न नसकेको कुरा गरिरहनु ? यस्ता सन्दर्भ र प्रश्नहरु घना जङ्गलमा हराएर एक्लो हुँदा गरेकोजस्तो लाग्न थालेको छ । हो, पानीले आफ्नो शक्ति र सामर्थ्य थाहा नपाएजस्तै गोप्य र रहस्यमय नै हुन्छ मान्छे । हो, रहस्यलाई रहस्यभित्रै थुनेर राख्दा त्यसको अर्थ र महत्व बढ्दै

जान्छ । यदि त्यसमाथि शङ्का गरेर नाङ्लामा राखेको चामल निफनेको जस्तै गरेर निफन्ने हो भने मान्छेले आफूलाई चिन्न नसकेको जस्तै जीवन शून्यभित्रको शून्यमा नै हराइरहने छ ।

यदि मान्छेले आफूलाई चिन्न सकेको भए आफ्नै सन्तान किन आफ्नै हुन सक्दैनन् ? किन गाह्रो साह्रोमा काम लाग्ने हुँदैनन् ? बुढ्यौली उपचार र औषधी चाहिँदा किन विदेशबाट भिडियो कलमा सान्त्वना मात्र दिन्छन् ? न खुशी हुँदा सँगै बसेर हाँस्छन्, न दुःखमा सँगै बसेर आँसु बगाउँछन् ? आफ्नै रगत भनेर के गर्नु ? चाहिने बेलामा सहाराको लौरो बन्न नसकेपछि । अहिले सारा कुरा गुमाएर भए पनि विदेश जानैपर्ने भएको छ । परिवारसँग बसेर देशको शीतल हावामा कुटोकोदालो गर्न नसक्ने अनि विदेशमा पोल्ने गर्मीमा बसेर जस्तोसुकै काम गर्नसक्ने । नेपाली संस्कृतिजस्तै बन्दै गएको छ अहिले ।

दुःख सुखका कुरा त सामान्य नै भए रे लौ । बाँचुन्जेलसम्मका गुनासा हुन् यस्ता कुराहरु । मरेपछि कुनै गुनासो गर्न सकिँदैन र मात्रै । नत्र मरेपछि झन् हुनसम्मका ठूलो गुनासो हुन्छ । अहिलेका बाआमाहरुले मरेपछि पनि तुरुन्तै संस्कार गर्न पाउँदैनन् । मरेको दुईतीन दिनसम्म चिसो फ्रिजभित्र बसेर सन्तानलाई कुर्नुपर्ने हुन्छ । संसारको योभन्दा भयङ्कर विडम्बना अरु के हुन सक्छ र ? सन्तानले दिने तीतो यथार्थको वाण हो यो । कसैलाई देख्ने गरेर घोपिन्छ भने कसैलाई नदेखिने गरेर । अहिले मुटु छियाछिया नभएका बाआमाहरु विरलै होलान् जस्तो लाग्छ । लुकीलुकी नरुने कुनै बाआमाका आँखा हुँदैनन् जस्तो लाग्छ । यो त आफैमाथि पड्काउनलाई जीवनभर बारुद भरेर राखेको बमजस्तो भएको छ । ओहो, सोच्दा मात्र पनि कति भयङ्करसँग दुख्न थाल्छ मन । यस्तो जीवन बोकेर कसरी चिन्न सकिन्छ आफूलाई ?

जीवन त नचिनेर पनि चिनेको जस्तो गरिरहनुपर्ने पो रहेछ । न आफूलाई, न आफन्तलाई, न नजिककालाई, न टाढाकालाई । जीवन त पानीको स्वाद भन्न नसकेजस्तो रहेछ । हावालाई देख्न नसकेजस्तो रहेछ ।

हो, मान्छे भनेको अनेक भूमिका निर्वाह गरेर आफैसँग खेलिरहने नाटकजस्तै रहेछ । हो, रङ्गमञ्चमा कलाकारले रोएर, हाँसेर, झगडा गरेर, प्रेम गरेजस्तो अभिनय गरेर नाटकको कथालाई प्रष्ट पार्ने गर्छन् । तर ती कलाकारका आफ्ना कथालाई हामी बुझ्दैनौँ र बुझ्न चाहँदैनौँ पनि । रङ्गमञ्चका कलाकारका अभिनयलाई हेरेको जस्तो गरेर बाहिरी आँखाले मात्र हेरिरहेका छौँ आफूलाई । जीवनलाई रङ्गमञ्चभन्दा टाढाको बनाउन सकेका रहेनछौँ हामीले । वास्तविकता नै यही हो हाम्रो जीवनको । यो संसारको रङ्गमञ्चमा अभिनय गर्न आएका कलाकारहरु जस्तै । अरुका लागि अरुका कथामा अभिनय गरिरहन्छौँ हामी । अनि कसरी चिन्न सक्नु आफूलाई । आफूले आफूलाई पनि चिन्न नसक्ने मान्छेले कसरी अरुलाई चिन्न सकिन्छ र भन्या ?

# चरैवेति चरैवेति



– श्रीबाबु कार्की

कहिले काहीं मन अलिक भावुक हुन्छ। तरल भएर समयका गहिराइहरूमा बग्छ। समयका सन्नाटाहरूमा / जीवनका शून्यताहरूमा / परिस्थितिका एकान्तहरूमा / भीषण मौनताका मौन-कोलाहलहरूमा / नदी झैं कल्कलाउँदै बग्छ। र शनैः शनैः बगिरहन्छ निरअविच्छिन्न आफ्नै वेगमा। मनको कुनै आकार हुन्न। यो निराकार छ। कहिल्यै कसैको वशमा छैन मन। हरघडी मुक्त छ। समयका कोलाजहरूमा सधैं छताछुल्ल छ। रल्लसल्ल छ। निर्वाध पवन झैं - नृत्यमग्न छ। चैत-वैशाखको चञ्चल घन-घटा झैं मडारिदैं फैलिदिन्छ - निस्फिक्री नील-गगनमा। नियन्त्रणबाहिर पुगेको क्यानभासको रङ्ग झैं जथाभावी पोखिन्छ / लतपतिन्छ। कहिले बूढो भ्वाइलिनको धून झैं कोठाको सन्नाटा चिरेर शून्यतामा हराउँछ। मन फैलिएर कता-कता पुग्छ। पोखिएर कहाँ-कहाँ झर्छ। छरिएर भूइँभरि हुन्छ। झाँङ्गिएर मन-मुटुमा बस्छ।

बन्द कोठामा छु। बाक्लो साँझले सिँगौरी खेलिरहेको छ - उज्यालोसँग। बाहिर उज्यालो हराएको छ। झ्यालबाट कहीँ कतै देखिन्न। देखिन्छ त केवल चकमन्न, निस्तब्ध र कालै-कालो। निशाचरहरू पनि सन्नाटाले नुहाइरहेछन्। बेला-बेला कुकुरहरू रोइरहेको हुँक्-हुँक् आवाज आउँछ। पल्लो घरभित्रबाट यदाकदा खोकीको बूढो आवाज निस्किन्छ। बाँकी केवल निस्तब्ध अँध्यारोमा छन् - बस्तीहरू। रातले खर्लप्पै निलेको छ उज्यालो। अँध्यारोको सघन साम्राज्य चलिरहेको छ। कोठामा एउटा सानो बत्ती निरन्तर उज्यालो छरिरहेछ। एउटा सानो बत्तीको आलोकमा खुम्चिएको छु म। यो अन्धकारको कोलाहल भत्काउनु छ मैले। म उज्यालोको प्रतीक्षामा छु। भोलिको प्रतीक्षामा छु। एउटा नयाँ विहानको स्वागतमा छु। चैतन्यले उज्यालो खोजिरहेछ। मन-मस्तिष्कमा हुतुतु उज्यालोका अनेकौं विम्बहरू आइरहेछन्। उज्यालो जीवनको सपना हो। उज्यालो सौन्दर्यको प्रतिविम्ब हो। म आँखाभरी उज्यालो र मनभरी खुसी खोजिरहेको छु।

हत्केलाका रेखाहरूमा खुसीको बेर्ना उमारिरहेछु।

कोठाको भित्तोबाट मस्तिष्कमा एक तमासले छक् छक् गर्दै घडीको आवाज आइरहेछ। त्यही भित्तामा अघिदेखि माउसुली तल-माथि दगुरिरहेको छ। माउसुलीको ध्येय केवल खानेकुरामा मात्रै छ। मानौं ऊ खानकै लागि बाँचिरहेको छ। यस्तो लाग्छ उसको बँचाइ खानैकै लागि हो। मभित्रको मुटु बाँच्नका लागि सङ्घर्ष गरिरहेको छ। माउसुली रातभर भोको पेट भर्न उद्दत छ। ऊ ट्यूबलाइटको आडमा लुकेर निरन्तर लामखुट्टे र

किराहरूको शिकार गरिरहेछ । म उसको तमासा हेरेर एकाग्रता भत्काइरहेको छु । उसलाई रात प्यारो छ । मलाई दिन प्रिय लाग्छ । माउसुलीहरू रात मनपराउँछन् । रात्रिकै गीत गाउँछन् ।

म उज्यालो पर्खिरहेको छु । उज्यालोमा अनुवाद गर्नु छ जीवन । ऊर्जाले सिञ्चन गर्नु छ - मस्तिष्क । अनि हृदयलाई हिराझैँ चम्किलो बनाउनु छ । म बेला-बेला अन्तष्करणको गहिरो दहमा डुबुल्की मार्छु । कहिले मनलाई उन्मुक्त बनाएर छोडिदिन्छु शून्यतामा । कहिले थुमथुम्याएर राख्छु कंक्रिटको गुफाभित्र ।

त्यतिबेला म आफ्नै भित्री मनसँग गहिरो मौन सम्वाद गर्छु ।

-'म किन जन्मिएँ ?'

केका लागि जन्मिएँ ?

यो सुन्दर धरामा किन पदार्पण भएँ ?

मेरो जीवनको लक्ष्य के हो ? उद्देश्य के हो ?

...यस्ता कयौं प्रश्नहरूले घेरिइन्छु म ।

मानव जन्म अज्ञेयबाट ज्ञेयतर्फको यात्रा हो । अज्ञेयलाई ज्ञेयमा बदल्ने अनेकौं विज्ञ र दार्शनिकहरू सम्झिन्छु । उनीहरूको त्याग, तपस्या र समर्पण सम्झिन्छु । अनि आफैंलाई थुमथुम्याउँछु - चरैवेति चरैवेति । मभित्रको चेतनाको सार्थकता के हो ? र के हो मानिसको मुमुक्षा ? किन निर्लज्ज छन् - चेतनशील जिजीविषा ?

पटक-पटक मेरा प्रश्नहरूसँग मन पराजित हुन्छ । प्रश्नहरूको चाङबाट खै कता भाग्छ मानवीय चेतना ! यस्तो लाग्छ - मनमा प्रश्नहरूको यति ठूलो चाङ छ कि, जसको तुलनामा पृथ्वी पनि सानो देखिन्छ । उत्तरहरूको खोजीमा हमेसा मस्तिष्क उद्वेलित हुन्छ । बत्तिएको मनलाई सुस्तरी सुमसुम्याउँछु ।

मन अशान्त समुद्र बनेको छ । समुद्र प्रायः शान्त हुन्छ तर यदाकदा समुद्रमा आउने सुनामी कति खतरनाक हुन्छ ! सायद आज मेरो शान्त मनमा पनि सुनामीको धक्का महशुस भै रहेको छ । म मनलाई प्रायः शान्त समुद्र झैं चुपचाप राख्न मन पराउँछु । यद्यपि मन न हो । कहिलेकाहीँ सुनामीका छालहरूसँगै बत्तिने गर्छ ।

-जीवनको असली परिभाषा के हो ? खोज्नु छ मैले । पढ्नु छ - जीवनको गहिरो दर्शन । भोग्नु छ - जीवनका अथाह दुःख-सुख /हाँसो-रोदन/ आशा-निराशा/ चिसो-तातो/ मिलन-बिछोड/जोड-घटाउ । पलपल सदुपयोग गर्नु छ जीवन । चढ्नु छ - जीवनका अनेकौं चुली र चुचुराहरू । झर्नु छ - जीवनको गहिरा खोच र खलियानहरू । म हुन्न कहिल्यै स्थिर । बस्दिन मौनताभित्र रुमल्लिएर । सधैं बनिदिन्छु गतिशील । मस्तिष्कमा हुर्काउने छु - आगो !

शून्यता मेरो मार्ग हुँदैहोइन । म जीवनसँग जीवन खोजिरहेको मानिस हुँ । म निराशाको थुप्रोमा आशा खोजिरहेको प्राणी हुँ । पाइतलामा कोलम्बस उभ्याइरहेको पात्र हुँ । म भावुक बनिदिन्छु ।

शून्यता एक हिसाबले रित्तिनु हो ।

निखिनु हो । सक्किनु हो । भौतिक रूप र आकार नदेखिएको निराकार स्वरूप हो । भावनात्मक रूपले शून्यता आफैंमा महत्त्वपूर्ण अवस्था हो । म पनि कहिलेकाँही रित्तो-रित्तो भइदिन्छु । रित्तो हुनु भरिने क्रमको सुरुवात पनि हो । मेरा दुई आँखाहरू पनि छन् हेर्नका लागि तर यी आँखाहरूले नजिक हेर्छन् । सतह मात्रै हेर्छन् । म कहिले कहिले

परसम्म हेर्न खोज्छु । परसम्म हेर्नका लागि मैले यी आँखा चिम्म गर्नुपर्छ । हृदयको आँखाले हेर्नुपर्छ । हरेक कुराको गहिराइ हेर्न होस् कि, उचाइ हेर्न, आफैंलाई हेर्न होस् कि, अन्यलाई हेर्न होस् । आँखा चिम्म गरेर हेर्दाको दृश्यको आनन्द नै बेग्लै हुन्छ । मानिसले हरेक दृष्टिकोणबाट हेर्न सक्छ । स्वार्थका दृष्टिले / निःस्वार्थ दृष्टिले / प्राप्तिका दृष्टिले / अप्राप्तिका दृष्टिले .....!

संसारमा मानिस यस्तो प्राणी हो - जो सम्बन्धहरूमा पनि कुनै न कुनै स्वार्थ राख्छ । कुनै न कुनै अपेक्षा बोक्छ । निःस्वार्थ सम्बन्ध त मानिसइतरका प्राणीहरूमा मात्रै हुन्छ । म पनि त्यो स्वार्थभन्दा टाढा छैन ।

हमेसा म आफैंभित्र
आफैंलाई खोजिरहेको हुन्छु ।
आफैंभित्र आफैंलाई सोधिरहेको हुन्छु ।

किन म अलमलमा छु !
किन म हुलमुलमा छु ।
दिनहरू आउँछन् - जान्छन्,
रातहरू आउँछन् - जान्छन्,
सम्बन्धहरू बन्छन् - भत्कन्छन् ।
जीवनले एक तमास गीत गाइरहन्छ ।

छातीभित्र निरन्तर नृत्यमग्न छ जीवननको गति । तर, तर हाम्रो जीवनको शब्दातीत सौन्दर्य किन अपरिवर्तित छ ! हामी किन परिवर्तन हुँदैनौं ?

म आफैंलाई निर्मम प्रश्न गरिरहेको हुन्छु ।

मैले त आफैंलाई चिन्नु छ ।
आफैंलाई बुझ्नु छ ।

म हरेक दिन ऐना अगाडि उभिँदा आफैंलाई गहिरोसँग नियाल्छु । मैले आफैंलाई चिन्न सकिनँ भने दुनियाँ कसरी चिन्न सकुँला ! आफैंलाई नचिन्नु, आफैंलाई नबुझ्नु, आफैंलाई नजान्नु र आफैंलाई नपढ्नु पनि जीवनको अर्को दुर्भाग्य हो । आफैंलाई नचिन्नेले अरुलाई बुझेको छु भन्नू बेकार हो । संसार भोगेको छु भन्नू व्यर्थ हो । ब्रह्माण्ड चिन्नेले पनि पहिले आफू चिन्न सक्नुपर्छ । आफूलाई बुझ्न सक्नुपर्छ ।

म आफैं कहिलेकाहीँ अन्योलमा पर्छु ।

म स्वयं साक्षर हुँ कि, होइन ?
हो, अक्षरहरू चिन्छु ।
अक्षरका भाव र भङ्गी पनि बुझ्छु ।

यद्यपि पढ्ने के, नपढ्ने के ? जान्न सक्तिन । लेखिएका सबै कुरा पढ्न सम्भव नहुन सक्छ । आफूलाई आवश्यक कुरा मात्रै पढ्ने होला । अनावश्यक कुरामा अल्झिनु र बाँधिनुको कुनै तुक छैन ।

म कस्तो छु ? म को हुँ ?

मलाई नजीकबाट चिन्ने र बुझ्ने मै हुँ । मैले देख्ने संसार कस्तो छ । रंगीन ! श्यामश्वेत वा ......?

मैले हेर्ने दृष्टिकोणले हेरिरहेको दृश्यमा पार्थ्यक्य कत्तिको हुन्छ ?' मैले हेर्ने हरेक कोणमा म झल्किन्छु । मेरोपन झल्किन्छ । म कसैका आँखाले कुनै दृश्य नहेरुँ । कसैका आँखाहरूले मेरो दृश्यमा भ्रान्ति नल्याओस् । मेरो चेतनामा परनिर्भरता नदेखियोस् । म इन्द्रियहरूमा सार्वभौमिकता खोज्न सकूँ । म आफूबाट संचालित मानव हुन सकूँ । म त्यही चाहान्छु । मेरो मन त्यही चाहन्छ । मेरो जीवन त्यही चाहन्छ । जीवन मैले जोडेको थोरै ओठको हाँसो र अलिकति परेलीका बाँध भत्काउँदै बगेको दुःखको जोड हो ।

आफू चिन्न आफ्नै गहिराइ/ उचाइ / लम्बाइ / चौंडाइ अनेकौं कोणबाट

हेर्नसक्नुपर्छ । हामीले चिनेको आकृति त केवल जीवनको खोल मात्रै हो ! मानिसको चित्र र चरित्र नितान्त फरक कुरा हुन्  । मानिसको अनुहार हेरेर मानिस चिन्न सकिँदैन । जव मानिसले आत्माको सौन्दर्य बुझ्दैन उसले दुनियाँ त के आफैंलाई चिनिरहेको हुँदैन ।

हरेक प्रहर म आफैंभित्र आफैंलाई खोजिरहेको हुन्छु । मेरो मस्तिष्कमा अनेकौं प्रश्नहरू नवरात्रिका जमरा झैं लहलह भैरहन्छन् । म आफैंलाई गतिशील बनाउँछु । हरेक पल भन्छु - चरैवेति चरैवेति ।

ओ ! प्रिय अभ्यागत ।

मैले तिमीलाई सग्लो प्राकृतिक आँखा दिन पनि सकेको छैन । म कृत्रिम आँखा अनुहारमा टाँसेर यो क्रंक्रिटको घना जंगलमा गुमनाम जीवन बाँचिरहेको छु । शरीरलाई भौतिक सुखमा अनुवाद गरेर मनलाई वर्षौंदेखि कैद गरिरहेछु । कैद छ मेरो मन । गुमनाम छ मेरो मुटु । लोभ, मोह र आशक्तिमा चुर्लुम्म डुवेको छ मस्तिष्क । मानिसमा हुनुपर्ने कैयौं गुणहरू छन् मसँग । कैयौं अवगुणहरू छन् । गम्छु, मानिस त गुण-अवगुणले सजिएको चेतनाको थुप्रो बाहेक केही होइन रहेछ ।

लेखूँ भन्छु । लेख्न पनि सकिरहेको छैन ।


लेख्ने कुराहरू मस्तिष्कबाट भुरुरु उडेर कहाँ गएका छन् थाहा छैन ! यही हप्ता एउटा निबन्ध लेख्नु छ - समष्टि पत्रिकालाई । सम्पादकज्यूले दिएको डेट-लाइन घर्किन लागिसक्यो । श्रीओम दाइलाई अङ्ग्रेजीमा अनुवाद मेरो एउटा निबन्ध पठाउनु छ । घरबेटीलाई हात्ती समाएर बुझाउनु छ । पसलेको उधारो चुक्ता गर्नु छ । कामहरू बाँकी छन् । समयले कसैलाई पर्खिंदैन । समय हामीभन्दा निक्कै बलवान छ । लेख्नु छ निबन्धमा आफ्नै जीवन गीत । आफैंलाई लेख्नु पनि त्यति सजिलो छैन । आफैंले नचिनेको स्व खोज्नु छ । आफैंले नदेखेको आफ्नै कथा लेख्नु छ । आफैंभित्रको चरित्र उतार्नु छ । आफैंलाई उतार्नु छ - चित्रमा / चरित्रमा / चेतनामा / शब्दमा ...। मस्तिष्कमा एउटा मन्त्र बनाउँछु - चरैवेति चरैवेति ।

आफ्नै सत्यलाई उजागर गर्नु छ । मभित्रको 'म' कति अमूर्त छ । मैले मभित्रको 'म' देख्नु छ । ऐनामा जति सजिलोसँग मानिसहरू आ-आफ्नो आवरण हेर्न सक्छन् । त्यो भन्दा कयौंगुणा अप्ठ्यारो हुन्छ । आफ्नो भित्री सौन्दर्य पर्गेल्न ।

म अहिले चुपचाप छु - कंक्रिटको गुफाभित्र । मन कुनै खेलमैदान झैं भएको छ । मन-मस्तिष्कभित्र अनेकौं खेलहरू चलिरहेकाछन् । भौतिक चिज कति खतरनाक हुन्छ । म  झ्यालको खापाबाट परसम्म चिहाउन पनि सकेको छैन । प्रकृतिको सान्निध्यमा डुबुल्की मार्न पनि भ्याएको छैन - हिमालको चित्ताकर्षक दृश्यहरू हेरेर । पहाडका तरेलीहरूमा ध्यानमग्न भएर । नदीका छालहरूमा हराएर । हावाले धानका गाँजहरूमा बयली खेलेको हेरेर । साँझमा चराहरूको गीत सुनेर । रातमा जूनको सौन्दर्य हेरेर । खै ! किन हो म चुपचाप काँचका पर्दामा जीवन खर्चिरहेको छु ।

म एक आधुनिक होमोसेपियन्स जो आकाशतिर ठडिएर संसार हेरिरहेको छु । नूतन चेतनाले विश्व चिह्याइरहेको छु । मस्तिष्कमा विचारको आगो बोकेर उज्यालोको गीत गुनगुनाइरहेछु । मैले सधैंका लागि झ्याप्प निभाउनु छ अधेरो ! र, बाल्नु छ - जीवनको आलोक । शनैः शनैः मन्त्रोच्चारण गरिरहेछु - चरैवेति चरैवेति ।

# समयसँग आत्मसंवाद



– सनत रेग्मी

मानिसको जीवन एउटा लामो यात्राजस्तै रहेछ । बाल्यकालको चञ्चलता, युवावस्थाको जोश र परिपक्व उमेरको जिम्मेवारी पार गर्दै जब बुढ्यौलीको उकालो लागिन्छ, तब मात्रै समयको वास्तविक अर्थ बुझिँदो रहेछ । अहिले म जीवनको यही उत्तरार्द्धमा उभिएको छु । ऐनामा हेर्दा सेता कपाल, निधारका चाउरी र अलिक ढल्केको काँधले मेरो उमेर बताइदिन्छ । तर मनभित्र कतै न कतै अझै पनि त्यो पुरानो युवक बाँचिरहेको छ । यही दोहोरो अनुभूति–शरीरले बुढ्यौली स्वीकार्नु र मनले युवावस्था सम्झिरहनु–मेरो बुढ्यौलीको सबैभन्दा गहिरो अनुभव बनेको छ ।

बुढ्यौली भनेको केवल उमेरको हिसाब होइन रहेछ, यो अनुभूतिको महासागर रहेछ । विगतका सम्झनाहरू, सफलताका मिठा क्षणहरू, असफलताका तिता पाठहरू, आफन्तहरूसँग बिताएका पलहरू–यी सबै मिलेर बुढ्यौलीलाई अर्थपूर्ण बनाउँछन् । कहिलेकाहीँ बिहानको चिसो हावामा बस्दा, टाढाको डाँडामा उदाउँदै गरेको घाम हेर्दा, म आफ्नै जीवनलाई पनि त्यही उदाउँदै र अस्ताउँदै गरेको घामसँग तुलना गर्छु । घाम जस्तै मेरो जीवन पनि बिहान उज्यालो थियो, दिउँसो तातो र प्रखर थियो, र अब साँझको शान्त सुनौलोपनमा प्रवेश गरिरहेको छ ।

युवावस्थामा समयलाई हामीले कहिल्यै महत्व दिएनौँ । हतार थियो–आफ्नो पहिचान बनाउन, परिवारको जिम्मेवारी सम्हाल्न, समाजमा केही गर्न । दिनहरू कति छिटो बिते, हामीले थाहै पाएनौँ । आज जब फुर्सदका घडीहरू लामो लाग्छन्, तब समयको मूल्य झन् गहिरो गरी महसुस हुन्छ । पहिले समय कम थियो, आज समय धेरै छ; तर शरीरसँगको शक्ति कम हुँदै गएको छ । यो विरोधाभास नै बुढ्यौलीको ठूलो सत्य हो ।

बुढ्यौलीले मलाई धैर्य सिकायो । पहिले साना-साना कुरामा रिस उठ्थ्यो । कसैले विरोध गर्यो भने मन खिन्न हुन्थ्यो । तर अहिले जीवनका धेरै उतारचढाव देखिसकेपछि बुझें–सबै कुरा क्षणिक रहेछन् । रिस, घमण्ड, लोभ–यी सबै अस्थायी हुन् । अन्ततः मानिससँग रहने भनेको उसको व्यवहार, माया र सम्झनाहरू मात्र रहेछन् । त्यसैले अहिले म धेरै कुरा सहजै छोड्न सिकेको छु । मन हलुका भएको छ ।

तर बुढ्यौली सधैं सजिलो हुँदैन । शरीरले साथ नदिने अवस्था आउँछ । सानो दुखाइ पनि ठूलो लाग्छ । अस्पतालका लाइनहरू, औषधिको नियमित सेवन, स्वास्थ्यप्रति बढ्दो सजगता–यी सबै बुढ्यौलीका साथी हुन् । कहिलेकाहीँ राति निद्रा नलाग्दा मनमा अनेक विचारहरू आउँछन् । "के मैले जीवन सही ढङ्गले बिताएँ त?" "के मबाट केही छुट्यो?" यस्ता प्रश्नहरूले मन चसक्क बनाउँछन् । तर फेरि आफैलाई सम्झाउँछु–मानिस पूर्ण हुँदैन । गल्ती र सिकाइ नै जीवनको यात्रा हो ।

बुढ्यौलीको अर्को गहिरो अनुभव भनेको एकान्त हो । पहिले घरभरि बालबालिकाको हल्ला हुन्थ्यो । छोराछोरीका माग, पढाइ, विवाह, जिम्मेवारी–सबैले घरलाई जीवन्त बनाइराख्थे । अहिले सबै आ-आफ्नो संसारमा व्यस्त छन् । फोनमा कुरा हुन्छ, भेटघाट हुन्छ, तर पहिले जस्तो सँगै बस्ने समय कम भएको छ । यो परिवर्तन स्वाभाविक हो भन्ने थाहा छ, तर कहिलेकाहीँ मनले त्यो पुरानो चहलपहल खोज्छ । साँझपख घरको आँगनमा एक्लै बस्दा, विगतका हाँसोहरू कानमा गुञ्जिएजस्तो लाग्छ ।

तर बुढ्यौलीले दिएको अर्को सुन्दर उपहार पनि छ–सम्झनाको धन । म आफ्ना बाल्यकालका साथीहरू सम्झन्छु । खेतका आलीमा खेलेका खेलहरू, मेलापर्वमा गाएका गीतहरू, अभावका दिनहरूमा बाँडिएको सानो खुसी–यी सबै सम्झँदा मन गद्गद हुन्छ । आजका आधुनिक सुविधा त्यतिबेला थिएनन्, तर आत्मीयता थियो । छिमेकीहरू परिवारजस्तै थिए । सानो दुःखमा पनि सबै साथ दिन्थे । बुढ्यौलीले ती सम्बन्धहरूको मूल्य झन् गहिरो गरी बुझाएको छ ।

समयसँगै समाज पनि धेरै बदलिएको छ । नयाँ पुस्ताको सोच, प्रविधिको विकास, जीवनशैलीको परिवर्तन–यी सबै देख्दा कहिलेकाहीँ अचम्म लाग्छ । मोबाइल फोन, इन्टरनेट, अनलाइन संसार–यी कुराहरू हाम्रो युवावस्थामा कल्पना पनि थिएनन् । सुरुमा यी परिवर्तनहरू स्वीकार्न गाह्रो भयो । तर पछि बुझेँ–परिवर्तन नै जीवनको नियम रहेछ । जसले परिवर्तन स्वीकार्छ, ऊ सन्तुलित रहन्छ । त्यसैले अहिले म नयाँ कुराहरू सिक्ने प्रयास गर्छु । सानातिना प्रविधि चलाउन सिक्दा मनमा एक किसिमको आत्मसन्तुष्टि मिल्छ ।


बुढ्यौलीले मलाई क्षमा गर्न सिकायो । जीवनभर कसैसँग मनमुटाव भएको हुन सक्छ । तर अब ती कुराहरू बोकेर बस्न मन लाग्दैन । मनमा कुनै तिक्तता राखेर के फाइदा? अन्ततः शान्ति नै खोजिएको हो । त्यसैले म आफैंलाई र अरूलाई पनि क्षमा गर्न सिक्दैछु । यसले मन हलुका बनाउँछ । आत्मा शान्त हुन्छ ।

मृत्युबारे सोच पनि बुढ्यौलीको एउटा स्वाभाविक पक्ष हो । पहिले मृत्यु शब्दले डर लाग्थ्यो । अहिले भने त्यो जीवनको अनिवार्य सत्यजस्तो लाग्छ ।

जति जन्म स्वाभाविक छ, त्यति नै मृत्यु पनि स्वाभाविक रहेछ। यसलाई स्वीकार्दा मनमा एक प्रकारको समर्पण आउँछ । अब बाँकी समयलाई कसरी सार्थक बनाउने भन्ने सोच आउँछ । सन्तानलाई राम्रो सल्लाह दिनु, नातिनातिनासँग समय बिताउनु, समाजका लागि सानो भए पनि योगदान गर्नु–यिनै कुरामा सन्तुष्टि भेटिन्छ ।


बुढ्यौलीले सिकाएको अर्को ठूलो पाठ हो–कृतज्ञता । पहिले जे छैन त्यसैको पछाडि दौडिन्थ्यौँ । अहिले जे छ, त्यसैमा सन्तुष्टि खोज्न सिकेका छौँ । सानो स्वास्थ्य, परिवारको साथ, एक छाक मीठो खाना, शान्त निद्रा–यी नै सबैभन्दा ठूला सम्पत्ति हुन् । जीवनभर कमाएको धनभन्दा पनि आत्मीय सम्बन्धको मूल्य ठूलो रहेछ ।

कहिलेकाहीँ म आफ्नै जीवनलाई एउटा किताबसँग तुलना गर्छु । केही पाना उज्याला छन्, केही धुम्मिला । केही अध्याय रोमाञ्चक छन्, केही दुःखद । तर सबै मिलेर नै किताब पूर्ण हुन्छ । यदि कुनै अध्याय नहुँदो हो त कथा अधुरो हुन्थ्यो । त्यसैले अब म आफ्नो जीवनलाई अधुरो नभनी पूर्ण भन्न चाहन्छु । जति थियो, त्यही नै पर्याप्त थियो । बुढ्यौलीमा पुगेर मैले बुझेको सबैभन्दा ठूलो कुरा भनेको–माया नै जीवनको सार हो । पद, प्रतिष्ठा, धन, सम्पत्ति–यी सबै अस्थायी छन् । अन्ततः सम्झिने र सम्झाइने भनेको व्यवहार र माया नै हो । यदि कसैले मेरो नाम सम्झिँदा ।




## निर्बन्ध–निलय

प्रस्तुत कृति प्राध्यापक कपिल अज्ञातले निजात्मक सन्दर्भ, बिधागत सन्दर्भ, व्यक्तित्व समीक्षा सन्दर्भ र दृष्टि सन्दर्भ गरी चारसन्दर्भ भित्र समेट्नु भएका ४५ निबन्धहरूको सङ्ग्रह हो ।




## जीवन जिउने जुक्ति

तपाइँ हामी सबैको एउटै मात्र उद्देश्य भनेको जीवनलाई सुखमय बनाउनु हो । विषय वा प्रसङ्ग जेजे जोडिए पनि सबैको अन्तिम लक्ष्य सुख सन्तुष्टि प्राप्ति नै हो । प्रस्तुत कृतिमा जिउने एउटा दर्शन प्रस्तुत गरिएको छ ।

# आगोको फूल फुलाउँदै



– हरिप्रसाद सिलवाल

मैले आजसम्म जीवनका बाहिरी सौन्दर्य निम्ति कुनै नक्कली बाजाहरू रेटिनँ । तैपनि मैले उद्यानमा इमानदारीले रमेका सौन्दर्य भेटिनँ । यसअघि मैले धर्तीका कुना कुनाका बगैँचामा रङ रङका फूलहरू फुलाएँ । त्यही उद्यानमा आनन्दित र विचलित दुवै प्रकारका मनहरू पनि डुलाएँ । फूल फुलाउन र मन भुलाउन मात्रै म मेरो जीवन समर्पण गर्न सक्तिनँ । मेरा मनका छालहरू चाहे त्यो धमिलो आहाल होस् वा आहाल सफा पार्न उठेका बेला बेलाका क्रान्तिका छालहरू होस् तिनलाई म कहिल्यै रोक्तिनँ । रोक्ने बहाना र बोक्ने चाहना पालेर म कहिल्यै फोस्रा र धोद्रा हावादारी गफ पनि खोक्दिनँ । भोकभोकै बाँचुन्जेल बरु बाँचिदिन्छु तर कसैका पाउमा स्वाभिमानको इज्जत चोप्दिनँ । मनलाई पश्चात्तापको रापले भतभती पोल्ने गरी सत्य र तथ्यलाई मनभित्र छोप्दिनँ ।

यही भएर त म उज्यालो आकाशको खोजीमा पृथ्वीका गरा, कान्ला र डिलहरूमा सृजना फुलाउन चाहन्छु । ज्योतिको जगमग र चाहनाको चकमकमा बुद्धिको बकबक होइन, विवेकको विनयशील पुष्पहारको उपहार जस्तै मानवका मुहारमा खुसीको फूल फुलाउन चाहन्छु । सर्वप्रथम अरूका मनलाई डुलाउन, खुलाउन र भुलाउन नसके पनि आफ्नै मनका मैलाहरू धुलाउन चाहन्छु । अरूका बहुरङ्गी तृष्णाजन्य मनका मतान्तरसित मट्याङ्ग्रा खेल्नुभन्दा आफ्नै मनको मैलो फटाउन र हटाउन सके यो मानव जगत् कति सफिलो र रसिलो हुन्छ होला । यस पृष्ठभावले प्रेरित भई आदर्श कल्पनालोकको मानवतारूपी पाकताउली वास्तविकतामा परिणत गर्न मनको सफाइमा बेइमान मनप्रति सत्याभिमानको आग्रह सुझाउँदैछु । अतः म मेरो मनको मझेरी खुलाउँदैछु । आज अरूलाई होइन, भित्र बाँचिरहेको मेरो म वा मनको मलाई मैसित भुलाउँदैछु । भुलाउन र खुलाउन नसकेका बेला म आगोको फूल फुलाउँदैछु ।

जिन्दगी अरूको आशाले नचल्दो रहेछ । यति कठोर र अघोर भइसकेपछि कसैलाई केही कुरा सम्झाउन पनि विनम्रताको भाषाले विकृतिको बिँड नढल्दो रहेछ । क्रूरताका जराहरूलाई मूर्खताका मनहरूले पुलपुल्याउँदै गर्दा ती झन् झन् बज्र भएर आएपछि मानवताको आग्रहले पनि तिनको तुजुक नगल्दो रहेछ । अतिवादले आकाश छोपेपछि कानूनको कुन्दाले हान्दा पनि कुरूपताका कुरीतिहरू नकुच्चिँदो रहेछ । मनको मैदानमा वनका बेसरम मानवहीन वाणहरू पलाएपछि अमृतका थोपाहरू सिञ्चन गरे पनि तिनको चुच्चो

नबुच्चिँदो रहेछ । छक्कापञ्जाबाट दूर रहेका सोझा सिदा भोलाभाला निम्न स्तरका सज्जनवृन्दका रक्त पसिनामा किर्ना बनेर तिनका श्रमका सशरीरमा रूपौला धुपौला भाका र भङ्गी मिलाउँदै रक्त शोषण गर्ने अनुमतिपत्र समेत छाप्न भ्याएपछि त्यो किर्नेको किर्ते कागजात पनि नैतिकताको नेत्रमा लज्जाका ल्याप्चेहरू ननिहुरिँदो रहेछ ।

यिनै अमिल्दा अति अमिला नकारात्मक नजिर र शक्तिहीन शक्तिशालीका स्वघोषित शासकीय जन्जीरहरूले जेलिएकाले कति दूर छ प्रियजनका सङ्कल्पका सपना ! कति क्रूर छ कर्तुतका बिपनाहरू ! कति निरीह छ कर्मठका काँधहरू ! कति कमजोर छ आशा र निराशाका साँधहरू ! कति अप्रिय छ प्रिय हुन नसकेका मानवीय मुस्कानका चाँदहरू ! कहिले भत्कन्छन् यस्ता सज्जनका सपना छेक्ने नक्कली बाँधहरू !

एकादेशको नामले चिनिएको तर भारत र पाकिस्तानको कुकुरको किस्सा जस्तो सधैँ हिस्स पर्ने नक्कली विकासका विनासे फूल फुलाएर जीवन चल्ने छाँट छैन । यस्तो विनाश रोक्ने हृदयकै हुङ्कार, हाँक र आँट पनि धेरैसित छैन । त्यो 'कुत्ता किस्सा'मा एउटाले भुक्नकै लागि अर्को देशको सिमानामा आइपुगेको सपना सुनाउँछ । अर्को भने भुकेर मात्रै के गर्ने, पेटभरि खान नपाएपछि जीवनको अर्थ त पेट पाल्नु होला नि भन्दै भोकका विरुद्ध गरिएको यात्राको बिपना सुनाउँछ । तर्कले मात्रै होइन, अवस्थाले पनि ती दुवै कुकुरहरू आआफ्ना स्थानमा आआफ्नै सपना र अवस्था अनुसार उत्पीडित रहेको सूचना पाइन्छ । ती कुकुरको कथाको कथनीलाई संयोजन गर्ने हो भने भोक मार्नु र भुक्नु दुवै जीवनका आवश्यकता हुन् । आवश्यकताको तौल लिँदा कुन चाहिँ अनिवार्य वा जरुरी र कुन चाहिँ ऐच्छिक भन्ने सन्दर्भ र सापेक्षताले निर्धारण गर्ने कुरा हो ।

हाम्रो सन्दर्भमा भने अघाएकाहरू भुक्ने कुरालाई महत्त्व दिन्छन् र गाँस, बास अनि कपासलाई सामान्य मान्छन् । भोकाएकाहरू भने भोकलाई पहिलो महत्त्व दिन्छन् र भुक्ने कुरालाई विलासको काम ठान्छन् । यही सन्दर्भ मिलाउन होला मार्क्सले आधार र अधिरचनाको पाठ बनाएका । मलाई पनि भोक पहिलो र भुक्नु दोस्रो लाग्छ । तर यहाँ त जीवन सौन्दर्यका लागि होइन, जीवनको भोक भत्काउनकै निम्ति भुक्नु पर्ने आवश्यकता छ । भोको पेटहरू पनि नक्कली र सक्कली छन् जसरी सुकुम्वासी र हुकुम्वासीका जिउँदा कथा जस्तै नक्कली सर्वहारा र सक्कली सर्वहारा जस्ता ।

घर नहुनेलाई हुन्छ घरको महत्त्व । जताततै घर घडेरी र अथाह श्रीसम्पत्तिका मालिक मालिक्नीलाई तिनमा लोभ त होला महत्त्व त हुँदैन होला नि । थर नहुनेलाई हुन्छ थरको महत्त्व । परिचय नहुनेलाई हुन्छ परिचयको महत्त्व । पहिचान गुमाएकालाई हुन्छ पहिचानको महत्त्व र अधिकारहीनलाई हुन्छ त्यसको महत्त्व । रोगग्रस्त भएकालाई हुन्छ निरोगी जीवनको महत्त्व । विभेदमा परेकालाई हुन्छ विभेदरहित जिन्दगीको महत्त्व । यस्तै यस्तै होलान् महत्त्वका महत्त्वहरू । भर नहुनेलाई हुन्छ भरको महत्त्व । धन नहुनेलाई धन, ज्ञान नहुनेलाई ज्ञान,

कला नहुनेलाई कला र विवेक नहुनेलाई विवेकको महत्त्व हुन्छ होला । तर ती सबै हुनेलाई पनि तिनको महत्त्व हुन्छ । भोकाहरूका आवाज नसुन्नेलाई केही दिन भोकभोकै राखेपछि उसले भोकको ध्वनि बुझ्छ होला । श्रमको मूल्य नबुझ्नेलाई श्रमिक जीवनमा परिणत गराउन सके श्रमको सौन्दर्य बोध गर्छ होला । आफूलाई सर्वेसर्वा र अरूलाई नजरअन्दाज गर्ने वृत्ति र प्रवृत्तिलाई गाल्न, ढाल्न र पखाल्न महत्त्वको फूल फुलाउने विचार छ । जसलाई जेको महत्त्व थाहा छैन, त्यसलाई त्यसैको महत्त्व वासना आउने सौन्दर्यको फूल फुलाउनुपर्छ । त्यो फूलको खोजी गर्दागर्दै आगोको फूल फुलाउने धुनमा विचारको बिस्कुन छर्दैछु ।

हो ; जिन्दगीको अँगेनामा आगोको फूल फुलाउने विचार आएको छ । हुन त आगोको फूल करोडौँ वर्षदेखि फुल्दै आएको छ । त्यही फूलको गाथा मानिसका मनहरुमा फुलाउनु छ । माथि उल्लिखित विसङ्गतिका घारी र अन्धकार बनेका बारीलाई फाँड्न नम्र निवेदनका फूलले नसकेका कारण आगोको आवश्यकता परेको हो । हाम्रो इतिहास आगोको फूल फुलाउँदै अघि बढेको छ । प्रमिथस र पुरुरवा जसले फुलाए पनि तिनले विश्वमा यो फूल फुलाएको श्रेयको माला मिथक, अति प्राचीन र पौराणिकता आदि इत्यादिमा पहिरिएका छन् । तिनीहरू आदिम इतिहासका प्रतीकका फूल होलान् तर आगोका फूल हुन् । तिनले आगोलाई ध्वंसको धुनमा होइन, वंशको विरासतमा फुलाएका हुन् । म तिनको मुरी मुरी तारिफ गर्छु ।

यस धरामा पहिलो आगो कसले बाल्यो ? उही हो आगोको फूलको प्रयोग गर्ने श्रेय व्यक्ति । त्यो 'ऊ' एक नभएर सामूहिक थियो होला । त्यो युगीन आगोको फूल फुलाउने क्रममा व्यावहारिक प्रयोगशालामा परेर असावधानीले केहीको ज्यान गयो होला । ती आगोका फूल फुलाउने सहिदहरू हुन् । तिनको डढेको ज्यान हेरेर बाँचेकाहरूले ज्ञान प्राप्त गरे होलान् । ओहो ! आगोले त पोल्दो रहेछ । त्यसपछि मानव हत्केलाका प्रत्यक्ष तन्तुले नछोइकन फुलाउन थालियो आगोको फूल । त्यसरी फुलाइएको आगोको फूलले क्रान्ति गर्न थाल्यो युगपछि युगहरूमा ।

सिकारी युगमा आगोको फूलले आहार र विहारमा क्रान्ति रच्यो । मानव र मानवेतरमा विभाजन गऱ्यो । मान्छेहरू अचम्ममा परे । पोलेको र काँचो खानेकुराको पाकशालामा परिणत भए मनुवा गुफाका परिकारहरू । पाक परिकार र अपाक वा काँचा परिकारहरूले स्वादको भिन्नतामा क्रान्ति ल्यायो । हिजोसम्मका आगोहीन जगत्लाई ढालेर त्यो युगको भ्रान्ति मतिलाई सम्झने मस्तिष्कमा मानिसको जिन्दगीको कथा बदलियो । चोला बदलियो । चलन बदलियो । आगोको फूलको क्रान्तिले आगो युगको सुनौले यात्रा तय गऱ्यो । यस जुनी र पूर्व जुनी भन्नु पनि आगोको फूलअघिको संसार र पछिको संसार हुन सक्छ कि ।

आगोको फूलले प्रगतिको प्राप्तिमा परिणाम थप्दै गयो । जब विश्वकर्माहरूको संसार बन्यो त्यो अवश्य आगोको फूलको अपार देन थियो । ती विश्वकर्माहरू नै मानव समाजका पहिला वैज्ञानिक

थिए । प्राविधिक थिए । कलाकार थिए । कालिगढ तथा कारिगर थिए । सौन्दर्य शिल्पी थिए । कर्मीहरू अर्थात् कर्मप्रेमी, कर्म सिकाउने र गर्ने कर्ताहरू थिए । तिनका पुस्ता पुस्ताले आगोका फूल फुलाए र संसारलाई मानवोचित बनाई फुलाए । विश्वलाई कर्मको व्यावहारिक र वैज्ञानिक सभ्यतामा डोऱ्याउन तिनलाई आगोको फूलले औधी सहयोग गऱ्यो । तिनका हातका डामिएका चक्लाहरू आगोको फूलसित खेल्दाका सभ्यताका डामहरू हुन् । तिनै डामहरूले विज्ञान, विज्ञता र विशाल विकासको बागडोर डोऱ्याएको हो ।

आगोको फूल आज डिजिटल रङहरूमा तरङ्गित छ । अनेकन स्क्रिन बोर्डहरूमा रूपान्तरित छ । कम्प्युटरका स्पर्शमा फोटोसप र इनडिजाइन अनि वृत्तचित्रदेखि टेलिचित्र र ठुला पर्दाका चलचित्रहरूमा आगोको फूलले आधुनिक पहिरन र चमकधमक देखाइरहेको छ । मोबाइलका मझेरीहरूमा, मुहार पुस्तिकाका सूचना बेरीहरूमा निमेषभरमा संसारसित जोडिने सशक्त साधन बनेर फुलिरहेछन् आगोका फूलहरू । यही साधनबाट मानिसहरू साध्यको यात्रामा लम्किरहेछन् हरदमले । धमासमा बाँच्ने शक्ति राष्ट्र भनिनेहरूले रकेटका सकेटहरू बनाएर बमको बारुदमा आगोको फूलको घोर अपमान गरिरहेछन् । नोबेलले आविष्कार गरेको विस्फोटक आगोको फूल विशाल राजमार्ग निर्माणको सृजना थियो । त्यसलाई बङ्ग्याएर मानिसका सुन्दर शिरमा पड्काउँदै कल्पनावादीले कल्पेजस्तो नरककुण्ड जस्तै बनाइएको छ । यस जगत्को सभ्यता सिँगार्ने सृजना भएको आगोको फूललाई बदनाम र बद्नियतमा लाद्नेहरूको हिसाबकिताब अवश्य हुने नै छ ।

आगोको फूल फुलाउने क्रममा अनगिन्ती शृङ्खलाहरू पार भए । अनुभव र अनुभूतिहरू अपार भए । यसमा अथाह व्यापार भए । अर्थ र व्यर्थका मानव मगज हल्लाउने खाद्य र अखाद्य पदार्थका आविष्कार भए । मलाई लाग्छ आगोको फूल फुलाउने सच्चा माली कामी दाइ र कमिनी भाउजूको आरन हो । जहाँ, त्यहाँ मानिसले घरका अत्यावश्यकदेखि विलासीसम्मका सरसामान निर्माणको अनुरोध गरे । तिनले निर्माण गरे हामीलाई चाहिने अनगिन्ती औजारहरू । तिनै औजार प्रयोग गरेर तिनै आरनको भट्टामा आगोको फूलमा पोलेर बनाइएका गहना पहिरिएर तिनै आरनका दाइ र भाउजूलाई अछुत भन्ने धृष्टता समेत गरेको पाइयो । यो घोर अन्याय अन्त्य हुनुको साटो झनै विकराल हुँदै गएको छ । आगोका फूलले सजाएका सुनौलो हार गलामा टल्काएर सोही हार टल्काउने आगोका फूलका मालीलाई हेप्नेहरूलाई के भन्ने ? कानूनले भनेको नमान्ने, नैतिकता नमान्ने, मानवता पोलेर खाने, करुणा र दयालाई कुल्चनेहरूलाई आगोको फूलको कथा पढाउनु छ । सृष्टिको आरम्भ र सभ्यता निर्माणका वैज्ञानिक, परिश्रमीको श्रमको मूल्यबोध गर्न नसक्ने समाजलाई आगोको फूलको गीत बुझाउनु छ । क्रान्तिको ज्वालामुखीदेखि सगरमाथाको हिउँको थुप्रोसम्म आगोको फूलको सभ्यताको सुवास फैलाउनु छ । आगोको फूल फुलाउँदै आएका गौरविला पुर्खाका कर्मशील इतिहास र कर्मप्रेमीमाथि गरिएका विभेदका खातमाथि लात मार्दै नयाँ बिहानीको नयाँ कथाको सूत्रपात गर्नु छ ।

# तपाईँको परिचय ?



**– हेमराज अधिकारी**

आयोजकमध्येकै एक जनाले सोधे, "तपाईँको परिचय ? म झस्किएँ । मेरो परिचय ? म केही भन्न खोज्दै थिएँ । उहाँ भूतपूर्व कवि ! कार्यक्रममा निम्त्याइएका एक जना विशिष्ट अतिथिले बीचमै प्याच्च बोलिहाले । मैले केही बोल्नुपरेन, उनले मेरो परिचय दिइहाले ।

प्रश्नकर्ताले के बुझे, फेरि मेरो मुखतिर फर्केर पनि हेरेनन् । कार्यक्रम पनि चानचुने थिएन । तीन तीन दिनसम्म चल्ने पूर्वाञ्चलकै ठुलो साहित्यिक महोत्सव !

म बबुरालाई पनि आयोजकमध्येकै अर्का एक जना डाक्टर सापले निम्ता गरेका थिए । पछि बुझ्दा मलाई निम्ता गर्ने व्यक्ति त त्यत्रो महोत्सवका संयोजक नै पो रहेछन् ।

पहिलो दिनदेखि नै आवासीय रुपमा रहने अतिथि भनेर निम्ता पाए पनि म चाहिँ अन्तिम दिन अर्थात् समापनमा मात्र पुगेको थिएँ । बुढा बा संस्थापक, जेठा छोरा अध्यक्ष, माहिला छोरा कार्यक्रम संयोजक, अर्का छोरा कार्यपत्र प्रस्तोता, संयोजकका पीएच.डी. का शोध निर्देशक चाहिँ महोत्सवका प्रमुख अतिथि भएर महोत्सव आयोजना भएको रहेछ । सह आयोजकमा प्रज्ञा प्रतिष्ठान र प्रदेश सरकारको नाम लेखिएको थियो ।

तिनको भूमिका के थियो, त्यसबारेमा चासो राखिएन । आसन ग्रहण, खादामाला, दोसल्ला, सम्मान र एक-अर्काको प्रशंसा, गुणगान आदि महोत्सवका प्रमुख आकर्षण थिए ।

मेरो परिचय दिने व्यक्ति स्वनामधन्य कवि थिए । उनको कविता लेख्नभन्दा पनि लेख्न सिकाउने व्यक्तिका रूपमा ख्याति रहेको छ । म उनको ठुलो ऋणी रहेको छु । उनले मलाई ज्यादै ठुलो सङ्कटबाट बचाइदिए । नत्र म मेरै परिचयमा अल्झिरहने थिएँ ।

एकछिनका लागि त म आफ्नो परिचयको सङ्कटबाट मुक्त भएँ । तर कार्यक्रमभरि दर्शकदीर्घामा बसेको मलाई त्यही प्रश्नले लखेटिरह्यो । तपाईंको परिचय ?

अँ, साँच्चै मेरो परिचय के हो त ? के मेरो नाम थर अनि ठेगाना नै मेरो परिचय हो कि मेरा मित्रले औँल्याइदिएको भूतपूर्व कवि नै मेरो परिचय हो त ?

होइन भने ती आयोजकले पुनः मसँग जिज्ञासा किन राखेनन् ? के उनले मेरो परिचय पाइसकेर चुप लागेका होलान् त ? वास्तवमा म को हूँ ? मेरो परिचय के हो त ?

यस बारेमा सोच्न पाएकै छैन । मेरा धेरै साथीहरु कोही कवि, साहित्यकार, प्राध्यापक, प्राज्ञ, डाक्टर, पण्डित, नेता आदिका रुपमा परिचित छन् । उनीहरु जसरी जे भनेर चिनिएका छन्, के वास्तविक रुपमा उनीहरुको परिचय त्यही हो ? उनीहरुको त्यही हो परिचय भने मेरो चाहिँ के हो ? के म जस्ता औसत मान्छेको परिचय हुँदैन ? परिचय बिनाको मान्छे संसारमा हुँदैन ?

एकपटक स्वामी रामकृष्ण परमहंशकहाँ एकजना भक्त पुगेछन् । माता कालीको दर्शन गर्ने उनको ठुलो इच्छा रहेछ । धेरै समय कुरेपछि स्वामी रामकृष्णले सोधेछन्- तपाईंको पनि केही जिज्ञासा थियो कि ?

ती भक्तले भनेछन् - स्वामीजी, हजुर त कालीको परमभक्त हुनुहुन्छ, मातासँग कुरा पनि गर्नुहुन्छ । कृपा गरेर मलाई पनि काली माताको दर्शन गराइदिनुहोस् । स्वामीजी मुसुक्क मुस्कुराउनुभयो र भन्नुभयो, - तपाईको ठेगाना दिनसक्नुहुन्छ ? म त्यही ठेगानामा मातालाई पठाइदिन्छु । स्वामीजीका कुरा सुनेर भक्त ज्यादै खुसी भए । उनले हतार हतार एउटा कागजमा आफ्नो घरको ठेगाना लेखेर दिए अनि यो ठेगानामा कालीमाता कहिले आउनुहुन्छ ? -भनेर सोधे । यो त तपाईंका घरको ठेगाना हो, यसमा माता आउनुहुन्न ।

मैले तपाईँका घरको, अफिसको ठेगाना मागेको होइन । तपाईंको चाहिँ ठेगाना दिनुहोस् अनि मात्र कालीमाताले आएर दर्शन दिनुहुन्छ भनेपछि मात्र भक्त जिल्लिएर सोधे - त्यसो भए मेरो ठेगाना चाहिँ के हो त ? स्वामीजीले भन्नुभएछ, त्यो त तपाईँलाई नै थाहा होला, त्यो ठेगाना भएपछि माता आफैँ त्यहाँ आउनुहुन्छ । भक्तले बल्ल बुझे । परिचय मेरो होइन, म' को चाहिएको छ । भौतिक शरीर, रूप, नाम, स्थान र उपाधि परिचय हुन सक्दैन । परिचय मेरो होइन' म'को चाहिएको छ ।

म परिचयको खोजीमा छु । अहिलेसम्म आफ्नो परिचय पाएको छैन, तपाईंले आफ्नो परिचय पाउनुभयो कि छैन ? महोत्सव त सकियो तर आयोजकले सोधेको प्रश्न झन्‌झन् तिख्खर बनेर मस्तिष्कमा मडारिन्छ । र, सम्झन्छु आफ्नै कविताका यी हरफहरु-

चारै वेद पढेँ, पढेँ उपनिषद् सर्लक्क वेदान्त त्यो

सारा दर्शनको चुरो सब गर्में, पूर्वीय पाश्चात्यको ।

यो ब्रह्माण्ड बुझेँ रहेन अब क्यै भन्नेहरु ती पनि

आफैँ को हूँ भनेर चिन्न नसकी आफैँ घुमे फन्फनी


अहिले पनि दिमागमा ताजै छ "तपाईँको परिचय ?"

# बजारमा नयाँ कृति

● प्रतीक्षा रिजाल




## गान्धी र राम नाम




भुडीपुराण प्रकाशनद्वारा २०८२ मा प्रकाशित ' गान्धी र राम नाम' विचार र अनुभवहरूको सँगालो हो । कृतिका कृतिकार मधुसूदन पाण्डेय हुन् । यस कृतिमा पैँतालिस थान रचना छन् । विचार, चिन्तन र सोचसँग सम्बन्धित यी रचनाले मानिसको विचारलाई प्रवाहित गरेका छन् । अहिँसावादका पक्षपाती गान्धी सादा जीवन र उच्च विचारका पर्यायवाची हुन् । यी रचनाले मानिसलाई जीवन र जीवन पद्धति बारेमा सोच विचारमा निमग्न बन्न सहयोग पुर्‍याउँछन् । आजका मानिस अस्तव्यस्त जीवन बाँचिरहेका छन् । जीवनको मूल्यबोध हुन छाडेको छ । नेपाली पाठकहरूलाई यति राम्रो कृति उपलब्ध गराउनु भएकामा स्रष्टा पाण्डेयलाई हार्दिक बधाई !

## पाका मान्छेका कुरा





भुडीपुराण प्रकाशनद्वारा २०७९ मा प्रकाशित 'पाका मान्छेका कुरा' प्रा. डा. मुकेशकुमार चालिसेको जेष्ठनागरिकहरूको मनोविज्ञान समेटिएको पुस्तक हो । जन्म र मृत्यु शाश्वत कुरा हुन् । मानिसले यस धरामा जन्मलिएपछि एक पटक मर्नै पर्छ । आजसम्म कोही अजम्मरी हुन सकेको छैन । जीवनका विविध अवधी पार गर्दै मानिस बृद्धवस्थामा प्रवेश गर्छ । वृद्धावस्था अत्यन्तै कठीन भएको बुझाइ धेरैको छ । यिनै कुराहरूसँग सम्बन्धित भएर यो पुस्तक लेखिएको हो । उनीहरूलाई आदर, सत्कार र सम्मान गरिनु अपरिहार्य छ भन्ने चिारसँग पुस्तक सम्बन्धित छ । यो हामी सबैले पढ्नु पर्ने पुस्तक हो । यति राम्रो पुस्तकका लागि डा. चालिसेलाई हार्दिक बधाई !

## म हरेश खान थालेको छु




भुडीपुराण प्रकाशनद्वारा २०८२ मा प्रकाशित 'म हरेश खान थालेको छु' रामबाबु घिमिरेको निबन्ध कृति हो । २०४७ मा पहिलो पटक प्रकाशित यो पुस्तक २०८२ मा तेस्रो संस्करणका रूपमा बजारमा आएको छ । कृतिभित्र विभिन्न भाव र विचारका अठार निबन्ध सङ्गृहीत छन् । अधिकांश निबन्धहरूमा जीवन खोजिएको छ, जीवनको बाटो खोजिएको छ, तथा विचार र विश्वास खोजिएको छ । बग्दै गएको आस्था र थलिएको मनवता खोतल्ने काम पनि गरिएको छ । समग्रमा भन्दा यहाँका अधिकांश निबन्ध विचारभित्र अटाएका छन् । यति राम्रो निबन्ध कृतिका लागि सर्जक घिमिरेलाई हार्दिक बधाई र शुभकामना !

## निबन्ध सिद्धान्त र विश्लेषण




भुडीपुराण प्रकाशनद्वारा २०८० मा प्रकाशित 'निबन्ध सिद्धान्त र विश्लेषण' डा. रजनी ढकालद्वारा लिखित निबन्ध सम्बन्धी सैद्धान्तिक पुस्तक हो । यस पुस्तकभित्र निबन्धको सैद्धान्तिक परिचयका साथ नेपाली निबन्धको विकासक्रमको विश्लेषण गरिएको छ । साथै यात्रा साहित्यको सैद्धान्तिक परिचय र विकासक्रम पनि देखाइएको छ । उत्तरवर्ती नेपाली निबन्धको समाजशास्त्रीय र समकालीन नेपाली निबन्धमा चिन्तनको समेत उल्लेख भएको यो कृतिमा नेपाली भाषाका विभिन्न निबन्ध कृतिहरूको व्याख्या र विश्लेषण समेत गरिएको छ । निबन्ध सम्बन्धी यति राम्रो कृतिका लागि कृतिकार ढकाललाई हार्दिक बधाई र शुभकामना !

# टायर्ड नभएकै कारण रिटायर नभएको हुँ

## – दुर्गाप्रसाद श्रेष्ठ




वि.स.१९९५ माघ ५ गते धनुषाको सबेला बजारमा जन्मनु भएका दुर्गाप्रसाद श्रेष्ठ उमेरले ८८ वर्षको हुनुभयो । उहाँ साताको २/३ पटक रत्नपुस्तक भण्डार बागबजार र बागबजारस्थित पासाको चियापसलमा भेटिनुहुन्छ । त्यही पसलमा चिया र कफीको चुस्की लिँदै भेटिएका वा भेट्न आउने साथीभाइहरूसँग भाषा, साहित्य, संस्कृति र कलाका विषयमा कुराकानी गर्नुहुन्छ । आफूले देखे-भोगेका जीवनका विविध आरोह अवरोहको विश्लेषण गर्नुहुन्छ । हिजो र आजको तुलना गर्दै भविष्यको अनुमान गर्न समेत चुक्नुहुन्न । पासाकै पसलमा

बसेर मैले उहाँसँग भाषा, साहित्य र संस्कृतिका विषयमा कुराकानी गरेको छु । साहित्यिक पत्रकारिता मेरो पनि रुचिको विषय भएको तथा उहाँ साहित्यिक पत्रिका 'उदय'को सम्पादक भएका कारण साहित्यिक पत्रकारिताको इतिहास देखि वर्तमानसम्मका प्रसङ्ग थाहा पाएको छु ।

प्रत्येक भेटघाटमा उस्तै देखिनुहुने उहाँभित्रको उमङ्ग, जोश, जाँगर र हौसला देख्दा लाग्छ यस्तै ६५/६६ वर्षको हुनुभयो होला । वास्तविक उमेर बारे जो कोही अनुमान गर्न सक्दैनन् । उहाँ लामो समय बनारसमा बसोबास गर्नु भयो । नेपाली र हिन्दी दुवै भाषामा कलम चलाउनुहुने उहाँका दर्जन बढी कृति प्रकाशित छन् । ती कृति नेपाल र भारतका विश्वविद्यालयहरूमा पाठ्य पुस्तकमा समेत परेका छन् । पिता काशीबहादुर श्रेष्ठले वि.स. १९९५ मा प्रकाशन थाल्नु भएको साहित्यिक पत्रिका 'उदय' को सम्पादन/प्रकाशनको जिम्मेवारी पिताको निधन पछि उहाँले नै बहन गर्नु भएको थियो । यद्यपि अहिले सो पत्रिकाको प्रकाशन स्थगन छ ।

दुर्गापसाद श्रेष्ठका हजुरबा व्यापारका सिलसिलामा सन् १९३९ तिर बनारस पुग्नु भएको थियो । आज पनि बनारसमा उहाँहरूको आफ्नै पुर्ख्यौली घर छ । अझै पनि समय समयमा बनारस आवतजावत गरिरहनु हुन्छ । छोराको पहिलो र दोस्रो सन्तान जीवित नरहेपछि हजुरआमाले तेस्रो सन्तानका लागि दुर्गाको नाममा भाकल गरेर आफू जन्मिएका कारण नाम दुर्गा राखिएको उहाँ स्वयंको कथन छ । भाषा साहित्यसेवी दुर्गाप्रसाद श्रेष्ठ बहुमुखी प्रतिभा हुनुहुन्छ । २०२० सालमा निर्मित नेपालकै पहिलो चलचित्र 'आमा' को पटकथा र संवाद उहाँले नै लेख्नु भएको हो ।

'जीवन अति रमाइलो छ । रमाइलो पनि बनाउन जान्नु पर्छ । म आजसम्म रमाएरै बाँचिरहेको छु । अहिले पनि साहित्यिक कर्ममा सक्रिय छु । मेरो यो सक्रियता बाँचुन्जेल रहने छ । 'टायर्ड हुनेहरू मात्र रिटायर हुन्छन । टायर्ड नभएकै कारण म रिटायर नभएको हुँ ।' उहाँ सुनाउनु हुन्छ । 'हिजो मात्र नभएर आज पनि निरन्तर लेखिरहेछु र जीवनभर लेखिरहने सोच छ' श्रेष्ठ अगाडि थप्नु हुन्छ ।

'नवराजजी ! तपाईंले विगत ३४ वर्ष देखि 'नवप्रज्ञापन' साहित्यिक पत्रिका प्रकाशित गरिरहनु भएको छ । यो खुशीको कुरा हो । पिताजीले सुरुगर्नु भएको 'उदय'लाई मैले पनि लामो समयसम्म निरन्तरता दिएँ । अहिले सकिनँ यसर्थ पत्रिका बन्द छ । सम्भव भएसम्म 'नवप्रज्ञापन'लाई भविष्यमा पनि निरन्तरता दिइरहनु होला । तपाइँ र ' नवप्रज्ञापन' दुवैलाई मेरो तर्फबाट हार्दिक मङ्गलमय शुभकामना ।

# अतिथि सम्पादकको कलम



• बोधराज पौडेल

एकदिन नवराज दाजुले भन्नु भयो, भाइ नवप्रज्ञापनमा निबन्ध अङ्क निकालौँ । पछिल्लो समय निबन्ध नै बढी लेखिरहेको छु, यसर्थ हुन्छ भनेँ । सायद दाजुको प्रस्तावको आशय पनि यही थियो कि ....? साँचो अर्थमा यो मेरो लागि एउटा अवसर र सिकाइको केन्द्र थियो । त्यसपछि पहिलो अङ्कमा ककसका निबन्ध राख्ने एउटा खाका बनायौँ । निबन्धको छनोट गर्दा आत्मपरक मात्र राख्ने र क्रमशः विभिन्न भागमा सहभागी गराउँदै जाने योजना बनायौँ । यसो गर्दा न्यायको सिद्धान्त र अवसर बराबर हुने ठान्यौँ ।

यसको मुख्य उद्देश्य थियो छापामा पहुँच भएका र छापाको पहुँच नपुगेका दूरदराजका साहित्यकारका समेत रचना समेटियोस् । थाहा छैन यो सही गर्‍यौँ या भूल । जे होस् एउटा अङ्कका लागि यो कार्य नवीनतम नभए पनि निरन्तरताको एउटा अध्याय हो भन्ने लाग्यो ।

योजना अनुरूप रचना माग्ने कामको सुरुवात भयो । छनोट गरेका साहित्यकारलाई फोन सम्पर्क गरियो । धेरै अग्रज निबन्धकारहरूले यो प्रस्तावमा हौसला प्रदान गर्दै रचना दिनुभयो । केहीले रचना मागलाई आश्चर्यको भावले पनि हेर्नुभयो ।

++++

नदी जति तल पुग्छ उति ठुलो हुँदै जान्छ । बृक्ष फलले गर्दा नुहिन्छन् । म एउटा सानो बिरुवा हुर्काउन लागेछु भन्ने गर्वबोध गरिरहेको छु । आँखाले हेरेको क्षितिज मेरै माथिको डाँडामा अडिएको देखिन्छ । वास्तवमा त्यो डाँडामा पुग्दा अर्को डाँडामा अडिन पुग्छ । आखिर शंकर लामिछानेले प्याजको गुदी खोजेको यही कारणले होला ।

भावको संगम, विचारको प्रवाह हाम्रा रचनाको शक्ति हो । निबन्धमा देखिएको दृष्टिबिन्दू र भावको चमत्कारबारे सबैका विचार फरक-फरक हुन्छन् । तर, एउटा सङ्ग्रहमा सजिएपछि त्यसमा बहुरङ्गी भएर इन्द्रेणी देखिन्छ । यो केवल सौन्दर्य मात्र होइन, भाव, दर्शन र मिथकको त्रिवेणी पनि हो । भन्नु होला सप्तरङ्गी भनिसकेपछि त्यो त्रिवेणीको के अर्थ ? कुरा ठिकै पनि हो । तर, खास कुरा हाम्रो मन, विचार र सिर्जनाको केन्द्र पनि त त्रिवेणी नै हो नि, हैन् र ?

यसरी हेर्दा शब्द केही पनि होइन, त्यो केवल शब्दमात्र हो । तर, त्यो शब्दलाई लयमा बाँध्न, मुल सडक र गोरेटोमा बराबर हिँडाउन, अफ्ठ्यारोमा

उभिन र खुल्ला आकाशमा दौडने बनाउन कति धैर्य, कला र ज्ञान चाहिन्छ, त्यो म बिर्सन सक्दिनँ । यी यस्ता आशाका फूल हुन् जसलाई आँखाले नदेखेपनि नाकले सुगन्धको वासना लिइरहेको हुन्छ । त्यसपछि मात्र सुगन्धको खोज गर्छौं । यो अभियानलाई यतिमात्र बुझ्नु पर्छ ।

हिँड्दै गएपछि बाटो आफैँ बन्दै जान्छ । बाटो छैन भनेर नहिँडे हामी कहिँ पनि पुग्न सक्दैनौं । गोरेटो घोरेटो बन्छ । पछि घोरेटो राजमार्गमा परिणत हुन्छ । खुट्टाले हिँडिरहेका आँखाले सयौं गाडीको लावालस्कर देख्छ । आखिर यो हिँड्न गरेको अभिप्रेरणाको उपज हो । फरक यति छ कि कहिलेकाहीँ रोजेको साधनले गन्तब्यलाई सहज पार्न सक्दैन । यो अपवाद हो । यहि विषयलाई संझेर यात्रा नै नगर्ने भन्ने कुरा आउदैन ।

खोज गर्नेहरूले संसार जिते । अनुसन्धानको एउटा नियम छ त्यो सधैं सफल हुँदैन । तर, जति असफल भए पनि एउटा मानक निर्माण गरेर जान्छ । यही विज्ञानको सिद्धान्त हो । यसको अनुसरण गर्नु नै पर्छ । हरेक बस्तुले रासायनिक प्रतिक्रिया गर्छन् । फलतः एउटा रूपमा रहेका ती तत्वहरू फरक-फरक रूपमा विभक्त हुन्छन् । यसलाई चमत्कार भन्ने वा रासायनिक गुण ? सत्य त विज्ञानले जे भन्छ हामीले त्यही मान्नु पर्छ । विज्ञान भन्दा बलियो प्रमाण अरु फेला परेको पनि त छैन ।

मैले सिकेको केही छैन् । सिकेर जीवन थाक्न सक्दैन पनि । उड्दै गएको चराले सधैं समुह नै खोज्छ, बास बस्नका लागि । चाहे आहाराका लागि जति टाढा पुगेको किन नहोस् । यो साहराका लागि भन्दा पनि समूहगत प्रेम हो । जहाँ एकता र भातृत्व बाँचिरहेको हुन्छ । गुँडमा बस्नेले पनि सन्तान र गुँडको संरक्षण गर्छन् । फरक के छ भने चरा नै भए पनि रुखमा बस्नेले भुइँमा र भुइँमा बस्नेले रुखमा फुल पार्न सक्दैनन् । यो प्राकृतिक नियम हो । हरेक औंलाको लम्बाइ र आकार बराबर नभएका कारण हातले सजिलोसँग समाउन सक्छ । यी औंला बराबर हुँदा हुन त हाम्रो समाउने तरिका पनि फरक हुने थियो ।

एकैपटक नदीमा रहेका सबै माछालाई समाउन सकिँदैन । हामीलाई पनि त्यस्तै भयो । धेरै निबन्धकारलाई समेट्ने मनसुवा भए पनि विविध कारणले सकिएन । निबन्ध विशेषको यो पहिलो भाग हो । पछि अन्य भागमा समेट्ने प्रयास हुनेछ । १०० अङ्क पछि नवप्रज्ञापन यही बाटोमा हिँड्न थालेको छ । यस अङ्का लागि रचना उपलब्ध गराएर सहयोग गर्नुहुने सम्पूर्ण अग्रजहरूमा आभार व्यक्त गर्दछु ।

नवराज दाजु, तपाईंले मलाई विश्वासको ठुलो भारी बोकाउनु भयो । हजुरले प्रेमपूर्वक सुम्पनु भएको काम जिम्मेवारीपूर्वक बहन गर्न सकेँ सकिनँ, आफैँ मुल्याङ्कन गर्नुहोला । मलाई यो अवसर प्रदान गर्नु भएकोमा भने म तपाईंलगायत नवप्रज्ञापन परिवारप्रति सधैँ आभारी र ऋणी रहने छु ।

# जीतपुर–सिमरा उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, जीतपुर, बारा

# नगरवासी महानुभावहरूमा अनुरोध

- हाम्रो जीतपुर-सिमरा र राम्रो जीतपुर-सिमराका लागि आफूले सकेको योगदान गरौँ
- तपाईँ हामी बस्ने सफा सुग्घर र शान्त हाम्रो उपमहानगर, राम्रो उपमहानगर
- हामीले हाम्रो उपमहानगर राम्रो बनाउन सके मात्र हामी राम्रो हुनसक्छौँ
- भान्छाबाट निस्कने कुहिने खालका वस्तुहरू घरको एउटा कुनामा खाल्डो खनेर राखौं । नकुहिने वस्तुहरू मात्र फोहोरको रूपमा घरभित्रै संकलन गर्ने बानी बसालौं ।
- सडक र नालीमा थुप्रिएको फोहोरबाट दुर्गन्ध फैलिएकोले जहाँ तहीँ फोहोर नफालौं । आफ्नो घर अगाडिको नाला आफैले सफा गरौं ।
- बाटो, नाला, चोक, गल्ली जतातत्तै फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं । सभ्य बनौं । सभ्यताको परिचय दिऔं ।
- सरल र सर्वसुलभ रूपमा उपलब्ध हुने सिमेन्टका बोरा प्रयोगमा ल्याएर फोहोर सङ्कलन गर्ने वस्तुको उपयोग गरी बिना लगानी सरसफाईको व्यवस्थापन गरौं ।
- बजारबाट सामान ल्याएका प्लास्टिकका झोला घरभित्रै संकलन गरी राख्ने बानी बसाली केही दिनपछि त्यस्ता संकलित झोला पसलमा नै फिर्ता गर्ने बानी बसालौं । अन्य प्लास्टिकजन्य वस्तुहरू (चाउचाउको खोल, प्याकिङ आदि) घर कम्पाण्डभित्रै बोरामा संकलन गरी नगरपालिकाबाट आएको फोहोर संकलन कर्तालाई दिने बानी बसालौं ।
- वनको संरक्षण गरौं । खाली पर्ति जमीनमा वृक्षा । रोपण गरौं । वनसँग जीवनको सम्बन्ध भएकाले जीवन बाँच्ने आधार खोजौं । प्राकृतिक जडिबुटीहरूको संरक्षण गरौं । जथाभावी रूपमा रूख नकाटौं । मानिस र वनको एकआपसमा सम्बन्ध हुने भएकाले यसलाई आफ्नो जीवनजत्तिकै माया गरौं । आफू मात्र बाँच्ने हैन सन्ततीलाई पनि बाँच्ने आधार दिउँ ।
- हरेक चाडपर्व एवम् सांस्कृतिक परम्पराहरू देशका राष्ट्रिय पहिचान हुन् । यस्ता कुराहरूको अन्त्य हुनु भनेको राष्ट्रिय पहिचान गुम्नु हो । राष्ट्रिय पहिचानको जगेर्नाका लागि पनि चाडपर्व एवं सांस्कृतिक परम्पराको प्रवर्द्धन र सम्बर्द्धन गर्नु हाम्रो नैतिक दायित्व हो ।
- देशमा शान्ति, सुव्यवस्था र विकास सबै नेपालीहरूको चाहना हो । यसप्रति प्रतिबद्ध हुनु नेपालीहरूको कर्तव्य हो ।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं । यी सामूहिक धरोहर हामी सबैको हो । यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौं ।
- यसरी घरबाट निस्कने ८० प्रतिशत फोहोर घरभित्रै व्यवस्थापन हुने हुँदा कुचिकार, ट्याक्टर, डम्पिङ साइटको बचत, इन्धन खर्चमा बचत भई बचत भएको रकम विकास निर्माणमा लगाई नगरको विकासमा टेवा दिऔँ ।

# प्रविधिको प्रयोग व्यवस्थित गरौं

- प्रविधिको प्रयोगलाई आवश्यक र उद्देश्यपूर्ण बनाऔं,
- परिवार र साथीभाइसँग प्रत्यक्ष संवाद र समय बिताउने बानी बसालौं,
- सामाजिक सञ्जालको जिम्मेवारीपूर्ण र मर्यादित प्रयोग गरौं,
- पारिवारिक सामाजिक सम्बन्धलाई प्राथमिकता दिऔं,
- डिजिटल उपकरणको अत्यधिक प्रयोगबाट हुने नकारात्मक असरप्रति सचेत बनौं,
- बालबालिकालाई सुरक्षित, सन्तुलित र सिर्जनात्मक प्रविधि प्रयोगमा अभिप्रेरित गरौं,
- व्यक्तिगत गोपनीयता र साइबर सुरक्षामा विशेष ध्यान दिऔं,
- प्रविधिलाई मानव सम्बन्ध, शिक्षा, सेवा र विकासको सशक्त माध्यमका रुपमा प्रयोग गरौं ।

प्रविधिको सही प्रयोग गरौं, मानविय सम्बन्ध बलियो बनाऔं ।

नेपाल सरकार

## विज्ञापन बोर्ड